# रातो खबर साप्ताहिक

Ratokhabar weekly




ऋषिराम कट्टेल
अध्यक्ष, नेपाल कम्युनिस्ट पार्टी

अन्तर्वार्ता, पृष्ठ ३

वर्ष ६, अङ्क ९, पूर्णाङ्क २४२ | २०७७ असोज ७ गते बुधबार | Wednesday, 23 Sep 2020 | www.eratokhabar.com | मूल्य रु. १०

## पुरानो संविधान र राज्यसत्ता असफल, नयाँ आधारमा नयाँ पहल आवश्यक : विप्लव

■ **अम्बिका चन्द**/काठमाडौं

वर्तमान संविधान र सत्ताले राष्ट्र र राष्ट्रियताको रक्षा तथा जनताका आधारभूत अधिकारहरूको ग्यारेन्टी गर्न नसक्ने भन्दै दलाल पुँजीवादी राज्यसत्ता पूर्ण रूपमा असफल भएको निष्कर्षसहित विद्रोही नेपाल कम्युनिस्ट पार्टीले आमूल परिवर्तनका लागि नयाँ आधारमा नयाँ पहल आवश्यक भएको बताएको छ।

नेकपाका महासचिव विप्लवले प्रेस विज्ञप्ति जारी गर्दै वर्तमान दलाल पुँजीवादी राज्यसत्ता पूर्ण रूपमा असफल भइसकेकाले सत्ताको पूर्ण परिवर्तनका लागि पहल लिन सबै अग्रगामी, प्रगतिशील, जनवादी, देशभक्त, लोकतान्त्रिक शक्तिहरूसमक्ष आह्वान गरेका छन्।

महासचिव विप्लवले आइतबार जारी गरेको प्रेस विज्ञप्तिमा देशको कुशासन, भ्रष्टाचार, राष्ट्रघातलगायत सङ्कटले दलाल पुँजीवादी राज्यसत्ताको असफलता पुष्टि गरेको निष्कर्ष पनि प्रस्तुत गरेका छन्। वर्तमान देशका आधारभूत समस्याहरू हल गर्न नसक्नु, देशमा भ्रष्टाचार, हत्या, हिंसा बढ्नु, राष्ट्रियता र सीमाका समस्याहरू झन् गहिरिँदै जानु यो असफलता र





संसारका श्रमजीवी तथा उत्पीडित जनता - एकजुट होऔं ! मार्क्सवाद-लेनिनवाद-माओवाद – जिन्दावाद !!

नेपाल कम्युनिस्ट पार्टी
Communist Party of Nepal
केन्द्रीय समिति
Central Committee

प.सं./Serial No.:-
च.नं./Regd. No.:-

मितिः ४ असोज, २०७७

**प्रेस विज्ञप्ति**

आज देशको कुशासन, भ्रष्टाचार, राष्ट्रघातलगायत सङ्कटले दलाल पुंजीवादी राज्यसत्ताको असफलता पुष्टि गरेको छ। यो असफलता र सङ्कटको निकास संविधान संशोधन वा परिमार्जन नभएर राज्यव्यवस्थाको परिवर्तन हो। तसर्थ सबै अग्रगामी, प्रगतिशील, जनवादी, देशभक्त, लोकतान्त्रिक शक्तिहरूले राज्यसत्ताको पूर्ण परिवर्तनका लागि नयाँ आधारमा नयाँ पहल गर्न अत्यन्त जरुरी हुन गएको छ। हामो पार्टी सबैलाई यस दिशामा अग्रसर हुन विशेष आग्रह गर्दछ।

विप्लव
महासचिव
नेपाल कम्युनिस्ट पार्टी

सङ्कटको निकास संविधान संशोधन वा परिमार्जन नभएर राज्यव्यवस्थाको नै परिवर्तन भएको महासचिव विप्लवको निष्कर्ष छ।

वर्तमान संविधानप्रतिको वितृष्णा र विरोधको स्वर बलियो हुँदै गएको, सत्ताको चरित्र दलाल बन्दै गएको तथा वर्तमान राज्यव्यवस्थाको विकल्पको खोजी गर्नुपर्छ भन्ने शक्ति बलियो बन्दै गैरहेको सन्दर्भमा विद्रोही पार्टीका महासचिव विप्लवले सबै अग्रगामी, प्रगतिशील, जनवादी, देशभक्त, लोकतान्त्रिक शक्तिहरूले राज्यसत्ताको पूर्ण परिवर्तनका लागि नयाँ आधारमा नयाँ पहल गर्न अत्यन्त जरुरी भएकाले सबैलाई यस दिशामा अग्रसर हुन विशेष आग्रह पनि गरेका छन्।

नेपालमा १० वर्षसम्म चलेको महान् जनयुद्ध र त्यसको बलमा भएको १९ दिने जनआन्दोलनपछि संविधानसभा गठन भएको थियो। जनअनुमोदित पहिलो संविधानसभाको अवसानपछि दोस्रोपटक गठन गरिएको कठपुतली

... बाँकी पृष्ठ ७ मा

## गिरफ्तार नेता–कार्यकर्ता र सर्वसाधारणलाई रिहा गर : नेकपा

नेपाल कम्युनिस्ट पार्टी मकवानपुरले आफ्नो पार्टीका जिल्ला सदस्य गुणसिंह रुम्बा र साधारण जनता दिनेश लामालाई प्रहरीले गिरफ्तार गरेको भन्दै रिहाइको माग गरेको छ।

नेकपाका मकवानपुर जिल्ला इन्चार्ज जमिनले सोमबार प्रेस विज्ञप्ति जारी गर्दै कोरोना नियन्त्रण र रोकथाममा असफल बनेको सरकारले आफ्नो पार्टीका नेता-कार्यकर्ताहरूलाई गिरफ्तार गर्ने र दुःख दिने गरेको भन्दै उक्त कार्यको भर्त्सना गरेका छन्।

जिल्ला इन्चार्ज

... बाँकी पृष्ठ ७ मा

## बैङ्क र वित्तीय संस्थाहरूलाई जबर्जस्ती ब्याज र किस्ता नउठाउन नेकपाको निर्देशन

नेपाल कम्युनिस्ट पार्टी अछामले कोरोना महामारीका कारण जनताको जीवन आर्थिक अभावको चपेटामा परेकाले सबै स्थिति सहज नहुँदासम्म विभिन्न बैङ्क र वित्तीय संस्थाहरूलाई जबर्जस्ती ब्याज र किस्ता नउठाउन निर्देशन जारी गरेको छ।

नेकपाका जिल्ला इन्चार्ज नवीन र सेक्रेटरी आखिरले सोमबार प्रेस विज्ञप्ति जारी गरी पार्टीको निर्देशन अटेर गरेर डिप्रोस

... बाँकी पृष्ठ ७ मा

## तीन दिनभित्र खर्च विवरण सार्वजनिक गर्न स्थानीय तहहरूलाई नेकपाको आदेश

■ **झनक श्रेष्ठ**/काठमाडौं

नेपाल कम्युनिस्ट पार्टी झापाले जिल्लाका स्थानीय तहहरूले कोरोना महामारीको कारण देखाउँदै करोडौं रकम हिनामिना गरेको भन्दै तीन दिनभित्र खर्च विवरण सार्वजनिक गर्न आदेश दिएको छ।

नेकपाका जिल्ला सेक्रेटरी श्रीजङ्गले विज्ञप्ति जारी गर्दै तीन दिनभित्र कोरोना उपचार तथा व्यवस्थापनमा भएको खर्च विवरण सबै स्थानीय तहमार्फत सार्वजनिक गर्न आदेश दिएका हुन्।

त्यस्तै झापाका विभिन्न स्थानीय तहका निजी तथा सामुदायिक शिक्षण संस्थाहरूले तत्काल शुल्क तिर्न भनेर अभिभावकहरूलाई ताकेता गरिरहेको जानकारी प्राप्त भएको भन्दै उक्त कार्य तुरुन्तै बन्द गर्नसमेत उनले विज्ञप्तिमार्फत चेतावनी दिएका छन्। आइतबार साँझ जारी गरिएको विज्ञप्तिमा बैङ्क तथा लघुवित्तहरूले मध्यमवर्गीय गुजारामुखी व्यवसायीहरूलाई किस्ता र ब्याजको ताकेता गरेर चर्को समस्या पैदा गरेको हुनाले उक्त काम तुरुन्तै बन्द गर्नसमेत आग्रह गर्दै अटेर गरे पार्टीको नेतृत्वमा जनताले कडा कारबाही गर्ने चेतावनीसमेत दिइएको छ।

विज्ञप्तिमा भनिएको छ, 'यतिबेला कथित कम्युनिस्ट पार्टीको माफिया सरकार राष्ट्र र जनताको जीवनलाई सङ्कटको आगोमा हालेर छट्पटाहट थोपरिरहेको छ। घरघरमा सरकारको प्रत्याभूति गराउँछौं भन्नेहरूको लुटखसोट र बेइमानीले प्रताडित जनता वाक्कदिक्क छन्। सरकारी लुटेरा समूहको लुटले जनता प्रताडित भइरहँदा यता झापामा पनि लुटखसोटले जनता पिल्सिन पुगेका छन्।'

नेकपाले विज्ञप्तिमा झापाका जनप्रतिनिधिहरू र अन्य निकायहरूका लुटेराहरूले गरिरहेको भ्रष्टाचार र बेथितिका विषयहरूमा

... बाँकी पृष्ठ ७ मा

## यथास्थितिमा निर्वाचन हुन सक्दैन : कर्मचारी महासङ्घ

■ **भीमप्रसाद चापागाईं**/काठमाडौं

राष्ट्रिय कर्मचारी महासङ्घ नेपालले सरकारले अगामी असोज २४ गते निजामती कर्मचारीहरूको आधिकारिक ट्रेड युनियनको निर्वाचन घोषणा गरेको वबषयमा गम्भिर ध्यानाकर्षण भएको जनाएको छ।

कोरोना भाइरस (कोभिड १९) बाट देश नै आक्रान्त र जनता भयभीत भइरहेको अवस्थामा राष्ट्रसेवक कर्मचारीहरू जनसेवामा समर्पित हुनुपर्ने बेला र देशको यस्तो विषम परिस्थितिमा सरकार आफैंले भेला, सम्मेलन, तालिम गोष्ठीसमेत नगर्न आग्रह गरिरहेकै बेला निजामती कर्मचारीहरूको आधिकारिक ट्रेड युनियनको निर्वाचनप्रक्रिया अगाडि बढाउनु कुनै पनि प्रकारले सान्दर्भिक नदेखिएको महासङ्घले जनाएको छ।

अध्यक्ष टोपबहादुर बानियाँ र महासचिव अमरसिंह ओलीले शुक्रबार प्रेस विज्ञप्ति जारी गर्दै नेपाल सरकारलाई कोभिड १९ सङ्क्रमित जनताको उपचारमा खर्च जुटाउनसमेत धौधौ परेको अवस्थामा आर्थिक रूपले सङ्कट परिरहेको थाहा हुँदाहुँदै निर्वाचनका लागि राज्यकोषबाट अनावश्यक खर्च गर्नु उपयुक्त नहुने उल्लेख छ।

कर्मचारी प्रशासनसमेत सङ्घ, प्रदेश र स्थानीय

... बाँकी पृष्ठ ७ मा

## सतर्कता अपनाउँदै शैक्षिक संस्था सञ्चालन गर्न विद्यार्थी सङ्गठनहरूको माग

■ **जिपी चौलागाईं**/काठमाडौं

देशमा क्रियाशील विभिन्न विद्यार्थी सङ्गठनहरूले कोरोना भाइरस तत्काल नियन्त्रण नहुने, अझै एक-दुई वर्ष रहने प्रक्षेपण गरिएको र वैकल्पिक सिकाइ पनि प्रभावकारी नभएकाले आवश्यक सतर्कता अपनाउँदै विद्यालय, क्याम्पस र विश्वविद्यालयको पठनपाठन सञ्चालनको वातावरण बनाउन आग्रह गरेका छन्।

काठमाडौंमा मङ्गलबार बसेको विभिन्न १३ विद्यार्थी सङ्गठनको बैठकले कक्षा १२ सहित क्याम्पस तथा विश्वविद्यालय तहका नियमित तथा रोकिएका परीक्षा सञ्चालनको ठोस मापदण्ड र योजना बनाई परीक्षा सञ्चालन गर्न अनुरोध गरेको हो।

विभिन्न विद्यार्थी सङ्गठनहरूद्वारा जारी संयुक्त विज्ञप्तिमा कोरोनाका कारण अलपत्र परेका विद्यार्थी र निजी विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीहरूको तलबको व्यवस्था गर्न पनि सरकारसँग माग गरिएको छ। यस्तै विद्यालय सञ्चालन नहुँदै निजी विद्यालयहरूले विद्यार्थीहरूबाट चर्को शुल्क असुलेको भन्दै त्यस्ता विद्यालयहरूलाई कारबाही गर्न पनि विज्ञप्तिमा माग गरिएको छ।

त्यस्तै पोखरा, नेपाल संस्कृत, कृषि तथा बन विद्यालयमा पदाधिकारी नियुक्त नहुँदा कामकारबाही अस्तव्यस्त भएको भन्दै खुला प्रतिस्पर्धाका आधारमा पदाधिकारी नियुक्त गर्न माग गरिएको छ। विज्ञप्तिमा छात्रवृत्ति दोब्बर वृद्धि गरी वैज्ञानिक र व्यावहारिक मापदण्ड बनाएर पारदर्शी ढङ्गले कार्यान्वयन गर्न माग गर्दै सीटीईभीटीले प्रवेशपरीक्षा नलिई जीपीएका आधारमा भर्ना गर्ने सूचना जारी गरेको र

... बाँकी पृष्ठ ७ मा

## एमसीसी पारित भए देश शक्तिराष्ट्रहरूको युद्धभूमि बन्छ : किरण

■ **गोपाल गिरी**/काठमाडौं

नेकपा (क्रान्तिकारी माओवादी) का महासचिव मोहन वैद्य 'किरण' ले एमसीसी सम्झौता हिन्द-प्रशान्त क्षेत्रमा आफ्नो हैकम विस्तार गर्न र प्रमुख प्रतिस्पर्धी चीनलाई घेरा हाल्न अमेरिकी साम्राज्यवादले तयार पारेको हिन्द-प्रशान्त सैन्य रणनीतिको एउटा अभिन्न अङ्ग भएकाले नेपालमा यो सम्झौता पारित भएर लागू भएको खण्डमा देशको राष्ट्रिय स्वाधीनता गुम्ने मात्र नभई नेपाल अमेरिका र चीनको युद्धभूमि बन्ने चेतावनी दिएका छन्।

किरणले शनिबार प्रेस विज्ञप्ति जारी गर्दै नेपाली जनता र सरकारी पार्टीका देशभक्तहरूले समेत चर्को विरोध गरेका कारण एमसीसी सम्झौतालाई संसद्बाट अनुमोदन गराउनका लागि सरकारले संसद्को गत अधिवेशनमा निर्णयार्थ पेस गर्न नसकेको बताएका छन्। फेरि अहिले अमेरिकी दलालहरूले राष्ट्रिय



हितविपरीत रहेका सबै बुँदा परिमार्जन गराइयो भन्ने बहाना बनाई जनतामा भ्रमको खेती गरेर एमसीसी सम्झौतालाई संसद्को आउने

... बाँकी पृष्ठ ७ मा

## 'केरा र लौरी'

**देश/परिवेश**

■ धर्मेन्द्र बास्तोला 'कञ्चन'



केपी वलीले कुनै समयमा भनेका थिए, 'केही मानिसहरूसँग ठीक किसिमले व्यवहार गर्न बाँदरलाई जस्तै 'एक हातमा केरा र अर्को हातमा लौरी' लिनुपर्छ, जस्तोसुकै अवस्थामा पनि उनीहरूलाई ठीक पार्न सकिन्छ।' सत्ता रक्षाका लागि शासक वर्गले मानिसप्रति व्यवहार गर्ने धूर्त सामन्त र पुँजीवादीहरूको असली तरिका हो यो। यो तरिका केपी वली र उनको सरकारले सिद्धान्तका रूपमा प्रयोग गरेको छ र त्यसमा सत्ताको तागतमा क्षणिक सफलता पनि प्राप्त गरेको छ।

यद्यपि यो सिद्धान्त नितान्त केपी वलीले प्रतिपादन गरेको भने होइन, पूर्वीय राजनीतिक सिद्धान्तकार चाणक्यदेखि पश्चिमा राजनीतिक सिद्धान्तकार म्याकियाबेलीसम्म सबै सामन्तहरू र पूर्वी राजनीतिज्ञ सुहार्तोदेखि पश्चिमा राजनीतिज्ञ रेगनसम्मका पुँजीवादीहरूले प्रयोग गरेका हुन्। दक्षिणएसिया र नेपालमै पनि केपी मात्रै यो नीतिका पहिलो प्रयोगकर्ता अवश्य होइनन्। भारतका नेहरूदेखि नेपालका महेन्द्रसम्मका सबै शासकहरूले यही विधिको प्रयोग गरेका थिए। अहिले नेपालमा केपी वलीले त्यही विधिको प्रयोग गरेका छन् जुन विश्वका फासिस्ट तानाशाहहरू, सामन्त र पुँजीवादीहरूले प्रयोग गर्थे।

सामाजिक दलाल पुँजीवादको प्रतिनिधित्व गर्ने सरकारी कम्युनिस्ट पार्टीभित्रको अन्तरसङ्घर्ष जसलाई कुर्सीको किचलोभन्दा सटिक अभिव्यक्ति हुनसक्छ, त्यसमा यो विधिको राम्रो प्रयोग गरियो। यो प्रयोगका प्रयोगशालाका पात्रहरू प्रचण्ड, वामदेव, माधव नेपाल र झलनाथहरू हुन पुगे।

कुनै राज्य सभ्य र जननियन्त्रित हुने हो भने त्यहाँ समस्त मानव जातिको उ□ति र प्रगतिका लागि राज्यसत्ताको न्यायोचित प्रयोग गर्ने नीति सत्तासीनहरूको केन्द्रीय काम हुन पुग्छ। सत्ताको असभ्यता र पशुवत् व्यवहार त्यतिबेला प्रकट हुन्छ जब सत्तासीनहरूले परिस्थितिको दासताभित्र देशबासीमा असमान व्यवहार गर्छन्। केपी वलीको सत्तामा देखिने पशुवत् न्यायप्रणाली, संसद्वादी नेकपाभित्रको किचलो, पार्टीभित्र र बहिर गरिने असमान व्यवहार सामाजिक दलाल पुँजीवादी राजनीतिक सारमा केपी वली र उनको सरकारले प्रयोग गरेको 'केरा र लौरी' को नीतिमा देखा पर्छ जुन दलाल पुँजीवादी उत्पादन सम्बन्धमा रहेको नेपालमा संसद्वादी व्यवस्थामा देखिने अनिवार्य सर्त हो र त्यो परिस्थितिको दासताको परिणाम हो।

यो प्रयोगशालामा प्रयोग भएका कर्ताहरूको कुरा रोचक छ। पहिलो पात्र वामदेव गौतम हुन् जसले सत्ताको कुर्सीबिना प्राण फुस्कने

... बाँकी पृष्ठ ६ मा

## सम्पादकीय

# खाली पेटमा लाठी र अघाएकाको शिरमा फूलको वर्षा

असोज ३ गते खुलामञ्चमा वर्तमान राज्यसत्ता र सरकारको चरित्र छर्लङ्ग देखाउने दुईवटा दृश्य देखिए : सहिद मञ्चतिर खाली पेटमा रित्तो थाल लिएका कयौँ मानिस एक छाक खानाका लागि कुरिरहेका थिए। त्यहीँ सँगै अर्कोतिर सैनिक मञ्चपट्टि केही केपी वली, पुष्पकमल दाहाल र विद्या भण्डारीहरू आफूमाथि पुष्पवर्षा गराइरहेका थिए र ती भोको पेटमा रित्ता थाल थापेर खाना पर्खिरहेका मानिसलाई लाठी र बुट दागेर लखेटिरहेका थिए। हो, यो आजको नेपालको दृश्य हो। काठमाडौँको सिंहदरबारनजिकैको यस्तो दृश्य देशका सबै ठाउँमा देखिइरहेको छ। वली, दाहाल र भण्डारी अर्थात् शासक वर्गका मानिसहरू राज्यकोष खर्चेर आफ्ना टाउकामा पुष्पवृष्टि गराइरहेका छन्। भ्रष्टाचार, कमिसन, लूट, महँगी र तस्करीमा रमाइरहेका छन् भने अर्कातिर श्रमिक नेपाली जनता रोग, भोक र शोकले छट्पटाइरहेका छन् र टाउकामा लाठी थापिरहेका छन्। मलाई भोक लाग्यो भनेर कसैले भन्नु हुँदैन, खाना खोज्नु हुँदैन, लाठी बर्सिन्छ। मलाई रोग लाग्यो भनेर कसैले उपचारको खोजी गर्नु हुँदैन, सङ्गीनले घोचिन्छ। देशमा महँगी बढ्यो, तस्करी मौलायो। भ्रष्टाचारले ढाड सेक्यो। एनसेलको दादागिरी चल्यो। एमसीसी पारित गर्दा राष्ट्रघात हुन्छ। भारतीय साम्राज्यवादले देश मिच्यो भनेर चिन्ता गर्नु हुँदैन, प्रतिबन्ध लाग्छ, गोली चल्छ। हिरासत र जेलको छिँडीको बास पाइन्छ। झूट्टा मुद्दाहरूमा फसाइन्छ र घरमा नक्कली मुद्दाका पुर्जीहरू टाँसिन्छन्। मुलुकको हाल यही छ।

मुलुकको दुर्दशा छ। केपी वलीले कसैलाई पनि भोकै बस्न नदिने ऐलान गरेका छन् तर एकातिर जनता भोकभोकै सडकमा एक पेट खानका लागि लाम लागिरहेछन्, अर्कातिर उनै केपी वलीको सरकार ती जनतामाथि लाठी बर्साउँदै र जनता भोकै छैनन् भन्दै कथित संविधान दिवसमा आतिसबाजी गर्दै आफूलाई पुष्पवृष्टि गराइरहेका छन्। मानौँ रोम जलिरहेको छ र राजा निरो मस्त बाँसुरी बजाइरहेको छ, सङ्गीतमा भुलिरहेको छ। यस्ता बीभत्स दृश्यहरू जनताले कहिलेसम्म देखिरहनुपर्ने हो, सहिरहनुपर्ने हो। सडकमा जनता माग्न बसेका छन्, वलीहरू आफैँलाई पुष्पवृष्टि गर्न आदेश दिइरहेका घटना जनताले देख्नु र भोग्नु परिरहेको छ!

केपी वलीलाई थाहा छैन ? महँगीले आकाश छोएको छ। आफू पनि भ्रष्टाचार गर्दिनँ र हुन पनि दिन्नँ भन्ने वली सरकार भ्रष्टाचारमा चुर्लुम्म डुबेको छ। भ्रष्टाचारमा शून्य सहनशीलता भद्दा जोकशिवाय केही होइन भन्ने प्रमाणित भइसकेको छ। कोरोनाले देशलाई लपेटिरहेको समयमा वली सरकारले यातायात, बजार र मलहरूलाई फुक्काफाल गरेर मृत्युको पासो थापिदिएको छ। घर छोडेर नहिँडौँ, मुखमा माड नलागेको महिनौँ भइसकेको छ। बाहिर निस्कौँ, कोरोना फँडा फिँजाएर आफैँतिर आइरहेको छ। काम गरेर खाने वातावरण छैन। सुरक्षित घर र देश फर्किने वातावरण छैन। बिनायोजना दोब्बर भाडा बढाउने निर्देशन दिएर वली सरकारले लामो दूरीका गाडी खोलिदिएको छ। कोरोना सङ्क्रमण दैनिक बढिरहेको छ। कोरोनाको बहानामा देशभरका वली सरकारका अवयवहरू भ्रष्टाचारमा स्नान गरिरहेका छन्। विद्रोहीलाई दमन गर्नेबाहेक वली सरकारका सुशासन र अनुगमनका अङ्ग र निकायहरू मरिसकेका छन्। अन्यथा कोरोनाका नाउँमा वली सरकारका सबै तहमा भएको भ्रष्टाचार र बेथिति अनुगमन हुनुपर्थ्यो। सरकार पूर्ण रूपले असफल भइसकेपछि विद्रोही नेकपाले वली सरकारका स्थानीय तहसँग खर्च विवरण सार्वजनिक गर्न आदेश दिनुपरेको छ।

मन्त्रीहरू, सांसदहरू, प्रशासकहरू लकडाउन, सटडाउन र निषेधाज्ञाको फरमान जारी गरेर भ्रष्टाचार र कमिसनतिर लागेपछि जनताका लागि सरकार छैन। सामाजिक अभियन्ता नरबहादुर कार्कीहरू जनताको घरघरमा रासन लिएर पुगेका छन्। नेकपाका कार्यकर्ताहरू रगतदान गर्दै हिँडेका छन्। कुनै समय यस्तो पनि आउला, क्रान्तिकारीको रगत चल्दैन भनेर केपी वली सरकारले अकाल मृत्युवरण गरिरहेका जनतालाई बचाउन युवाहरूले गरेको रगतदान कार्यक्रम पनि बन्द गरिदेला र जनतालाई सहायता/सहयोग गर्दाजस्तै रगतदान गर्नेहरूलाई पनि गिरफ्तार गरेर हिरासत र जेलमा पुऱ्याइदेला। सत्ता उन्मादले मैमत्त केपी र उनका अनुचरहरूको के भर ?!

देशको यही सङ्कटपूर्ण अवस्थालाई सूक्ष्म अध्ययन गरी नेपाल कम्युनिस्ट पार्टीका महासचिव विप्लवले भनेका छन् : दलाल पुँजीवादी राज्यसत्ता पूर्ण रूपमा असफल भइसक्यो। अब पूर्ण परिवर्तनका लागि नयाँ आधारमा नयाँ पहल आवश्यक छ। उनले वर्तमान दलाल पुँजीवादी राज्यसत्ता पूर्ण रूपमा असफल भइसकेकाले सत्ताको पूर्ण परिवर्तनका लागि पहल लिन सबै अग्रगामी, प्रगतिशील, जनवादी, देशभक्त, लोकतान्त्रिक शक्तिहरूसमक्ष आह्वान पनि गरेका छन्। उनले देशको कुशासन, भ्रष्टाचार, राष्ट्रघातलगायत सङ्कटले दलाल पुँजीवादी राज्यसत्ताको असफलता पुष्टि गरेको निष्कर्ष पनि प्रस्तुत गरेका छन्। 'यो असफलता र सङ्कटको निकास संविधान संशोधन वा परिमार्जन नभएर राज्यव्यवस्थाको परिवर्तन हो', उनले यस्तो निष्कर्ष निकालेका छन्। नेकपाका महासचिव विप्लवले मात्र होइन, युवा, मजदुर, विद्यार्थी, महिला, किसान, दलित, बुद्धिजीवीलगायत जिम्मेवार सङ्गठनहरूको पनि यही निष्कर्ष छ। मोहन वैद्य 'किरण' निकट देशभक्त जनगणतान्त्रिक मोर्चाले पनि सरकारको बेथिति, देश र जनताको अस्तव्यस्त जीवनलाई बदल्न आन्दोलनका लागि तयार रहन आह्वान गरेको छ।

यसरी आज मुलुकमा कम्युनिस्टको खोल ओढेको दलाल संसद्वादी पार्टीको निकम्मा सरकारले देश र जनतामाथि लादेको राष्ट्रघात, जनघातका कारण उत्पीडित जनसमुदाय सरकार र सत्ताविरुद्ध सडकमा निस्किन आतुर छ। एक पेट खानका लागि सडकमा लाम लाग्नुपर्ने र त्यही अवस्थामा आफूलाई पुष्पवृष्टि गराइरहेका वली, दाहाल र भण्डारीका रक्षकहरूले लाठी र सङ्गीन दागेर चिल्लीबिल्ली पार्ने अवस्था अब जनताले सहन र स्वीकार्न सक्ने अवस्था छैन। यो र यसप्रकारका घटनाले देखाउँछन्- गणतन्त्रविरोधी वलीहरूको शासनमा जनताले पाउने न्याय भनेको यस्तै पक्षपातपूर्ण हो र यो संविधानले दिने अधिकार भनेको पनि यही नै हो। अन्यथा एउटै देशका नागरिकमध्ये वलीहरूको भागमा पुष्पवर्षा र भोको पेट रित्ता थालहरू लिएर सडकमा लाम लाग्नेहरूको भागमा लाठी र सङ्गीन कसरी पर्छ ?

## लेखकहरूलाई सूचना

१. समसामयिक विषयका लेखरचना Preeti font मा टाइप गरेर ratokhabar@gmail.com मा पठाउनुहोला
२. अन्य सञ्चारमाध्यममा प्रकाशित वा प्रकाशनार्थ पठाएका रचना रातो खबरमा प्रकाशित गरिनेछैन कुनै पुस्तकमा प्रकाशित रचना नपठाउनुहोला
३. १२ देखि १५ सय शब्द नबढाईकन रचना पठाउनु पर्नेछ अन्यथा छाँटकाट गर्न सकिनेछ
४. अप्रकाशित रचना फिर्ता गर्ने प्रावधान छैन
५. प्रकाशित रचनाको राजनीतिक, वैचारिक तथा वैयक्तिक जबाफदेही लेखकमै हुनेछ

**– रातो खबर साप्ताहिक**

# कम्युनिस्ट पार्टी निर्माणको प्रश्न


अमर झाँक्री 'सञ्जीव'

आजको दुनियाँमा संशोधनवादी कम्युनिस्टहरूको चौतर्फी रूपमा बिगबिगी बढिरहेको छ। मार्क्सवादका आधारभूत सैद्धान्तिक प्रस्थापनाहरूलाई लत्याउँदै उनीहरू पुँजीपति वर्गसँग अङ्कमाल गर्न पुगेका छन् र त्यसलाई मार्क्सवादी विज्ञानका क्षेत्रमा महान् विकास गरेको भनेर प्रचार गरिरहेका छन्। ज्ञातव्य के छ भने यो मार्क्सवादी विज्ञानको विकास नभई केवल संशोधनवादी कम्युनिस्टहरूको (अबउप्रान्त संशोधनवादी कम्युनिस्ट पदावलीको स्थानमा संशोधनवादी पदावली मात्र प्रयोग गरिनेछ) पुँजीपति वर्गका सामु आत्मसमर्पण र कम्युनिस्ट पार्टीको राजनीतिक-सैद्धान्तिक तथा दर्शनप्रतिको घोर अपमान र गद्दारी सिवाय केही पनि होइन। व्यवहारले यो कुरा साबित गरिरहेको छ- उनीहरू कम्युनिस्ट सिद्धान्तका आधारमा राष्ट्र र नागरिकहरूको जीवनमा समानता र समृद्धि ल्याउन होइन, बरु पुँजीपति वर्गभन्दा अझ अघि बढेर राष्ट्र र नागरिकमाथि विभिन्न किसिमका शोषण र उत्पीडन थोपर्दै नवधनाढ्य वर्गमा रूपान्तरित भइरहेका छन्। संशोधनवादीहरूको विश्वव्यापी आमचरित्र भनेको झन्डा-साइनबोर्ड कम्युनिस्टको प्रयोग गर्ने तर व्यवहार घोर दक्षिणपन्थी पुँजीवादी विश्वव्यवस्थाको पक्षपोषण र विकास गर्ने विषयसँग अन्तरसम्बन्धित रहिआएको छ। संशोधनवादीहरूको आमचरित्र आज मात्र व्यक्त भएको विषय भने होइन। जब सर्वहारा-श्रमिक वर्गको मुक्तिको विज्ञानका रूपमा सन् १८४८ मा मार्क्सवादको उदय भयो तब संशोधनवादीहरू पनि सँगसँगै जन्मेर मार्क्सवादमाथि भीषण विचारधारात्मक हमला गर्न पुगे। कार्ल मार्क्स र फ्रेडरिक एङ्गेल्सको संयुक्त प्रयासबाट तत्कालीन सशोधनवादीहरूको आमचरित्रको धज्जी उडाउँदै कम्युनिस्ट विचारधाराको सार्वभौमिक सत्यलाई स्थापित गऱ्यो। संशोधनवादीहरूसँगको विचारधारात्मक सङ्घर्षकै बीचबाट सन् १८७१ मा फ्रान्सका सर्वहारा मजदुरहरूले सशस्त्र विद्रोहको माध्यामद्वारा पेरिस कम्युनको स्थापना गरी मार्क्सवादको सैद्धान्तिक सत्यलाई व्यवहारतः साबित गरे तर कम्युनार्डहरूमा सत्ता सञ्चालनको अनुभव तथा सर्वहारा अधिनायकत्व प्रयोगको अभावमा छोटो समयमा नै प्रतिक्रियावादीहरूले हजारौँ कम्युनार्डहरूको नरसंहार गरी कम्युन सत्ता खोसे। तत्कालीन अवस्थाका संशोधनवादीहरूले कम्युनार्डहरूको महान् बलिदानको अपमान मात्र गरेनन्, मार्क्सवादको असफलता र भविष्यमा सफल हुन नसक्ने तर्कसमेत गरे तर कम्युनार्डहरूको महान् गौरवगाथा हिजो, आज र भोलि अर्थात् अनन्तसम्म प्रज्वलित भैरहनेछ- जबसम्म मानव समुदाय वैज्ञानिक समाजवादी-साम्यवादी युगमा प्रवेश गर्नेछैन।

सन् १९१७ को रुसी अक्टोबर क्रान्तिको वरिपरिसम्म पुग्दा संशोधनवादले मार्क्सवादका सार्वभौमिक सत्यलाई खण्डन गर्न सकेन। फलतः संशोधनवादले मार्क्सवादलाई स्वीकारेको स्वाङ गर्दै तत्कालीन अक्टोबर क्रान्तिका नायक भीआई लेनिन र उहाँद्वारा अगाडि सारिएको आमसशस्त्र विद्रोहको कार्यदिशााका विरुद्ध भीषण हमला गर्न पुगे। त्यसका विरुद्ध भीआई लेनिन र जेबी स्टालिनको संयुक्त नेतृत्वमा मार्क्सवादको रक्षा र विकास गर्दै कठोर विचारधारात्मक सङ्घर्षको बीचबाट संशोधनवादलाई उठ्नै नसक्ने गरि धराशायी बनाइयो। चीन, कोऱ्या, भियतनाम, क्युबालगायत पूर्वी युरोपमा सम्पन्न भएका समाजवादी-जनवादी क्रान्तिसम्म पुग्दा संशोधनवादले मार्क्सवाद-लेनिनवादलाई आत्मसात गरेको नौटङ्की गर्न पुग्यो। संशोधनवादका विरुद्ध समकालीन अन्तर्राष्ट्रिय कम्युनिस्ट नेताहरू, त्यसमा पनि मुख्यतः कमरेड माओ त्सेतुङको नेतृत्वमा सञ्चालन गरिएको महान् सर्वहारा सांस्कृतिक क्रान्तिसम्म पुग्दा संशोधनवादलाई चौतर्फी नाङ्गेझार पाऱ्यो। आज संशोधनवादले फेरि विश्वव्यापी रूपमा लाज-घिन पचाएर आफूलाई सर्वाङ्ग नाङ्गा रूपमा प्रस्तुत गर्दै सर्वहारा-श्रमिक जनतालाई भ्रम दिएर आफ्नो राजनीतिक उद्देश्य पूरा गरिरहेको छ। इतिहासदेखि वर्तमानसम्म राजनीतिक-सैद्धान्तिक तथा दार्शनिक रूपले कम्युनिस्टहरूसँग केवल पराजय मात्र बेहोर्दै आइरहेको संशोधनवादलाई आजका मालेमावादी कम्युनिस्टहरूले निर्ममतापूर्वक राजनीतिक-सैद्धान्तिक तथा दार्शनिक रूपले धज्जी उडाउँदै कम्युनिस्ट श्रेष्ठता कायम गर्नुपर्ने आवश्यकता पैदा भएको छ।

राजनीतिक-सैद्धान्तिक तथा दार्शनिक रूपले संशोधनवाद र वर्गसङ्घर्षका दृष्टिले प्रतिक्रियावादी पुँजीवादका विरुद्ध आफ्नो वैचारिक र भौतिक श्रेष्ठता कायम गरेर मात्र कम्युनिस्ट पार्टीले आफ्नो महान् समाजवादी-साम्यवादी लक्ष्य-उद्देश्य हासिल गर्न सक्छ। त्यसप्रकारको कम्युनिस्ट पार्टी निर्माणका बारेमा आज मालेमावादी कम्युनिस्टहरूका बीचमा विश्वव्यापी सैद्धान्तिक र राजनीतिक रूपमा आमबहस चलिरहेको छ। कम्युनिस्ट पार्टीको निर्माणमा मार्क्स, लेनिन, माओ, गोन्जालो हुँदै आजको हाम्रो परिवेशसम्म पुग्दा प्रचुर अनुभव तथा ज्ञानहरू पनि हासिल गरिएका छन्। ती प्रचुर अनुभव तथा ज्ञानहरूलाई प्रस्थानबिन्दु बनाउँदै आजको सन्दर्भमा नयाँ ढङ्गको कम्युनिस्ट पार्टी निर्माण गर्नुपरेको छ। शास्त्रीय अध्ययनको क्षेत्रबाट मात्र नभई संशोधनवाद र पुँजीवादका विरुद्ध शक्तिशाली ज्वारभाटा सिर्जना गर्दै आजको दुनियाँमा समाजवादी-साम्यवादी क्रान्तिको नयाँ लहर सिर्जना गर्ने कम्युनिस्ट पार्टी कसरी निर्माण गर्न सकिएला त ? यसबारेमा हामी मालेमावादी कम्युनिस्टहरूले गम्भीरतापूर्वक विचार-विमर्श गर्नुपरेको छ। यहाँ मालेमावादी कम्युनिस्ट पार्टी निर्माणको आमबहसमा सहयोग पुऱ्याउने उद्देश्यले यो आलेख तयार गरिएको छ।

पहिलो : मालेमावाद र पार्टीको नयाँ संश्लेषणहरूको गहिरो अध्ययन र तिनको प्रयोग

मालेमावाद समाजविज्ञानका क्षेत्रमा सर्वहारा-श्रमिक वर्गको राज्यसत्ताको स्थापना र त्यसको सञ्चालन गर्ने मामिलामा एउटा सार्वभौमिक सिद्धान्तका रूपमा स्थापित विज्ञान हो। यसका आधारभूत सैद्धान्तिक प्रस्थापनाहरू वर्गसङ्घर्ष, सशस्त्र सङ्घर्ष, सर्वहारा अधिनायकत्व र सर्वहारा अन्तर्राष्ट्रियतावादमा आधारित रहेको छ। आदिम साम्यवादी युगबाहेक दासयुगदेखि आधुनिक पुँजीवादी युगसम्म आइपुग्दा मानवसमाज दुई वर्ग-पुँजीपति वर्ग रसर्वहारा-श्रमिक वर्गका रूपमा विभाजित रहँदै आएको छ। पुँजीपति वर्गको राजनीतिक उद्देश्य पुँजीको अधिकतम विकास गर्दै मानवसमाजलाई पुँजीवादमा पुऱ्याउनु रहेको छ भने सर्वहारा-श्रमिक वर्गको राजनीतिक उद्देश्य मानवसमाजलाई वैज्ञानिक समाजवाद-साम्यवादमा पुऱ्याउनु रहेको छ। यी दुई वर्गका आ-आफ्ना विपरीत सैद्धान्तिक विचारधारा र विश्वदृष्टिकोणहरू हुन्। वर्गीय समाजको उत्पत्तिदेखि यी दुई वर्गका बीचमा विभिन्न प्रकारका सङ्घर्षहरू हुँदै आए पनि मूलतः कार्ल मार्क्स र फ्रेडरिक एङ्गेल्सले सन् १८४८ मा कम्युनिस्ट घोषणापत्रको प्रकाशन गरेयता सर्वहारा-श्रमिक वर्गद्वारा सञ्चालन गरिने वर्गसङ्घर्षले नयाँ मूल्य-मान्यता स्थापित गर्न पुग्यो। त्यो मान्यता भनेको समाजमा रहेका दुई विपरीत वर्गहरूका

> *पुँजीपति वर्गको षड्यन्त्रकारी सिद्धान्तलाई परास्त गर्न मात्र होइन, बरू आजको विश्वमा सूचना-सञ्चार तथा विज्ञान-प्रविधिको अभूतपूर्व क्रान्ति, विश्वव्यापी मानवीय सम्बन्ध र समाजको चरित्रमा आइरहेको परिवर्तनले मालेमावादी विज्ञानमा नयाँ विकासको अपरिहार्यतालाई व्यक्त गरेको छ। कुनै पनि विज्ञानले आफ्नो विकासप्रक्रियामा अनिवार्य चुनौतीका रुपमा उपस्थित हुने यान्त्रिकता र जडताका विरुद्ध विजय हासिल गरेर मात्र सफलता प्राप्त गर्नसक्छ।*

बीचमा निरन्तर चलिरहने वर्गसङ्घर्षमा सर्वहारा-श्रमिक वर्गले सत्तासीन पुँजीपति वर्गलाई सशस्त्र सङ्घर्ष अर्थात् बल प्रयोगको सिद्धान्तद्वारा पराजित गरी आफ्नो राज्यसत्ता स्थापना गर्नु पर्दछ भन्ने सैद्धान्तिक मान्यता स्थापित हुन पुग्यो। त्यसयता सत्तासीन पुँजीपति वर्ग र सर्वहारा-श्रमिक वर्गका बीचमा ठूलठूला सत्ता सङ्घर्षका छिनाझप्टीहरू विकास भएका छन्। पेरिस कम्युन, रुसी अक्टोबर क्रान्ति, चीन, भियतनाम, कोऱ्या, क्युबा र पूर्वीयुरोपका देशहरूसम्म पुग्दा भूगोल र जनसङ्ख्याको दृष्टिले झन्डै आधा भूभागमा सशस्त्र सङ्घर्षद्वारा सर्वहारा-श्रमिक वर्गको वैज्ञानिक समाजवादी राज्यसत्ता स्थापना हुन पुग्यो। ती समाजवादी सत्ताहरू सर्वहारा वर्गको अधिनायकत्वको प्रयोगको अभाव, समाजवादी सत्ता सञ्चालनसम्बन्धी अनुभवको कमी, सत्ताको नेतृत्व गर्ने कम्युनिस्ट पार्टीहरूमा विकास भएको पुँजीवादी विश्वदृष्टिकोण र पुँजीवादी विश्वव्यवस्थाको चौतर्फी घेराबन्दीका कारण टिक्न सकेनन् तर यो मालेमावादी विज्ञानको अस्थायी पराजय मात्र हो किनकि समाजमा विद्यमान दुई वर्गहरूका बीचमा चल्ने वर्गसङ्घर्षहरू हारजितको लामो शृङ्खला पार गरेर मात्र सम्भव हुने गर्दछन्। आज मालेमावादको सान्दर्भिकता र आवश्यकता विगत इतिहासको तुलनामा कैयौँ गुणा बढेर गएको छ। यो विज्ञानको स्पष्ट मान्यता र दाबी छ- मानवसमाजको सुख, शान्ति र समृद्धिका लागि पुँजीवादी विश्वव्यवस्थाबाट कुनै पनि अर्थमा सम्भव छैन। तसर्थ पुँजीवादी विश्वव्यवस्थालाई बलपूर्वक विघटन गरेर स्थापना गरिने वैज्ञानिक समाजवाद-साम्यवादको स्थापनावाट मात्र सम्भव छ।

आज पुँजीवादले आफूलाई उत्तरसाम्राज्यवादमा विकास गरेको छ र आफ्नो पुँजीवादी विश्ववस्थाको रक्षा र सुदृढीकरणका लागि सर्वहारा-श्रमिक वर्गको विज्ञान मालेमावादका विरुद्ध विभिन्न षड्यन्त्रकारी सिद्धान्तहरूको संश्लेषण गरेको छ। पुँजीपति वर्गको षड्यन्त्रकारी सिद्धान्तलाई परास्त गर्न मात्र होइन, बरु आजको विश्वमा सूचना-सञ्चार तथा विज्ञान-प्रविधिको अभूतपूर्व क्रान्ति, विश्वव्यापी मानवीय सम्बन्ध र समाजको चरित्रमा आइरहेको परिवर्तनले मालेमावादी विज्ञानमा नयाँ विकासको अपरिहार्यतालाई व्यक्त गरेको छ। कुनै पनि विज्ञानले आफ्नो विकासप्रक्रियामा अनिवार्य चुनौतीका रूपमा उपस्थित हुने यान्त्रिकता र जडताका विरुद्ध विजय हासिल गरेर मात्र सफलता प्राप्त गर्नसक्छ। यसर्थमा मालेमावादी विज्ञान अथवा सामाजिक विज्ञानको विकासमा पनि यान्त्रिकता र जडताका विरुद्ध विजय हासिल गरेर मात्र वैज्ञानिक समाजवादी-साम्यवादी क्रान्तिको विजय सुनिश्चित गर्न सकिन्छ।

हाम्रो पार्टीको स्थापना भएको सात दशक बितिसकेको छ। यसबीचमा कम्युनिस्ट पार्टीभित्र कम्युनिस्ट र गैरकम्युनिस्ट विचार-प्रवृत्तिका बीचमा थुप्रै सैद्धान्तिक सङ्घर्षहरू तथा सामन्तवाद र संसदीय प्रतिक्रियावादी व्यवस्थाका विरुद्ध थुप्रै बलिदानीपूर्ण सङ्घर्ष र युद्धहरू सञ्चालन गरिएका छन। पछिल्लोपटक नेपालमा सञ्चालन गरिएको जनयुद्ध एउटा ऐतिहासिक र युगान्तकारी परिघटनाका रूपमा स्थापित हुन पुगेको छ। विजयउन्मुख जनयुद्धका तत्कालीन नेताहरूमा देखापरेको गैरकम्युनिस्ट विचार-प्रवृत्तिका कारण नेपाली कम्युनिस्ट आन्दोलनले ठूलो धक्का खान पुगेको छ। यसप्रकारको गैरकम्युनिस्ट विचार-प्रवृत्तिका विरुद्ध भीषण विचारधारात्मक सङ्घर्ष र दुईपल्टको पार्टी फुट र पुनर्गठनपछि पहिलोपल्ट हाम्रो पार्टी नेपाली क्रान्तिको नयाँ कार्यदिशा (एकिकृत जनक्रान्तिको कार्यदिशा) को संश्लेषण र प्रयोगसहित अगाडि बढिरहेको छ। नेपाल कम्युनिस्ट पार्टी परम्परागत कार्यदिशा र कम्युनिस्ट स्कुलिङबाट आफूलाई मुक्त गरेर मालेमावादको विकासका रूपमा नयाँ वैचारिक स्कुल खडा गर्दै वैज्ञानिक समाजवादी-साम्यवादी क्रान्तिको महान् यात्रामा अघि बढिरहेको छ। हाम्रो पार्टीको आठौँ महाधिवेशनले मालेमावादको रक्षा र विकासका रूपमा दर्शन, विचार-राजनीति, सङ्गठन, अर्थराजनीति र संस्कृतिका क्षेत्रमा नयाँ संश्लेशनहरू अगाडि सारेको छ। (हेर्नुहोस्, नेपाल कम्युनिस्ट पार्टीको आठौँ महाधिवेशनको राजनीतिक प्रतिवेदन- २०७३)। पार्टीको यो संश्लेषण विगतमा सर्वहारा-श्रमिक वर्गद्वारा सशस्त्र क्रान्तिको माध्यमद्वारा स्थापना गरिएका समाजवादी सत्ताहरू र ती समाजवादी सत्ताहरूमा भएका प्रतिक्रान्तिहरूका अमूल्य शिक्षाहरू, साम्राज्यवादद्वारा सर्वहारा-श्रमिक वर्गका विरुद्ध विकास गरिएका षड्यन्त्रकारी सिद्धान्तहरू, विज्ञान-प्रविधि तथा सूचना-सञ्चारका क्षेत्रमा भएको अभूतपूर्व क्रान्ति र मानवसमाजको विकास एवम् त्यसले विकास गरेको मानवीय चरित्र र सम्बन्धहरू, हाम्रो आफ्नै जीवनकालमा प्रचण्ड-बाबुरामको नेतृत्वमा भएको आत्मसमर्पण र गद्दारीका कारण झेल्नुपरेको अकल्पनीय प्रतिक्रान्तिको पृष्ठभूमिमा मालेमावादको रक्षा र विकास गर्दै वैज्ञानिक समाजवाद-साम्यवादको महान् लक्ष्यमा मानव जातिलाई कसरी पुऱ्याउन सकिन्छ भन्ने दूरगामी र ऐतिहासिक महत्वको विषयसँग अन्तरसम्बन्धित रहेको छ। वस्तुगत र आत्मगत परिस्थितिको यो जटिलता र अवसरलाई सचेततापूर्वक परिचालन गरेर मात्र कम्युनिस्ट पार्टीले आफ्ना लक्ष्य-उद्देश्यहरू हासिल गर्न सक्छ। विगतमा विभिन्न सङ्घर्ष र युद्धको नेतृत्व गरेका एकथरी नेता तथा कार्यकर्ताहरू वर्तमान विश्वपरिस्थितिलाई प्रतिकूल मात्र देख्छन् र क्रान्तिलाई असम्भव देख्छन्। त्यसप्रकारको प्रवृत्तिले सारतः अवसरवाद र आत्मसमर्पणवादका समस्याहरूलाई मात्र व्यक्त गर्दछ जसले समाजविज्ञानका क्षेत्रमा मालेमावादी विज्ञानको महत्व र त्यसको प्रयोग गर्ने मामिलामा अज्ञानता मात्र व्यक्त गरिरहेको हुन्छ। हरेक प्रतिकूलताहरूलाई अनुकूलतामा बदल्ने, वर्गीय समाजका हरेक अन्तरविरोधहरूलाई सञ्चालन र परिचालन गर्ने र उज्ज्वल भविष्यका लागि वर्गसङ्घर्षका कठोर र लामो यात्राका लागि कदम चाल्ने मालेमावादी विज्ञानका अन्तरवस्तुहरू हुन्। यो विज्ञानको अध्ययन र आत्मसातीकरणले मात्र कम्युनिस्ट पार्टीका हरेक नेता/कार्यकर्ताहरूलाई समाज विज्ञान, राज्यसत्ताको परिवर्तन र मानव जातिको स्थायी सुख, शान्ति र समृद्धिका लागि समर्पित तुल्याउन मार्गनिर्देशन गर्दछ। वैज्ञानिक समाजवाद-साम्यवादमा यात्रारत हरेक कम्युनिस्ट पार्टीका नेता-कार्यकर्ताहरूले मालेमावादी विज्ञान र नेपाल कम्युनिस्ट पार्टीको आठौँ महाधिवेशनद्वारा गरिएको खोज, अध्ययन र नयाँ संश्लेषणहरूको गहिरो अध्ययन, तिनको आत्मसातीकरण र प्रयोग गर्नुपर्दछ।

**क्रमशः ...**

# नेकपामाथिको प्रतिबन्ध र दमन सिङ्गो कम्युनिस्ट आन्दोलनमाथिको दमन हो, यसको सशक्त प्रतिरोध गर्नुपर्छ



**ऋषिराम कट्टेल,** अध्यक्ष, नेपाल कम्युनिस्ट पार्टी

» ***कमरेड, रातो खबर तपाईंलाई हार्दिक स्वागत गर्दछ ।***

संवादका निम्ति धन्यवाद ।

» ***हिजोआज के गर्दै हुनुहुन्छ तपाईंहरू ? खासै देखिनुहुन्न त सडकमा !***

हो, हिजोआज सडकमा निस्केको छैन । २०७६ चैतको पहिलो साता केही निजी कामले गोरखा गएको थिएँ । लकडाउनले झन्डै साढे चार महिनाजति उतै थुनिएँ । बल गरेर काठमाडौँ आए पनि खासै केही काम हुने देखिएन । पार्टीका कामरेडहरू र जनस्वास्थ्य विशेषज्ञहरूले पनि काठमाडौँभन्दा सुरक्षाको दृष्टिकोणले गाउँमै बस्नु उपयुक्त हुने सल्लाह दिएकाले गाँउमै खेतीपाती गरेर बसेँ । आफ्नै जमिनहरू बर्सौंदेखि बाँझिएका थिए । खनजोत गरेँ । एक क्विन्टलजति हलेदो (बेसार) लगाएँ । १००० भन्दा बढी कफीका बेर्नाहरू सारेँ । त्यहाँ बस्दा २० घरभन्दा बढी किसानहरूको सिँचाइ गर्ने र झन्डै ३०० मुरीभन्दा बढी धान फलाउने तीन किलोमिटर लामो कुलो विगत ८ वर्षदेखि चलाउन नसकेर सबै खेत बाँझिएका रहेछन । नगरपालिकालाई आग्रह गरेर सहयोग जुटाई त्यो कुलो चलाएर बाँझिएका किसानहरूका खेत रोपाइँ गराएर मुस्किलले काठमाडौँ आएँ । काठमाडौँ आउनासाथै निषेधाज्ञाको झमेलामा फसियो । कोठामा बसेर टेलिफोन सम्पर्क र दुईवटा टीभीलाई अन्तरवार्ता दिनेबाहेक ठोस काम केही गर्न पाएको छैन ।

» ***मुलुकको पछिल्लो राजनीतिक अवस्थालाई कसरी नियालिरहनुभएको छ ?***

देशको वर्तमान अवस्था यथास्थिति र प्रतिगमन, क्रान्ति र प्रतिक्रान्तिको सङ्क्रमणवाट अघि बढिरहेको छ । २०६२-६३ को जनआन्दोलनका संवाहक शक्तिहरूमध्ये केही यथास्थितिमा पतन भएका छन् । विगतमा कम्युनिस्ट आन्दोलनमा क्रान्तिकारी भूमिकामा रहेकाहरूमध्ये केही प्रतिक्रियावादमा पतन भएका छन् । यसको जगमा उभिएर प्रतिगामीहरू मुन्टो उठाउने कोसिस गर्दैछन् । यो अवस्थाले देशका राजनीतिक शक्तिहरूको शक्ति सन्तुलनमा परिवर्तनहरू भइरहेका छन । कम्युनिस्ट क्रान्तिकारीहरू पुनर्गठित हुँदै सङ्घर्षका खाका कोर्दैछन् तापनि राज्यमा हस्तक्षेपकारी भूमिका निर्वाह गर्ने गरी अगाडि आउन सकिरहेका छैनन् । जनआन्दोलन, जनसङ्घर्ष एक प्रकारको ठहरावको अवस्थामा छ । सारतः यथास्थितिवाद नै अर्थात् सामन्त, दलाल तथा नोकरशाही पुँजीवादी सत्ता नै आज पनि देशमा प्रभावी छ र यसकै जगमा कथित लोकतन्त्र नामको लुटतन्त्र चलिरहेछ एकातिर भने अर्कोतिर सत्तासीनहरूका लम्पसारवादी चरित्रले गर्दा देशको राष्ट्रिय स्वाधीनता र अखण्डतामाथि नै गम्भीर खतरा आइरहेको छ र देश महाशक्तिहरूको रणनीतिक क्रीडास्थल बन्ने खतरातर्फ उन्मुख छ ।

» ***केपी वली सरकार दिनदिनै प्रतिपक्षी, विपक्षी र विद्रोहीहरूप्रति असहिष्णु बन्दै गएको देखिन्छ । तपाईंहरूलाई कस्तो महसुस भइरहेको छ ?***

केपी वली प्रतिक्रियावादमा पतन भएको एउटा कम्युनिस्ट नामधारी पार्टीका नेता हुन् । उनी ०६२।६३ को जनआन्दोलनको समेत विपक्षमा उभिएका पात्र हुन् । उनी यथास्थितिवादका पृष्ठपोषक हुन् । नेपालको कम्युनिस्ट आन्दोलनलाई बदनाम गराउने, दमन गर्ने र समाप्त पार्ने मिसन पूरा गर्न उनलाई सत्तामा पुऱ्याइएकाले उनीबाट क्रान्तिकारीहरूको रक्षा र विकासको अपेक्षा गर्नु नै भ्रामक विचार हो । उनी दुईदलीय संसदीय अधिनायकवादमार्फत वर्तमान सामन्ती, दलाल तथा नोकरशाही पुँजीवादी सत्ताको रक्षा गर्न खटिएका सेवक हुन् । उनी असहिष्णु बन्दै गइरहेका हैनन्, अधिनायकवाद उनको चरित्र नै हो ।

» ***सरकार राष्ट्रियता, जनतन्त्र र जनजीविकाका विषयहरूमा पनि त्यति गम्भीर देखिएको छैन । राष्ट्रियता झन्झन् सङ्कटमा पर्दै गएको छ । महँगी, भ्रष्टाचार झनै भयानक बन्दै गएका छन् नि ? विपक्षी दलहरूले त यसप्रकारका सङ्कटमा सरकारलाई सावधान गराउन दबाब दिनुपर्ने होइन र ?***

यो सरकार गन्तव्य भुलेको बटुवाजस्तै हो । विगतमा कम्युनिस्ट आन्दोलनबाट दीक्षित भएका र अहिले प्रतिक्रियावादका सेवकमा रूपान्तरित भएका शक्तिहरूले अहिले सरकारको नेतृत्व गरिरहेका छन् । तसर्थ अहिले उनीहरूको मिसन राष्ट्रियता, जनतन्त्र र जनजीविकाका पक्षमा काम गर्नेभन्दा प्रतिक्रियावादका शक्तिकेन्द्रहरूको स्वार्थरक्षा गर्दै उनीहरूलाई रिझाएर शक्ति आर्जन गर्ने र त्यसैको बलमा आफ्नो लुटतन्त्रलाई निरन्तरता दिने बाटोमा उनीहरू उद्यत छन् । जहाँसम्म विपक्षी दलहरूको प्रश्न छ, तपाईंले संसदीय विपक्षको कुरा उठाउनुभएको हो भने यहाँ संसदीय विपक्ष नै छैन भन्दा पनि हुन्छ । २०६२।६३ को जनआन्दोलनपछि कायम भएको तीनदलीय सिन्डिकेट अहिले दुईदलीय सिन्डिकेटमा रूपान्तरित भएको छ । यिनै दलहरू भगबन्डामा लुटतन्त्र चलाइरहेका छन् । जहाँसम्म संसद्वादविरुद्ध रहेका क्रान्तिकारी शक्तिहरूको प्रश्न छ, उनीहरूले दबाब दिइरहेका छन तर सत्तालाई बाध्य पार्नसक्ने स्तरमा ती दबाबहरू विकास हुन सकिरहेका छैनन् ।

» ***एकातिर भारतले नेपालको भूभागमाथि अतिक्रमण बढाइरहेको छ । कालापानी, लिपुलेक, लिम्पियाधुरामाथिको अतिक्रमण र नक्सा सार्वजनिक गरेपछि कार्यान्वयन, कूटनीतिक वार्ता, पहल पनि त्यत्तिकै सेलाएर गएको देखिन्छ । अर्कोतिर सरकारी नेकपाले अमेरिकी परियोजना एमसीसी पारित गरेर कार्यान्वयन गर्ने निर्णय गरेको छ । यसले मुलुकलाई कहाँ पुऱ्याउला ?***

भारतले नेपालको भूभागमाथि अतिक्रमण गरिरहेको छ । जहाँसम्म कालापानी, लिपुलेक, लिम्पियाधुरालाई समेटेर नक्सा सार्वजनिक गरेको प्रश्न छ, यो काम सकारात्मक हुँदाहुँदै पनि केपी वलीको चाहनाविपरीत देशभक्त नेपालीहरूको दबाबले बाध्य भएर गरिएको काम हो । केपी वली नै राष्ट्रघाति महाकाली सन्धिका नाइके हुन् । भारतले त्यही सन्धिको आडमा नेपाली भूभाग अतिक्रमणको औपचारिक घोषणाको दुस्साहस गरेको छ । त्यसभन्दा अघिसम्म उसले विवादित क्षेत्र स्वीकार गरेको थियो । केपी वली त नक्सा सार्वजनिक गर्नुभन्दा केही दिन अघिसम्म पनि मैले चुच्चे नक्सा आजसम्म देखेकै छैन भन्दै सार्वजनिक रूपमै अभिव्यक्ति दिँदै हिँडेका थिए । त्यसकारण उनले यसको कार्यान्वयनका लागि ठोस रूपमा कूटनीतिक वार्ताको पहल गरेकै छैनन् र सहजै गर्ने पनि छैनन् । उनी त यो प्रकरणलाई राष्ट्रवादका नाममा पार्टीभित्रका विपक्षहरूलाई दबाउने, देशमा उठिरहेको जनक्रान्तिलाई दमन गर्ने र आगामी निर्वाचनसम्म राष्ट्वादका नाममा जनतालाई भ्रमित गरेर भोट बटुल्ने अस्त्रका रूपमा प्रयोग गर्न चाहन्छन् । देशभक्तहरूको सशक्त दबाबबेगर यो प्रक्रिया अगाडि बढ्दैन ।

जहाँसम्म सरकारी नेकपाले अमेरिकी परियोजना एमसीसी पारित गरेर कार्यान्वयन गर्ने निर्णय गरेको छ, यो अर्को राष्ट्रघाती कदम हुनेछ । यसले मुलुकको असंलग्न परराष्ट्रनीतिको उपेक्षा गर्दै देशलाई अमेरिकी साम्राज्यवादको क्याम्पमा पुऱ्याउनेछ र देशलाई महाशक्तिहरूको रणनीतिक क्रीडास्थलमा रूपान्तरित गर्नेछ ।

» ***कोरोना भाइरसको त्रास र सङ्कटमा परेका जनता सरकारप्रति झन्झन् रुष्ट बन्दै गएको देखिन्छ नि ?***

कोरोना भाइरसको त्रास र सङ्कटमा परेका जनता सरकारप्रति झन्झन् रुष्ट बन्दै गएका छन् किनकि सरकार जनताप्रति गैरजिम्मेवार मात्र हैन, संवेदनहीन बन्दै गइरहेको छ । उसले यसलाई सत्ता अकण्टक राख्ने र लुटतन्त्रलाई बेरोकटोक अघि बढाउने अस्त्रका रूपमा प्रयोग गरिरहेको जनताले अनुभूत गरिरहेका छन् ।

» ***मुलुकमा राजनीतिक, जातीय, लैङ्गिक, सांस्कृतिक विभेद र द्वन्द्व बढ्दै गएको छ नि ? यसले केको सङ्केत गर्छ ?***

यसलाई स्वाभाविक रूपमा लिनुपर्छ । नेपालका राजनीतिक क्रान्तिले पूर्णता पाइरहेका छैनन् । मुलुक अहिले पनि राजनीतिक रूपले यथास्थितिमा जकडिरहेको छ । जनताका गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य, रोजगारीजस्ता जनजीविकाका समस्या जस्ताका तस्तै छन् । वर्तमान राज्यव्यवस्थाले जनताका यी समस्याहरूको निराकरण गर्न सक्दैन । जहाँसम्म जातीय, लैङ्गिक, सांस्कृतिक विभेद र द्वन्द्व बढ्दै गएको प्रश्न छ, यसलाई क्रान्तिकारीहरूले गम्भीर ढङ्गले लिनुपर्छ । नेपाल जातीय, भाषिक एवम् सांस्कृतिक विविधता भएको देश हो । यहाँ जातीय, लैङ्गिक, सांस्कृतिक विभेद कायम छ । जनताहरू यो विभेदबाट मुक्ति चाहन्छन् । यसका निम्ति उनीहरू सङ्घर्षरत छन् । हामी कम्युनिस्ट क्रान्तिकारीहरूले जनताको राष्ट्रिय मुक्ति आन्दोलनलाई वर्गसङ्घर्षको दायराभित्र ल्याएर विभेदविरुद्धको सङ्घर्षलाई गति दिनुपर्छ । हाल नेपालमा साम्राज्यवादीहरू जनताको यो आन्दोलनलाई वर्गसङ्घर्षवाट भिन्न गर्ने, जातीय, धार्मिक सद्भाव भड्काउने र साम्प्रदायिक दङ्गाफसाद गराएर जनताको एकता भाँड्ने अत्यन्त निकृष्ट दुष्कार्यमा लागेका छन् । यसबारे भने क्रान्तिकारीहरू अत्यन्त सजग हुनुपर्छ ।

» ***श्रमिक र विपन्न वर्गमाथिको विभेद नेपालमा मात्र नभएर अन्य मुलुकहरूमा पनि बढिरहेको देखिन्छ त ! मार्क्सवादी स्रष्टाहरू नेपाल, भारतदेखि टर्कीसम्म कि हिरासत-जेल र कि त मृत्युको मुखमा पुगिरहेका छन् नि ?***

अहिले पुँजीवाद सङ्कटापन्न अवस्थामा छ । यसको अति दक्षिणपन्थी तप्का अहिले विश्वभर सत्तामा छ । यसैले ऊ श्रमिक र विपन्न वर्गहरूमाथिको विभेद बढाइरहेको छ र क्रान्तिकारीहरूलाई दमन गरेर आफ्नो सङ्कट टार्ने धृष्टता गरिरहेको छ ।

» ***कम्युनिस्ट नाउँको पार्टीको केपी वली सरकारले एकीकृत जनक्रान्ति सञ्चालन गरिरहेको नेकपाका नेता-कार्यकर्तालाई दिनदिनै गिरफ्तार गरिरहेको छ । बन्दी बनाइरहेको छ । एउटा कम्युनिस्ट नाउँको सरकारले अर्को कम्युनिस्ट पार्टीमाथि प्रतिबन्ध लगाउने, नेता-कार्यकर्तालाई समातेर मुद्दा लगाउने, थुन्ने कार्य गरिरहेको छ । तपाईं आफैं कम्युनिस्ट पार्टीको अध्यक्षसमेत हुनुहुन्छ । यी परिघटनाहरूलाई कसरी लिनुभएको छ ?***

केपी वलीको सरकार कम्युनिस्ट नाउँ गरेको प्रतिक्रियावादमा पतन भएको पार्टीको सरकार हो । यसको मुख्य काम नै कम्युनिस्ट आन्दोलनलाई बदनाम गर्ने वा दमन गरेर समाप्त गर्ने हो । त्यसैले यसले एकीकृत जनक्रान्ति सञ्चालन गरिरहेको नेकपाका नेता-कार्यकर्तालाई दिनदिनै गिरफ्तार गरिरहेको छ । बन्दी बनाइरहेको छ । सारमा दमन गरिरहेको छ । यसलाई हामीले सिङ्गो कम्युनिस्ट आन्दोलनको दमनका रूपमा लिएका छौँ । यसको प्रतिरोध गर्नुपर्छ र जनसङ्घर्षलाई अरू उचाइमा उठाएर यसलाई परास्त गर्नु पर्दछ ।

» ***सरकारी विभेद, दमन, अत्याचारका विरुद्ध मालेमा पक्षधर कम्युनिस्ट र क्रान्तिकारीहरूबीच संयुक्त मोर्चा बनेर देश र जनताको आवाज प्रखर बनाउनुपर्ने होइन र ? तपाईंहरू यसमा कहाँनेर चुकिरहनुभएको छ ?***

यसमा विवादै छैन । हामीले सत्ताका विरुद्ध संयुक्त मोर्चा बनाएर सङ्घर्षमा जानुको विकल्पै छैन । हामीले यसका निम्ति निरन्तर प्रयास पनि गरिरहेका छौँ । विगत ६ महिनादेखि कोभिडका कारण हाम्रो काममा गतिरोध पैदा भएको छ । २०७६ चैतदेखि नै हामी ११ पार्टीहरू मिलेर सडक आन्दोलन उठाउने तयारीमा नै थियौँ । अहिले पनि हामी त्यसलाई निरन्तरता दिने काममा लागिरहेकै छौँ । कोभिडको आतङ्कलाई चिरेर कसरी अगाडि वडने भन्ने योजना बनाइरहेका छौँ ।

» ***कमरेड विप्लवले नेतृत्व गरेको नेपाल कम्युनिस्ट पार्टीसँग संयुक्त मोर्चा, कार्यगत एकता र पार्टीएकतासम्मका प्रक्रिया अघि बढेका कुराहरू आएका थिए तर नेकपामाथि प्रतिबन्धपछि यी कुराहरू सेलाउँदै गएका देखिन्छन् । के छ पछिल्लो विकासक्रम ?***

कमरेड विप्लवले नेतृत्व गरेको नेपाल कम्युनिस्ट पार्टीसमेतसँग संयुक्त मोर्चा, कार्यगत एकता र पार्टीएकतासम्मका प्रक्रियाहरू अघि बढिरहेकै छन् । संवादकै क्रममा छन् । सुरुमा हामी ४ पार्टीहरू : नेपाल कम्युनिस्ट पार्टी, विप्लवले नेतृत्व गरेको नेपाल कम्युनिस्ट पार्टी, नेकपा क्रान्तिकारी माओवादी र मसाल यो स्तरको सहमतिमा पुगेका हौँ र यसलाई हामीले विज्ञप्तिमार्फत सार्वजनिक गरेका थियौँ पनि । तर पछि विप्लव नेतृत्वसँग असहमति राख्दै मसाल यो प्रक्रियावाट बाहिरियो । हामी तीन पार्टीहरू यो काममा लागिरह्यौँ । पछि माओवादी केन्द्र पनि यसमा समाहित भयो र फेरि हामी ४ पार्टी नै कायम रह्यौँ । तर हामी ४ पार्टीको सहकार्यमा पनि व्यवधान खडा भयो । विप्लव नेतृत्वसँग विमति राख्दै क्रान्तिकारी माओवादी पनि यो प्रक्रियाबाट पछाडि हट्यो । लामो संवाद र छलफलपछि फेरि अहिले हामी ११ पार्टीहरू कार्यगत एकतामा जुट्ने सहमतिमा पगेका छौँ र सोहीअनुसार कार्ययोजना पनि बनिरहेका छन् । छिटै यो प्रक्रिया सार्वजनिक हुने क्रममा छ । साथै सत्ताविरुद्ध रहेका कम्युनिस्ट पार्टीहरूबीच रणनीतिक चरित्रको संयुक्त मोर्चा बनाउने प्रक्रिया पनि अगाडि बढिरहेको छ । सारमा क्रान्तिकारी शक्तिहरूको सहकार्य र एकताप्रक्रिया सार्थक रूपमा अगाडि बढिरहेको छ ।

» ***संसारकै उत्पीडित जनता क्रान्ति र मुक्ति चाहिरहेका छन् । श्रमिकमाथिको विभेद र दमन संसारभर बढिरहेको देखिन्छ तर एउटा भरपर्दो अन्तर्राष्ट्रिय सङ्गठन बन्न सकिरहेको छैन । मालेमा पक्षधरहरूबीच कम्युनिस्ट अन्तर्राष्ट्रिय निर्माण सम्भव देख्नुहुन्न ? यसमा तत्काल पहल लिन ढिला भएन र ?***

आवश्यकता छ तर आज विश्व कम्युनिस्ट आन्दोलन जुन स्तरमा विभाजित र छरिएको अवस्थामा छ कम्युनिस्ट अन्तर्राष्ट्रिय निर्माणको वस्तुगत अधार तयार भइरहेको छैन । निरन्तर प्रयत्न गरिरहनुपर्छ ।

» ***सरकारी नेकपाभित्रको विवाद र एकतालाई कुन रूपमा मूल्याङ्कन गर्नुभएको छ ?***

सरकारी नेकपाको एकता सत्ता स्वार्थकेन्द्रित एकता हो । अनि यो एकता देशमा दुईदलीय संसदीय अधिनायकवाद कायम गराउने र नेपालको कम्युनिस्ट आन्दोलनलाई समाप्त पार्ने साम्राज्यवादी गुरुयोजनाको अङ्ग पनि हो । त्यसकारण सत्तास्वार्थमा भागबन्डा नमिल्दा विवादजस्तो देखिन्छ र भागबन्डा मिल्दा एकता पनि हुन्छ । यो विवादको अन्तर्यमा नक्सा सार्वजनिकीकरण र एमसीसी भए पनि यसले उनीहरूको एकता वा विवादमा तात्विक अन्तर पार्दैन । नेपालमा कम्युनिस्ट आन्दोलनको विकास र संसद्मा वैकल्पिक शक्तिको विकास नहुँदासम्म उनीहरूको एकता कायमै रहन्छ ।

» ***नेकपाका महासचिव विप्लवले त देशको कुशासन, भ्रष्टाचार, राष्ट्रघातलगायत सङ्कटले दलाल पुँजीवादी राज्यसत्ताको असफलता पुष्टि भइसकेकाले राज्यव्यवस्थाकै परिवर्तनका लागि सबै अग्रगामी, प्रगतिशील, जनवादी, देशभक्त, लोकतान्त्रिक शक्तिहरूलाई नयाँ आधारमा नयाँ पहल गर्न आह्वान गर्नुभएको छ नि ?***

हो, कमरेड विप्लवले अत्यन्त सही समयमा यो दलाल पुँजीवादी राज्यसत्ताको असफलता प्रमाणित भएकाले यसको विकल्पमा वैज्ञानिक समाजवादी राज्यसत्ता स्थापना गर्न अग्रगामी, प्रगतिशील, जनवादी, देशभक्त, लोकतान्त्रिक शक्तिहरूलाई आह्वान गर्नुभएको छ । हामी अब सङ्घर्षका आवश्यक सबै स्वरूपहरू प्रयोग गर्दै निर्णायक क्रान्तिमा होमिनुको विकल्प छैन । देशभक्त, क्रान्तिकारी शक्तिहरू अब सकेसम्म छिटो एकजुट हुनुपर्छ र वैज्ञानिक समाजवादी सत्ता स्थापनाको दिशामा अग्रसर हुनुपर्छ । हामीले सो अभियानलाई सफल बनाउनका लागि ११ दलीय मोर्चा मार्फत् आन्दोलनको आँधीबेहरी सिर्जना गर्ने दिशामा अघि बढिरहेका छौँ । एकीकृत जनक्रान्ति सञ्चालन गरिरहेको पार्टीको महासचिवका नाताले यसमा पहल लिन पनि हामी उहाँलाई आह्वान गर्दछौँ ।

» ***रातो खबरमार्फत अरू केही सन्देश दिन चाहनुहुन्छ कि ?***

रातो खबरले नेपाली जनताको मुक्ति र देशको स्वाधीनताको रक्षाका पक्षमा भइरहेका जनताका सङ्घर्षहरूलाई आमजनताका बीच सम्प्रेषण गर्न निरन्तर लागिरहनुपर्दछ साथै यसमार्फत छरिएर रहेका कम्युनिस्ट क्रान्तिकारीहरूलाई एकताबद्ध हुन र सबै सामन्तवादविरोधी उत्पीडित वर्ग तथा समुदायहरूलाई वर्तमान दलाल नोकरशाही राज्यसत्ताका विरुद्ध संयुक्त जनसङ्घर्षमा जुट्न अपिल पनि गर्दछु ।

# एकीकृत जनक्रान्ति : नयाँ अन्वेषण र विकास



पूर्णबहादुर सिंह

*'यो सिद्धान्तलाई तपाईं आफ्नो पूरा जानकारीअनुसार सच्चा ठान्नुहुन्छ र यसमाथिको निराधार हमला र विकृतीकरणका प्रयत्नहरूबाट बचावट गर्नुको अर्थ यो होइन- तपाईं सबै प्रकारका आलोचनाहरूको विरोधी हुनुहुन्छ । हामी मार्क्सको सिद्धान्तलाई सम्पूर्ण र पवित्र ठान्दैनौं । उल्टो, हामी विश्वस्त छौं- मार्क्सवादले त्यस विज्ञानको मात्र जग हालेको छ जसलाई समाजवादीहरूले, उनीहरू जीवनमा पछि पर्न चाहँदैनन् भने सर्वोतोमुखी विकास गर्नुपर्छ ।'*

*लेनिन, हाम्रो कार्यक्रम, (सन् १९२५ मा लेनिन ग्रन्थसङ्ग्रहको खण्ड ३ मा पहिलोपटक प्रकाशित । खण्ड ४, पृष्ठ १८२-१८६ ।)*

*'हामीले पार्टीको आमकार्यदिशा र आमनीति साँच्ची नै बिर्सियौं भने हामी अन्धा, अपरिपक्व र गोब्रे बुद्धि भएका क्रान्तिकारी बन्नेछौं । त्यस्तो स्थितिमा आफ्नो काम, विशेष कार्ययोजना र विशेष नीति लागू गर्दा दिशाविहीन भएर कहिले देब्रे र कहिले दाहिनेतिर धर्मराउनेछौं र त्यसबाट हाम्रो कामको सत्यानास हुनेछ ।'*

*माओ (माओ त्सेतुङका सङ्कलित रचनाहरू, भाग ४, पृष्ठ २५९, नेपाली संस्करण) ।*

*'आजको विश्व र नेपाली परिस्थितिले कार्यदिशामा नयाँ संश्लेषणको माग गरेको छ । त्यस्तो कार्यदिशा जनविद्रोह र जनयुद्धको विकासका रूपमा एकीकृत जनक्रान्ति हुन पुगेको छ ।'*

*विप्लव, (विप्लव सङ्कलित रचना, पृष्ठ १७६)*

**क) सन्दर्भ**

यसमा उल्लिखित कमरेड लेनिन र माओको भनाइबाट आज मालेमावाद सर्वशक्तिमान, सार्वभौम र अपराजेय विश्वदृष्टिकोण र विज्ञान हो । यसको निरन्तर एवम् सर्वत्तोमुखी विकास भइरहन्छ । प्रयोगबिना विज्ञानको विकास सम्भव छैन । एकीकृत जनक्रान्ति महासचिव कमरेड विप्लवका शब्दमा नयाँ संश्लेषण र विकास हो । विश्व-मानवजाति एवम् मूलतः सर्वहारा श्रमिक वर्गलाई प्रज्वलित गर्न सफल कम्युनिस्ट घोषणापत्र अन्वेषण एवम् प्रक्षेपणको १७२ वर्ष, सर्वहारा वर्गलाई सर्वप्रथम सत्ताको मालिक बनाउन सफल तथा शिक्षा प्रदान गर्ने पेरिस कम्युनको १४९ वर्ष, नयाँ ढङ्गले पहिलोपटक पृथ्वीको विशाल भूभागमा वैज्ञानिक समाजवादी सत्ता स्थापना गर्न सफल अक्टोबर क्रान्तिको १०३ वर्ष र एसियाको विशाल भूमिमा वैज्ञानिक समाजवादी सत्ता स्थापना गर्न विजयी चिनियाँ क्रान्तिको ७१ वर्षपछिको दुनियाँमा हामी खडा छौं । २१ औं शताब्दीको दोस्रो दशकमा आज हामी विश्वको सर्वोच्च शिखर सगरमाथाबाट एकीकृत जनक्रान्तिको अन्वेषण गरेर प्रक्षेपण गरिरहेका छौं । यद्यपि आजको विश्वमा १९ औं र २० औं शताब्दीका वैज्ञानिक समाजवादी सत्तामा प्रतिक्रान्तिपछि कुनै पनि देशमा क्रान्ति सफल हुनसकेको छैन । मार्क्स-एङ्गेल्सको समयमा पुँजीवादले आफ्नो चिहान खन्ने सर्वहारा (मजदुर) वर्ग जन्मायो । औद्योगिक पुँजीवादले सर्वहारावर्गलाई क्रान्तिको अग्रदस्ता मात्र बनाएन, बरु मजदुर-किसानको चट्टाने एकतामा साम्राज्यवादी पहिलो विश्वयुद्धकै दौरानमा अक्टोबर क्रान्तिको विस्फोट र सोभियत सङ्घ स्थापना भयो । साम्राज्यवादी दोस्रो विश्वयुद्धपछि पूर्वी युरोप मात्र होइन, चीन, भियतनाम, कोरिया, लाओस आदि मुक्त भएका थिए । फिलिपिन्स, पेरू, टर्की, चिली, मलाया, बर्मा, कोलम्बिया, निकारागुवा, इन्डोनेसिया, ग्वाटेमाला, भेनेजुयला, ब्राजिल, भारत र नेपालमा क्रान्तिको पहल एवम् प्रारम्भ भए पनि विजयी भएनन् । । पूर्वी युरोप, सोभियत सङ्घ, मध्यपूर्व र एसियामा समाजवादमा संशोधनवादीहरू हाबी भए । साम्राज्यवादले हस्तक्षेप एवम् घुसपैठ गऱ्यो र प्रतिक्रान्ति भयो ।

आत्मगत रूपले रक्षात्मक विश्व कम्युनिस्ट आन्दोलन, सामाजिक साम्राज्यवादको पतन एवम् असफल समाजवादी सत्ता, महान् नेपाली जनयुद्धले खाएको धक्का र विश्वका नयाँ अन्तरविरोधहरू र विशेषताहरूको गहन विश्लेषण र संश्लेषणको परिणाम हो-एकीकृत जनक्रान्ति । यो कसैको लहड, मनोगत इच्छा, महत्वाकाङ्क्षा र भ्रम वा विभ्रम होइन, बरु युगीन आवश्यकताको महान् दायित्व एवम् जिम्मेवारी हो जुन विश्व मानवजाति, मूलतः नेपाली जनताको अपरिहार्य आवश्यकता हो । यो आकस्मिकताको उपज होइन, विश्वका श्रमिक वर्ग र उत्पीडित जनताका क्रान्तिहरू प्रतिक्रान्तिमा परिणत भएपछिको गहन समीक्षा एवम् सिंहावलोकनसहितको लामो खोज, अनुसन्धान, अन्वेषणपछि प्रक्षेपण गरिएको नयाँ कार्यदिशा हो । यो विश्व-उत्तरसाम्राज्यवाद र प्रतिक्रान्तिविरुद्ध नयाँ जनक्रान्ति हो ।

**ख) पृष्ठिका**

विश्वमा वैज्ञानिक समाजवादी सत्ताहरू विघटन र क्रान्तिहरूले धक्का खाएर प्रतिक्रान्तिमा परिणत भए । विगत सात दशकयता नेपालमा पनि गड्गडाउँदै प्रारम्भ हुने जनसङ्घर्ष, जनआन्दोलन र जनयुद्ध सबै सम्झौता र धोकामा टुङ्गिए । विश्व-साम्राज्यवादी बहुध्रुव, अन्तरविरोधहरू एवम् आर्थिक सम्बन्धमा परिवर्तन, स्वाधीन आन्दोलनमा विकास, सशस्त्र सङ्घर्ष एवम् क्रान्तिकारी आन्दोलनमा वृद्धि, राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय विशेषता, मूलतः नेपालका आधारभूत नयाँ विशेषताका कारण हुबहु जनविद्रोह वा जनयुद्धको सम्भावना नहुनु र आन्दोलनमा अन्योल र अविश्वास पैदा भयो । साथै नयाँ राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय परिस्थिति, राजनीतिक, आर्थिक, सामाजिक सम्बन्धहरू, आत्मगत तथा वस्तुगत पक्षहरूको कुल योग र 'ठोस परिस्थितिको ठोस विश्लेषण' लेनिन र 'ठोस स्थितिअनुरूप नीति निर्माण' माओको मार्गनिर्देशनमा 'एकीकृत जनक्रान्ति' का प्रवर्तक कमरेड विप्लवले सर्वप्रथम १५ असार, २०७१ (सन् २०१४, जुन २९) मा नेकपा-माओवादीको पोलिटब्युरो बैठकमा ' यथास्थितिमा क्रमभङ्गता : इतिहासको अपरिहार्य आवश्यकता' दस्तावेज प्रस्तुत गरेपछि यो बहसमा आयो । 'हाम्रो क्रान्तिकारी युद्धले कुन कुरा प्रमाणित गरेको छ भने हामीलाई एउटा सही सैन्य कार्यदिशा र साथै एउटा सही मार्क्सवादी राजनीतिक कार्यदिशाको आवश्यक छ ।' कमरेड माओ (भाग १, पृष्ठ १४९ मा) ले भनेझैं युगीन आवश्यकतामा एकीकृत जनक्रान्तिको कार्यदिशाको संश्लेषण भयो । पहिला 'एकीकृत क्रान्ति', शिवगढी भेलासम्म र दाङ राष्ट्रिय सम्मेलनमा व्यापक बहसपछि 'एकीकृत जनक्रान्ति' मा संश्लेषण भयो । ' दलाल संसद्वाद, आत्मसमर्पणवाद र विसर्जनवादका विरुद्ध सङ्घर्ष गरौं ! मार्क्सवाद-लेनिनवाद-माओवादको विकास गरौं ‼' भन्ने महान् उद्घोष गर्दै सम्पन्न नेकपाको ऐतिहासिक आठौं महाधिवेशन (१-१० फागुन, २०७३) ले उच्च केन्द्रीकरण एवम् व्यापक बहस र वर्गविश्लेषणसहित 'एकीकृत जनक्रान्ति' को समग्र रणनीति, कार्यनीति, आमनीति, कार्यक्रम र कार्ययोजनामा संश्लेषण एवम् विकास गऱ्यो । यसले नेपाली जनक्रान्तिको कार्यदिशामा देखापरेको समस्या समाधान गर्दै सैद्धान्तिक, राजनीतिक, सङ्गठनात्मक, आर्थिक, सङ्घर्षलगायत विषयहरू सुस्पष्ट गऱ्यो । कार्यदिशा पार्टीको विचार, दृष्टिकोण र मूल मार्ग हो । यसले रणनीति, कार्यनीति, कार्ययोजना, कार्यक्रम र कार्यान्वयनको नेतृत्व प्रदान गर्दछ । यसले ठोस दिशा स्पष्ट र क्रान्ति सङ्गठित पनि गर्दछ । यो समग्र वस्तुगत तथा आत्मगत स्थितिको विश्लेषण, लक्ष्य प्राप्तिको विधि, पद्धति र प्रक्रियाको निर्धारण हो । यो केवल सजाउने ध्वजापताका, फहराउने झन्डा, प्रवचन र नारा होइन, जीवन-व्यवहारमा लागू गर्ने मार्गदर्शन हो । यसमा अति, अन्योल र अनिच्छाको कुनै स्थान छैन ।

अहिले यो कार्यान्वयनमा अघि बढिरहेको छ । यसले नेपाली कम्युनिस्ट आन्दोलन र जनक्रान्तिलाई पुनर्सङ्गठित गरिरहेको छ । आम श्रमिकवर्ग र उत्पीडित जनताका निम्ति यो खुसी र गौरव मात्र होइन, नयाँ आशावाद, जीवन र भविष्य पनि हो ।

**ग) बहस, आलोचना र विश्लेषण**

प्रकृति विज्ञान, भौतिक विज्ञान, समाज विज्ञान आदिमा हुने नयाँ अन्वेषण, आविष्कार र प्रक्षेपणपछि स्वाभाविक रूपले पक्ष-विपक्ष, समर्थन-विरोध हुने गर्दछ । ग्यालिलियोले पृथ्वी गोलो छ भनेर पुष्टि गर्दा जेल जानुपऱ्यो । राइट दाजुभाइ (ओर्बल र विल्बर) ले पहिलोपटक हवाईजहाजको आविष्कारपछि उडान गर्दा करिब दुई दर्जन मानिस मात्र विश्वास गरेर अवलोकन गर्न पुगे । धेरैले यो आत्महत्या किन हेर्ने ? भनेका थिए । विसं २०५२ मा जनयुद्ध हुँदैछ वा गर्छौं भन्दा 'यो विपनामा जनयुद्धको सपना' लेखेर केही मानिसले हाँसीमजाक गरेकै हुन् । किप थोर्नले 'कुनै उन्नत वैज्ञानिक समुदायले ऋणात्मक शक्ति उत्पादन गरेर समय मेसिन बनाइहाले पनि त्यो खोल्नेबित्तिकै विस्फोट हुने वा नहुने सम्भावना पनि रहन्छ' भने । हकिङले त्यसको अस्वीकार र ठूलो प्रश्न खडा गर्दै हाँसीमजाकमा भने, 'इतिहासकारहरूको पेसा नै खतरामा नपरोस् भन्ने हेतुले प्रकृतिले यसलाई रोकेको हुनसक्छ । समय मेसिनको अस्तित्व कहिल्यै हुन सक्दैन, यसको सम्भावना हुँदो हो त हामीकहाँ भविष्यका मान्छेहरू पाहुना लाग्न आउँथे वा हामीलाई आक्रमण गर्थे ।'

(स्टेफन हकिङ, जीवनी, अनु. ओमप्रकाश खरेल, पृष्ठ ७९) ।

साम्राज्यवादीहरूले भौतिक विज्ञानमा गरिने आविष्कार मात्र होइन, त्यसको शोषण-उत्पीडन, बर्बरता वा दलाली गर्नेलाई पुरस्कारको पनि व्यवस्था गरेका छन् । समाजविज्ञानमा हुने आविष्कारमा वैचारिक र भौतिक आक्रमण गर्दछन् । एकीकृत जनक्रान्तिको संश्लेषण भएपछि नेपालमा बहस, आलोचना र विश्लेषण व्यापक रूपले भयो । यसको प्रस्तावना, व्याख्या, विश्लेषण, प्रतिक्रिया र आलोचना सबै समेटेर दाङ राष्ट्रिय सम्मेलनमा हामीले वर्ष ६, अङ्क ४, पुस २०७१ जनशिक्षा मासिकको विशेष अङ्कमा प्रकाशित पनि गरेका छौं । 'डिचगेन पिता जसलाई उनको साहित्यकार पुत्रबाट छुट्याउनु जरुरी छ, जोजति असफल थिए, आधुनिक समाजमा दर्शनशास्त्रका धेरैजसो प्रोफेसरहरू वास्तवमा 'पुरोहितहरूका डिग्री प्राप्त नोकरहरू' बाहेक अरू केही होइनन् । आफूलाई प्रगतिशील ठान्ने रुसी बुद्धिजीवीहरू र अन्य मुलुकहरूका उनका दाजुभाइहरूले डिचगेनका शब्दमा अभिव्यक्त मूल्याङ्कनको स्तरमा उतार्न ठयाम्मै नरुचाउनुको कारण साँचो कुराले उनीहरूका आँखा घोचिरहेको हुन्छ । डिचगेनले गरेको चरित्रचित्रण ठीक थियो । आधुनिक शिक्षित मान्छेहरू सत्तारूढ बुर्जुवा वर्गमाथि राजकीय, व्यापक आर्थिक, सामाजिक तथा अन्य तरिकाले कति निर्भर छन् भन्ने कुरा अलि गहिरिएर सोच्नु नै यथेष्ट हुनेछ ।'

लेनिन, लडाकु भौतिकवादको महत्व, सङ्कलित रचनासङ्ग्रह, पाँचौं रुसी संस्करण, खण्ड ४५, पृष्ठ २३-३३) ।

ती सबै विश्लेषण, प्रतिक्रिया र आलोचनाहरूको जबाफ महान् लेनिनको उल्लिखित भनाइ पर्याप्त छ । प्रतिक्रिया, बहस र आलोचनाहरूलाई क्रान्तिकारीहरूले सकारात्मक र नकारात्मक दुवै ढङ्गले ग्रहण गर्नुपर्दछ । ती सबै आरोपहरूको खण्डन यो आलेखमा सम्भव छैन । पार्टीका प्रकाशन, नेतृत्वहरूले शृङ्खलाबद्ध लेखरचनाको माध्यमबाट गरेका व्याख्या र विश्लेषणले प्रस्ट गरिसकेको मात्र होइन, यो कार्यदिशा लागू गर्ने प्रक्रियाले नयाँ उचाइ हासिल भइरहेको छ । यसमा आधार, विशेषता, चुनौती, सम्भावना र नयाँ कार्यभारको छोटो उल्लेख गरिनेछ ।

**घ) मुख्य आधार र विशेषता**

एकीकृत जनक्रान्तिको कार्यदिशा विकास र प्रयोगका मुख्य आधार र विशेषता निम्नरहेका छन् :

आधारका दृष्टिले पहिलो, सर्वशक्तिमान एवम् सार्वभौम मालेमावादको मार्गदर्शन हो । द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादी विश्वदृष्टिकोण हो । वर्गसङ्घर्ष, सशस्त्र सङ्घर्ष र सर्वहारावर्गको अधिनायकत्व हो । महान् सर्वहारा सांस्कृतिक क्रान्ति अथवा सर्वहारा अधिनायकत्वअन्तर्गत निरन्तर क्रान्तिको मान्यतालाई आत्मसाथ गर्नु हो । बुझ्ने, बदल्ने, रक्षा र विकास गर्ने हो । दोस्रो, पूर्वी युरोप, सोभियत सङ्घ, मध्यपूर्व र एसियामा सम्पन्न क्रान्तिहरू प्रतिक्रान्तिमा परिणत भए अथवा माओको निधनपछि विश्व कम्युनिस्ट आन्दोलन आत्मगत दृष्टिले रक्षात्मक बनिरहेको छ । क्रान्तिको मूल साधन कम्युनिस्ट पार्टीहरू टुटफुट र विभाजनको सिकार भइरहेका छन् । कम्युनिस्ट पार्टी र क्रान्तिलाई कसरी पुनर्सङ्गठित गर्ने ? प्रश्न मुख्य बनिरहेको छ । तेस्रो, उत्तरसाम्राज्यवादी सङ्कट र वैज्ञानिक समाजवादी क्रान्तिको वर्तमान युग । स्पेनी-अमेरिकी (सन् १८९८) र आङ्ग्लबोएर (सन् १८९९-१९०२) ले युद्धहरूपछि वर्तमान युगको चित्रण गर्दा दुबल गोलार्द्धका आर्थिक एवम् राजनीतिक साहित्यमा 'साम्राज्यवाद' शब्दको बढी प्रयोग गरेका थिए । सन् १९०२ मा बेलायती अर्थशास्त्री जीए हब्सनको 'साम्राज्यवाद' पुस्तक लन्डन र न्युयोर्कबाट प्रकाशित भएको थियो । उनले साम्राज्यवादको मुख्य आर्थिक एवम् राजनीतिक विशेषताहरूको धेरै राम्ररी र विस्तृत चित्रण गरेका थिए । त्यसपछि सन् १९१० मा अस्ट्रियाली मार्क्सवादी हिल्फेडिगको 'वित्तीय पुँजी' पुस्तक भियनाबाट प्रकाशित भयो । मार्क्सवाद र अवसरवादबीच मेलमिलाप गराउने लेखकको प्रयासका बाबजुद 'पुँजीवादी नवीनतम् चरण' मा धेरै महत्वपूर्ण विश्लेषण भनेर लेनिनले भन्नुभएको थियो । मार्क्स-एङ्गेल्सको समयमा पुँजीवाद थियो । सन् १९१६ को वसन्तमा लेनिनले जुरिचमा 'साम्राज्यवाद : पुँजीवादको चरम अवस्था' लेखेर त्यसको सविस्तार विश्लेषण र संश्लेषण गर्दै 'यसको अध्ययनबिना वर्तमान युद्ध, राजनीति र त्यसको उचित मूल्याङ्कन असम्भव हुन जान्छ । साथै साम्राज्यवाद समाजवादी क्रान्तिको पूर्वबेला हो, सामाजिक अन्धराष्ट्रवाद समाजवादप्रति पूर्ण विश्वासघात हो' भनेर पेत्रोग्रादबाट २६ अप्रिल, १९१७ मा उद्घोष गर्नुभएको थियो । १०४ वर्षपछि यो उत्तरसाम्राज्यवादमा विकसित भएको छ । एकीकृत जनक्रान्तिको कार्यदिशाद्वारा उत्तरसाम्राज्यवाद र दलाल पुँजीवादको हल र वैज्ञानिक समाजवादको अपरिहार्य आवश्यकता हो । चौथो, बर्नस्टिन, ख्रुस्चोभ, तेङहरूको शास्त्रीय, आधुनिक र अत्याधुनिक संशोधनवाद अहिले नवसंशोधनवादमा महापतन भएको छ, त्यसविरुद्धको सङ्घर्षमा विजय हासिल गर्ने हो । पाँचौं, वैज्ञानिक समाजवादको सफलता, लोकप्रियता, असफलताका कारणहरू, असल पक्षहरू, शिक्षा, अनिवार्यता र प्राप्तिको मार्ग हो । छैटौं, विज्ञान तथा प्रविधिको अभूतपूर्व विकास भइरहेको छ । यसमा विश्व-साम्राज्यवादको जति पहुँच, प्रचार र प्रभाव देखिन्छ त्यसको सारचरित्र, विशेषता र बदनामीको श्रमिक वर्ग एवम् उत्पीडित जनताले बुझ्ने र बदल्ने मार्ग पनि प्रशस्त गरिरहेको छ ।

विशेषताका दृष्टिले पहिलो, सामाजिक रूपले जनघनत्व, आवास, बजार, उत्पादन, सूचना-सञ्चार, यातायात आदिले जोडिएको गाउँ र सहर छ । दोस्रो, राजनीतिक रूपले सत्तामा केही सामन्तवादका विशेषताका बाबजुद दलाल तथा नोकरशाही पुँजीवाद हाबी छ । तेस्रो, वर्गसम्बन्धमा किसान, मजदुर आधारभूत र केही ढुलमूलका बाबजुद प्रगतिशील आधार वर्गका रूपमा नयाँ श्रमिकवर्ग (मध्यम वर्ग) को क्रमिक विकास भइरहेको छ । चौथो, विशिष्ट भूराजनीतिक अवस्था अथवा सानो र भूपरिवेष्ठित मुलुक हो- नेपाल । दलाली गरेर सस्तो श्रम बेच्ने र तस्करीमा कच्चा पदार्थ निर्यात गर्ने, आत्मनिर्भरभन्दा परनिर्भरताको समस्या चरम छ । किसान, मजदुर र नयाँ श्रमिक वर्गको एकता र राज्यसत्तामा हिस्सेदारी रहने चरित्र छ । भूगोल सानो वा ठूलोभन्दा विचारधारात्मक तथा राजनीतिक कार्यदिशाको वैज्ञानिकता र दृढ कार्यान्यिनले विजयलाई सुनिश्चित गर्दछ । पाँचौं, बहुजातीय र बहुसांस्कृतिक विशिष्टता छ । उत्पीडन, शोषण र असमानताको खाडलले विषमता पैदा गरेको छ । वर्गसङ्घर्षद्वारा वर्गसत्ताको हल गरेर सबै उत्पीडित जातिलाई सत्तामा पूर्ण अधिकारसहित मुक्त गर्ने विचार, राजनीति र क्रान्तिको अपरिहार्य आवश्यकता छ । छैटौं, विज्ञान तथा प्रविधिको अभूतपूर्व विकास र प्रयोगमा विश्व-साम्राज्यवादले जसरी शोषण, उत्पीडन, नियन्त्रण र आक्रमण गरिरहेको छ त्यही स्तरमा जनक्रान्तिको आधार निर्माण, प्रचार र प्रभाव पनि विस्तार भइरहेको छ । त्यो प्रतिरोध र विस्फोटको स्थितिमा पुग्दैछ । त्यसले तीव्रतामा उत्तरसाम्राज्यवाद र दलाल पुँजीवादको चिहान खनिरहेको छ । दृष्टिक्षितिजमा विश्व वैज्ञानिक समाजवाद-साम्यवादको ढोका खुलिरहेको छ । यी नै मूल आधार एवम् विशेषतामा एकीकृत जनक्रान्तिको अन्वेषण, प्रयोग र विकास भइरहेको छ ।

**ङ) चुनौती र सम्भावना**

विश्वकम्युनिस्ट आन्दोलनको विगत गौरवशाली र शिक्षाप्रद छ । नेपाली कम्युनिस्ट आन्दोलनको इतिहासले सकारात्मक र नकारात्मक शिक्षाहरू प्रदान गरेको छ । वर्तमानमा आत्मगत दृष्टिले यो केही चुनौतीपूर्ण रहे पनि वस्तुगत धरातलमा खडा भएर सुन्दर क्षितिज खुलिरहेको छ । वैचारिक, राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, सामरिक (सैन्य), प्राविधिकलगायत नयाँ विशेषताका दृष्टिले साम्राज्यवाद उत्तरसाम्राज्यवादमा विकसित हुनु, त्यसको प्रतिबिम्ब संशोधनवादको पनि नवसंशोधनवादमा महापतन हुनु, विशेषता एवम् सापेक्षताको समाजवाद र कम्युनिस्ट आवरणमा भ्रम पैदा गर्नु, कम्युनिस्ट समाजवादका असल पक्षहरूलाई विश्व-साम्राज्यवादले नक्कल एवम् परिवर्तन गरेर लागू गर्नु, समाजवादी मुलुकहरूमा साम्राज्यवाद र संशोधनवादका कारण प्रतिक्रान्ति हुनु, माओको मृत्यु मूलतः सन् १९७८ को भियतनाम क्रान्तिपछि विश्वमा कतै पनि कम्युनिस्ट क्रान्ति सफल नहुनु र विश्व कम्युनिस्ट केन्द्र निर्माण हुन नसक्नु अन्तर्राष्ट्रिय चुनौती छन् । नेपालमा पनि कम्युनिस्ट आवरणमा सामाजिक दलाल पुँजीवादीहरू सत्तामा हुनु, फासिवादी दमनमा आउनु, सबै जनसङ्घर्ष, जनआन्दोलन र महान् जनयुद्धसमेत सम्झौतामा टुङ्गिनु, जनताले बारबार धोका खानु आदि चुनौतीहरू देखिन्छन् । अन्तर्राष्ट्रिय रूपमा साम्राज्यवादी सङ्कट, बहुध्रुव, अन्तरविरोधहरू एवम् आर्थिक सम्बन्धमा परिवर्तन, स्वाधीन आन्दोलनमा विकास, सशस्त्र सङ्घर्ष एवम् क्रान्तिकारी आन्दोलनमा वृद्धि र आणविक शक्तिको विकासले प्रत्यक्ष युद्ध नभए पनि नयाँ स्वरूपका युद्धहरू देखापर्नुले नयाँ क्रान्ति विस्फोट हुने सम्भावना देखिन्छ । राष्ट्रिय रूपमा पनि दलाल पुँजीवादी सत्तामा चरम सङ्कट पैदा हुनु, त्यसले जनविरोधी तथा राष्टघाती हर्कतहरू गर्नु, जनतामा व्यापक असन्तोष एवम् आक्रोश बढ्नु, जनताले सत्ताको विकल्प खोज्नु र एकीकृत जनक्रान्तिले क्रमिक विकास गर्नुले सुन्दर सम्भावनाको क्षितिज खुल्दै गइरहेको छ । लेनिनले भन्नुभएको थियो, ' पिँजडाभित्र थुनेर कुनै अस्ट्रियाली केङ्गुरासँग प्रदर्शनीमा राख्नुपर्छ । बहुलठ्ठीपूर्ण शस्त्रीकरण र साम्राज्यवादी नीतिले आधुनिक युरोपमा यस्तो सामाजिक शान्ति ल्याउँदैछ जुन बारुदको पिपाजस्तो छ । समस्त बुर्जुवा पार्टीहरूको पतन र सर्वहारा वर्गको प्रौढता दिनप्रतिदिन बढ्दो छ ।'

(लेनिन, कार्ल मार्क्सको शिक्षाको ऐतिहासिक भवितव्य, प्राभ्दा अङ्क ५०, मार्च १९१३, खण्ड २३, पृष्ठ १-४)

लेनिनले भनेझैं विश्व-साम्राज्यवाद र दलाल पुँजीवादलाई सम्पूर्ण श्रमिक वर्ग तथा उत्पीडित जनताले चिहानमा गाड्नेछन् । अनि वैज्ञानिक समाजवाद-साम्यवाद अझै विकसित, शक्तिशाली र समृद्ध भएर आउनेछ । यी चुनौतीहरूको सामना र सम्भावनाहरूलाई वास्तविकतामा एकीकृत जनक्रान्तिले बदल्नेछ । युजिन पोत्तरको गीतझैं कुनै बिहान नष्ट हुनेछन् र उज्यालो रहिरहनेछ ।

**च) समाधान र विकास**

एकीकृत जनक्रान्तिको मूल उद्देश्य एवम् लक्ष्य समाज विज्ञान मालेमावादमा नयाँ विकास र विश्वव्यापी पैदा भएका तमाम समस्याहरूको समाधान गर्ने रहेको छ । गति एवम् अन्तरविरोधको नियम नै छ-यो यथास्थितिमा रहँदैन । पूर्वीयुरोप, सोभियत सङ्घ, मध्यपूर्व र एसियामा किन प्रतिक्रान्ति भयो ? माओको निधनपछि चार दशकसम्म किन क्रान्तिको ज्वाला बल्ने र निभ्ने भइरहेको छ ? कम्युनिस्ट पार्टीले श्रमिक वर्ग र उत्पीडित जनताको अग्रदस्ता बन्न, विषालु हावाका विरुद्ध सङ्घर्ष गर्न र विजय हासिल गर्न किन सकिरहेका छैनन् ? प्रकृति (भौतिक) विज्ञान र प्रविधिमा भएको क्रान्तिलाई समाज विज्ञानमा कसरी दार्शनिकीकरण गर्ने ? स्टेफन हकिङले 'विगतमा दर्शन र विज्ञान सँगै थियो तर आज अलग-थलग हुन पुगेको छ । दर्शनले समाजका समस्याहरूलाई विज्ञानसम्मत ढङ्गले समाधान दिन सकेको छैन' भन्ने संश्लेषण गर्दै सामान्य सापेक्षता तथा क्वान्टम यान्त्रिकीको अनिश्चितता सिद्धान्तलगायतलाई भौतिक विज्ञानको एकीकरण गरेका छन् । उत्तरसाम्राज्यवाद तथा नवसंशोधनवाद र दलाल पुँजीवादको हल कसरी गर्ने ? भन्ने गम्भीर प्रश्नहरूको जबाफ मात्र होइन, एकीकृत जनक्रान्तिले दर्शनमा विपरीतको सङ्घर्ष-एकत्वको नियम वस्तु, समाज र कम्युनिस्ट पार्टीमा कसरी लागू हुन्छ, बुझ्ने, बदल्ने, रक्षा र विकास गर्ने नयाँ सिद्धान्तको विकास र प्राकृतिक र भौतिक विज्ञानमा भएका नयाँ खोज र विकासअनुसार समाज विज्ञानमा पनि विकास गर्ने सवाल मुख्य रूपमा उठान गरेको छ । राजनीतिक रूपमा जनवाद र अधिनायकत्वको वैज्ञानिक प्रयोगको सवाल उठाएको छ । मानवसमाजको सबैभन्दा उन्नत र समृद्ध वैज्ञानिक समाजवादी अर्थप्रणाली एवम् कम्युनिस्ट अर्थ दृष्टिकोणको विकास तथा नेता, कार्यकर्ता र जनतामा त्यसको सही प्रयोगको नयाँ प्रणाली एवम् नीतिको विकास गरेको छ । सङ्गठनात्मक रूपमा समाजको सबैभन्दा वैज्ञानिक, जनवादी, क्रान्तिकारी, निःस्वार्थी र आधुनिक कम्युनिस्ट पार्टीको निर्माण, परिचालन, सञ्चालन विधि-पद्धति र नेतृत्व प्रणालीमा नयाँ विकास भइरहेको छ । नयाँ परिस्थितिमा कार्यक्रमका दृष्टिले न्यूनतम् राजनीतिक व्यवस्था वैज्ञानिक समाजवाद हो । एकीकृत जनक्रान्तिका सात विशेषता- सहर र गाउँ, जनता र जनसेना, किसान-मजदुर र नयाँ श्रमिक वर्ग (मध्यम वर्ग), देशभक्त र कम्युनिस्ट, वैज्ञानिक प्रविधि र मानवशक्ति, वर्ग, राष्ट्र, समुदाय र लैङ्गिकलाई कम्युनिस्ट पार्टीको नेतृत्वदायी भूमिकामा एकताबद्ध गर्ने रहेका छन् । पाँच आधार- राजनीतिक/वैचारिक, सङ्गठनात्मक, सङ्घर्ष, आर्थिक र विज्ञान-प्रविधि रहेका छन् । सात रणनीति- राजनीतिक, सैन्य, सङ्गठनात्मक, सङ्घर्ष, आर्थिक, संयुक्त मोर्चा र अन्तर्राष्ट्रिय छन् । समग्रमा तत्कालीन कार्यनीति, कार्यक्रमहरूको विकास पनि गरेको छ । खास क्षेत्र (इलाका) हरूको परिभाषित पनि गरेको छ । यो कार्यदिशाको अन्वेषण र प्रयोग आफैंमा नयाँ मोडल र विकास हो जसको विशिष्टताले सार्वभौम विकास गर्दै पनि जानेछ ।

**छ) नयाँ कार्यभार**

पहिलो, एकीकृत जनक्रान्ति नयाँ अन्वेषण, प्रयोग र विकास भएकाले क्रान्तिकारीहरूले यसका विशेषताहरूलाई सही ढङ्गले बुझ्ने र यसका आधार हरूको सिर्जनात्मक ढङ्गले लागू गर्ने मुख्य कार्यभार हो । दोस्रो, आमश्रमिक वर्ग तथा उत्पीडित जनताको एक यस्तो शक्तिशाली सङ्गठनात्मक जालो निर्माण गर्ने जसले बहुमत जनतासँग गहन, अटुट, सजिलैसँग पुनरावलोकन र नवीकरण गर्न सकिने सम्बन्ध कायम गरोस् । तेस्रो- जनदिशाका आधारमा जनतासँग सुदृढ सम्बन्ध स्थापित गर्ने, आकर्षित, सङ्गठित र आन्दोलित गर्न सर्वाधिक वर्गचेतना, प्रगतिशील पङ्क्ति खडा गर्न मेहनत गर्ने । चौथो, व्यापक जनसमूहलाई माथि उठाउन, विचार, राजनीति, सङ्गठन र सङ्घर्षद्वारा प्रशिक्षित तथा नेतृत्व गर्दै दलाल पुँजीवादी सत्ताका विरुद्ध एकीकृत पार्नुपर्छ । पाँचौं, सबैखाले अवसरवाद, आत्मसमर्पणवाद, संशोधनवादका विरुद्ध सम्झौताराहित सङ्घर्ष गर्ने । साथै महान् सर्वहारा सांस्कृतिक क्रान्तिको प्रस्थान बिन्दुमा सञ्चालित पार्टीको शुद्धीकरण अभियानलाई साकार तुल्याउने ।

अन्त्यमा

'पुँजीपतिहरू र कुलाकहरूको कुनै पनि शक्तिले, सैकडौं अर्ब सम्पत्ति खेलाउने अन्तर्राष्ट्रिय वित्तीय पुँजीको कुनै पनि शक्तिले जनक्रान्तिलाई पराजित गर्न सक्नेछैन । उल्टो जनक्रान्तिले सम्पूर्ण विश्वलाई ढाक्नेछ । जब कुनै विचारधाराले जनसमूहलाई ढाक्छ, त्यो एक भौतिक शक्तिमा परिणत हुन्छ । संसारमा कुनै त्यस्तो शक्ति छैन जसले उनीहरूलाई विश्व-समाजवादी क्रान्तिको विजय दिवससम्म त्यो सत्ता आफ्नो हातमा कायम गर्नबाट रोक्न सकोस् ।'

(१ अक्टोबर, १९१७ लेनिन, के बोल्सेविकहरू राज्यसत्ता थाम्न सक्छन् ?, सङ्कलित रचना सङ्ग्रह, पाँचौं संस्करण, खण्ड ३४, पृष्ठ २८७-३३९)

लेनिनले उल्लेख गरेझैं उत्तरसाम्राज्यवाद तथा दलाल पुँजीवादको अन्त्य, एकीकृत जनक्रान्तिको विजय र वैज्ञानिक समाजवाद-साम्यवादको स्थापना अवश्यम्भावी छ ।

**सन्दर्भ सामग्री**

१) *जनशिक्षा मासिक, वर्ष ६, अङ्क ४, पुस २०७१ विशेष अङ्क*
२) *नौलो बिहानी मासिक, वर्ष २१, अङ्क १, फागुन, २०७३, विशेष अङ्क*
३) *विप्लव, एकीकृत जनक्रान्ति (तेस्रो संस्करण) १ फागुन, २०७३, जनशिक्षा मासिक*
४) *विप्लव, वैज्ञानिक समाजवाद, वैशाख, २०७५, रातो खबर प्रकाशन गृह प्रा.लि.*
५) *विप्लव, महापतन (प्रचण्ड पतनको अन्तर्कथा) असोज, २०७५, रातो खबर प्रकाशन गृह प्रा.लि.*
६) *हेमन्तप्रकाश वली 'सुदर्शन', विश्वदृष्टिकोणमा रूपान्तरण, असोज, २०७६, रातो खबर प्रकाशन गृह प्रा.लि.*

# राष्ट्रघाती एमसीसी परियोजना नलाद्न चार किसान सङ्गठनको चेतावनी

मुलुकमा किसान हकहितमा क्रियाशील चारवटा किसान सङ्गठनले संयुक्त वक्तव्य जारी गर्दै राष्ट्रियताविरुद्धको राष्ट्रघाती अमेरिकी परियोजना नलाद्न सरकारलाई चेतावनी दिएका छन्।

अखिल नेपाल किसान महासङ्घका अध्यक्ष भैरवराज रेग्मी, अखिल नेपाल किसान महासङ्घ (क्रान्तिकारी) का अध्यक्ष सीताराम तामाङ, अखिल नेपाल किसान युनियनका अध्यक्ष/इन्चार्ज लोकनारायण सुवेदी र अखिल नेपाल प्रगतिशील किसान सङ्घका अध्यक्ष कृष्ण रानाले वक्तव्य जारी गरी एमसीसी सम्झौताले नेपालको सार्वभौमिकता, संविधान, सर्वोच्च अदालत र कानुनलाई मात्र लत्याउने नभएर संयुक्त राष्ट्रसङ्घको घोषणापत्र, असंलग्न आन्दोलनको मर्म, भावना तथा अन्तर ष्ट्रिय सन्धि र सम्झौताका मूल्यमान्यतालाई पनि लत्याउने र नेपालको अस्तित्वलाई यूएस-इन्डो धुरीको मातहतमा राख्ने भएकाले नेपाललाई शक्तिराष्ट्रहरूको अखडा बनाउने यस किसिमको राष्ट्रघाती सम्झौता पारित नगर्न चेतावनी दिएका हुन्।

संयुक्त वक्तव्यमा भनिएको छ, 'नेपालको संसद्मा विचाराधीन रहेको अमेरिकी कम्पनीसँग गरिएको एमसीसी सम्झौता नेपालको हितमा छैन भन्ने कुरा यस सम्झौताको रणनीतिक उद्देश्य र यस सम्झौतामा राखिएका अपमानजनक प्रावधान दुवै कारणले प्रमाणित हुन्छ र यसमा कुनै परिमार्जन गर्ने गुन्जायस नभएको हामी चार किसान सङ्गठनसँग संविधान, कानुन तथा सम्झौताविद्हरूले गरेको अन्तरसंवाद र दिएका सुझावहरूले थप प्रस्ट पारेको छ।'

वक्तव्यमा अगाडि भनिएको छ, 'यो सम्झौताले नेपालको सार्वभौमिकता, संविधान, सर्वोच्च अदालत र कानुनलाई मात्र लत्याउँदैन, संयुक्त राष्ट्रसङ्घको घोषणापत्र, असंलग्न आन्दोलनको मर्म, भावना तथा अन्तर्राष्ट्रिय सन्धि र सम्झौताका मूल्यमान्यतालाई पनि लत्याउने र नेपालको अस्तित्वलाई यूएस-इन्डो धुरीको मातहतमा राख्ने, नेपाललाई शक्तिराष्ट्रहरूको अखडा बनाउने तथा नेपालको कुनै किसिमले पनि हित नहुने भएकाले हामी चार किसान सङ्गठन यसको परिमार्जन वा संशोधनजस्ता भ्रमपूर्ण कुरामा जनता र राष्ट्र अलमल्याउने र यसलाई पारित गरेर नेपालमाथि अपूर्व खतरा निम्त्याउने कुराको जोडदार विरोध गर्दछौँ। यसका विरुद्ध सङ्घर्ष गरिरहेका सबै साम्राज्यवादविरोधी शक्ति, समूह र सङ्गठनहरूप्रति ऐक्यबद्धता दोहोऱ्याउँछौँ। यस्तो राष्ट्रघाती र खतरनाक सम्झौताको परिमार्जन र संशोधनतिर नलागी यो सम्झौतालाई अस्वीकार र खारेज गर्न पुनः जोडदार माग गर्दछौँ।'

# पार्टीका नाममा पार्टीविरोधी गतिविधि नगर्न चेतावनी

नेपाल कम्युनिस्ट पार्टी कास्कीले पार्टीको नाउँ बेचेर चन्दा असुलीमा लागेका अर्जुन राउत र रामकुमार डीसीको भण्डाफोर गरेको छ। पार्टी सेक्रेटरी विश्वासले विज्ञप्ति जारी गर्दै यस किसिमका पार्टीविरोधी हर्कत गर्नेलाई थप कारबाही गर्ने चेतावनी पनि दिएका छन्।

विश्वासले जारी गरेको प्रेस विज्ञप्तिमा भनिएको छ, 'एउटा जिम्मेवार राजनीतिक पार्टीको नाताले हाम्रो पार्टीको राजनीतिक वैचारिक, साङ्गठनिक सङ्घर्ष अर्थात् राष्ट्रिय स्वाधीनता, जनतन्त्र र जनजीविकाका पक्षमा र राष्ट्रघात, जनघात, भ्रष्टाचार, कमिसनखोरी, लुट, दलाली तथा अनेकखाले जनविरोधी क्रियाकलापविरुद्धको अभियानमा तमाम सहयोगी, शुभचिन्तक र आमजनता आर्थिक, नैतिक, भौतिकलगायत सहयोग प्राप्त गरिरहेको विषय सबैमा स्पष्ट नै छ। तर हाम्रो पार्टीको लोकप्रियता, आकर्षण र विजय अभियानलाई दुरुपयोग गरी आफ्नो व्यक्तिगत स्वार्थ पूरा गर्न केही व्यक्तिहरूले र विभिन्न गिरोहहरूले देशका विभिन्न ठाउँहरूमा हाम्रो पार्टीको नामबाट आर्थिक चन्दाका कुकर्म गर्ने दुष्प्रयास गर्ने, हाम्रो पार्टीको बदनाम गर्ने, हाम्रो पार्टीका नाममा गरिरहेका नक्कली गतिविधिप्रति कास्की जिल्ला पार्टीको गम्भीर ध्यानाकर्षण भएको छ र गम्भीर निगरानी गरिएको पनि अवगत गराउन चाहन्छौँ।'

विज्ञप्तिमा भनिएको छ, '२०७७/५/३१ गते पोखराको हल्लनचोकबाट अर्जुन राउत र रामकुमार डीसी नाम गरेका २ जना व्यक्तिलाई हाम्रो स्थानीय पार्टी र शुभचिन्तकको पहलमा भण्डाफोर गरेर केही समयपछि उनीहरूलाई प्रहरीले लगेको छ। हाल उनीहरू हाम्रो पार्टीका कुनै पनि आधिकारिक व्यक्ति नभएको स्पष्ट पार्न चाहन्छौँ। साथै पार्टीका नाममा जोकसैले नक्कली र अनधिकृत हर्कत नगर्न हाम्रो पार्टी खबरदारी गर्दछ। कहीँकतै भेटिएमा पार्टीबाट कठोर कारबाहीको भागीदार हुनु पर्नेछ। सामाजिक सञ्जालमा केही व्यक्तिहरूबाट आएका अनर्गल हल्ला र भ्रमको पछि नलाग्न पनि आम जनसमुदायहरूमा हाम्रो पार्टी हार्दिक अपिल गर्दछ।'

यसैबीच अखिल (क्रान्तिकारी) ले नुवाकोट संयोजक रामकुमार डीसीलाई सङ्गठनको साधारण सदस्यबाट समेत निष्कासन गरेको छ।

सङ्गठनका उपत्यका क्षेत्रीय समन्वय समितिका संयोजक हर्कबहादुर विकले बिहीबार विज्ञप्ति जारी गरी डीसी आर्थिक अपराधजन्य क्रियाकलापमा संलग्न भएको पाइएको भन्दै उनलाई निष्कासन गरिएको जनाएका छन्।

आर्थिक तथा साङ्गठानिक अराजकताका कारण डीसीलाई यसअघि निलम्बन गरिएको तर रूपान्तरण हुनुको साटो सङ्गठनको नीति र अनुशासनविपरीत गम्भीर आर्थिक अपराधजन्य गतिविधिमा संलग्न भएको पाइएकाले निष्कासन गर्नुपरेको विज्ञप्तिमा उल्लेख छ।

'हाम्रो सङ्गठनका तत्कालीन नुवाकोट जिल्ला समिति संयोजक रहेका रामकुमार डीसीलाई आर्थिक तथा साङ्गठनिक अराजकताका कारण सङ्गठनद्वारा गत असार २०७७ मा निलम्बनसहितको आन्तरिक कारबाही गरिएकोमा रूपान्तरण हुनुको सट्टा सङ्गठनको नीति र अनुशासनविपरीत पुनः गम्भीर आर्थिक अपराधजन्य गतिविधिमा संलग्न भएको पाइएकाले निजलाई आजकै मितिबाट सङ्गठनको साधारण सदस्यसमेत नरहने गरी निष्कासनको कारबाही गरिएको छ', विज्ञप्तिमा भनिएको छ।

विज्ञप्तिमा अखिल क्रान्तिकारीको रक्तरञ्जित झन्डालाई दुरुपयोग नगर्न चेतावनी दिँदै संयोजक विकले सङ्गठनको बदनाम गर्नेहरूलाई कडा कारबाही गरिने पनि बताएका छन्।

विप्लव नेतृत्वको नेकपाको कार्यकर्ता हुँ भन्दै व्यवसायीसँग चन्दा माग्ने अर्जुन राउत र रामकुमार डीसीलाई कास्कीबाट प्रहरीले पक्राउ गरेको थियो।

# दलितमाथि ज्यादती गर्ने दोषीलाई कारबाही गर : दलित मोर्चा

दलित मुक्ति मोर्चा नेपाल केन्द्रीय समितिले देशभर दलित समुदायमाथि राज्यबाट विभेदका घटना बढिरहेको र कतिपय स्थानमा प्रहरी प्रशासन नै उत्पीडनमा लागेकाले पीडकमाथि कारबाही र पीडितलाई न्याय दिन सरकारसँग माग गरेको छ।

मोर्चाका अध्यक्ष डम्बरबहादुर विश्वकर्माले आइतबार जारी गरेको प्रेस विज्ञप्तिमा दलित समुदायमाथि पछिल्लो समय देशव्यापी भइरहेका विभेदका घटना र राज्यद्वारा त्यसमाथि गरिएको बेवास्ता र विभेदपूर्ण व्यवहारप्रति खेद प्रकट गरेका छन्।

उनको विज्ञप्तिमा भनिएको छ, 'कैलाली जिल्लाका १९ वर्षीय युवक रोशन विकको जिल्ला प्रहरी हिरासतमा चरम यातनापछि भएको मृत्युको घटनासम्म आइपुग्दा यो वर्ष मारिने दलित समुदायका व्यक्तिहरूको सङ्ख्या दर्जन नाघेको छ। कैलाली जिल्लाको धनगढी उपमहानगरपालिका ५ जाईटोलका निज रोशनलाई सार्वजनिक मुद्दामा भदौ २२ गते पक्राउ गरिएको र २४ गते हिरासतमा आत्महत्या गरेको खबर सार्वजनिक गरिएको थियो। प्रत्यक्षदर्शी र घरपरिवारका अनुसार ती युवकको शरीरमा पूरै घाउचोट र निलडाम देखिएकाले उक्त घटना आत्महत्या नभई प्रहरीको यातना र कुटपिटबाट हत्या भएको छर्लङ्ग हुँदा पनि प्रहरी प्रशासनले सामान्य अनुसन्धान टोली निर्माण गरेर घटनालाई ढाकछोप गरी आत्महत्या नै साबित गर्ने प्रयास भैरहेको देखिन्छ।'

विज्ञप्तिमा विभेदको तथ्याङ्क प्रस्तुत गर्दै अगाडि भनिएको छ, 'विगत एक वर्षको अवधिमा दलित समुदायमाथि विभेद, हत्या र बलात्कारका घटनाहरू व्यापक भइरहेका छन्। रौतहट जिल्लाको गरुडास्थित नर्सरीमा काम गर्ने २१ वर्षीय निरञ्जन रामको हत्याकाण्डमा साहू फरार तर प्रहरीद्वारा सोझासीधा दलित समुदायका व्यक्तिहरू पक्राउपछि यातनाबाट विजयरामको मृत्यु र लास शिक्षण अस्पताल महाराजगन्ज काठमाडौँमा अलपत्र, धनुषामा शम्भु दासको हत्या, सप्तरीमा दलित युवतीको बलात्कार घटनाको उजुरी दिने त्रिभुवन रामको घाँटी रेटी हत्या, रौतहटकै गडीमाईमा ३५ वर्षीया मित्रादेवी बैठाको १४ भदौमा उखुबारीमा बलात्कारपछि हत्या, त्यस्तै रूपन्देहीमा १३ वर्षीया अङ्गिरा पासीको गत जेठ १० गते बलात्कारपछि हत्या र सप्तरीमा सडक मिचेको विरोध गर्दा दलित बस्तीमाथि आक्रमण र कुटपिट गर्दा २ जना दलित सख्त घाइते आदि यसबीचका प्रतिनिधिमूलक घटनाहरू हुन्। जेठ १० गते रुकुमको चौरजहारी नगरपालिका ८, सोती गाउँमा अन्तरजातीय प्रेम र विवाह प्रसङ्गमा पूरै गाउँलेको आक्रमणमा ६ जना युवाको बीभत्स हत्या यीमध्ये सबैभन्दा भयानक र दर्दनाक घटना हो। देशका सबै गाउँ र नगरमा यसप्रकारका घटनाहरू दिनप्रतिदिन बढिरहेका छन्। उपरोक्त सबै घटनामा कतिपय ठाउँमा प्रहरी स्वयम् संलग्न रहेको छ भने अन्य घटनामा प्रहरीले पीडितलाई न्याय प्रदान गर्नुको सट्टा उल्टै पीडकलाई बचाउने र घटनालाई ढाकछोप गर्ने गरेको पाइएको छ।'

विज्ञप्तिको अन्त्यमा भनिएको छ, 'दलितमाथिथि देशैभर भएका घटनाहरूको गहिराइमा छानबिन गरी दोषीलाई कारबाही र पीडितलाई न्याय र क्षतिपूर्ति प्रदान गर्न हाम्रो मोर्चा राज्यसँग जोडदार माग गर्दछ। अन्यथा त्यसबाट उत्पन्न हुने परिस्थितिको जिम्मेवार राज्य स्वयम् हुनुपर्नेछ।'

# अखिल (क्रान्तिकारी) द्वारा विभिन्न ठाउँमा रक्तदान

काठमाडौँ : नेपाल कम्युनिस्ट पार्टी निकट अखिल (क्रान्तिकारी) ले कोरोना महामारीका कारण देशैभरि रगत अभाव भएको भन्दै देशका विभिन्न स्थानमा अभियान सञ्चालन गरी रक्तदान गरेको छ।

यसैबीच क्रान्तिकारीको मेची-कोसी क्षेत्रीय समन्वय समितिअन्तर्गत सुनसरी जिल्ला समितिले रक्तदान कार्यक्रम गरेको छ। क्रान्तिकारीको आयोजनामा गरिएको कार्यक्रममा सुनसरी जिल्लाका विद्यार्थी र धरानका २० जनाले रक्तदान गरेका हुन्।

यस्तै अखिल क्रान्तिकारी झापाले रक्तदान गरेको छ। सङ्गठनको केन्द्रीय कार्यक्रमअनुसार अखिल क्रान्तिकारी झापाले असोज २ गते आम्दा अस्पताल दमकमा कार्यक्रम आयोजना गरी रक्तदान सम्पन्न गरेको हो।

अखिल क्रान्तिकारी मेची-कोसी क्षेत्रीय समन्वय समितिअन्तर्गत झापा जिल्ला समितिका संयोजक कुमार शाहीको नेतृत्वमा रक्तदान सम्पन्न भएको हो। त्यहाँ अखिल क्रान्तिकारीका नेता-कार्यकर्ता र सर्वसाधारण गरी ३० जनाले रक्तदान गरेका थिए।

कोरोना भाइरसको सङ्क्रमणका कारण रक्तदान नहुँदा देशभर रगतको अभाव हुँदै गएको र रगतको अभावका कारण कुनै पनि बिरामीले अकालमा ज्यान गुमाउनु नपरोस् भनेर रक्तदान गरिएको संयोजक शाहीले बताए।

यस्तै अखिल (क्रान्तिकारी) दाङ जिल्ला समितिले रक्तदान कार्यक्रम सम्पन्न भएको जनाएको छ। सङ्गठनका दाङ जिल्ला अध्यक्ष, उपाध्यक्ष, सचिवलगायत जिल्ला समिति र नगर समितिका १२ जनाले रक्तदान गरेका थिए। अन्य समयमा पनि बिरामीहरूलाई रगतको आवश्यकता परेको र रक्त सञ्चार केन्द्रमा रगत अभाव भएको खण्डमा आफूहरूले सक्दो सहयोग गर्ने केसीले बताए।

क्रान्तिकारीले देशका विभिन्न ठाउँमा अभियानकै रूपमा रक्तदान कार्यक्रम गर्दै आएको छ। रगतको अभावमा कोही पनि बिरामीको ज्यान नजाओस् भन्ने उद्देश्यले रक्तदान गरिएको क्रान्तिकारीले जनाएको छ। अखिल (क्रान्तिकारी) ले देशभर निरन्तर रक्तदान कार्यक्रम सञ्चालन गर्न अनुरोधसमेत गरेको छ।

# रूपन्देहीमा आधारभूत जनपत्रकारिता तालिम

जनबाटो मिडिया प्रालिले रूपन्देहीमा आधार भूत पत्रकारिता तालिम सम्पन्न गरेको छ। आठ जिल्लाका प्रशिक्षार्थीको सहभागिता रहेको उक्त कार्यक्रममा आमसञ्चार र सञ्चारमाध्यमको आवश्यकता, मिसन पत्रकारिताको महत्व, संवाददातामा हुनुपर्ने गुण, अनलाइन पत्रकारिता, रेडियो उद्घोषण, मिसन पत्रकारितामा रिपोर्टिङ कला, अन्तरवार्ताको महत्व, खोज पत्रकारिता, सम्पादकीय लेखन, फिचर लेखन, फोटो पत्रकारिता र जनपक्षीय पत्रकारितामा केन्द्रित रही तालिम तथा प्रशिक्षण दिइएको रूपन्देहीबाट प्राप्त समाचारमा जनाइएको छ।

१५ जना प्रशिक्षार्थीको सहभागिता रहेको तालिममा खोमा तरामु मगर र अनिल नेपालीले प्रशिक्षण दिएको पनि समाचारमा जनाइएको छ। कार्यक्रममा प्रशिक्षार्थीका तर्फबाट अनुभूतिजन्य मन्तव्य राख्दै प्रशिक्षार्थी इन्दु वली र सागर विकले तालिममा प्राप्त गरेको ज्ञानलाई व्यवहारमा उतार्ने प्रतिबद्धता जनाएका थिए। उनीहरूले पत्रकारिताको तालिमले नयाँ उत्साह पैदा गरेको भन्दै श्रमजीवी वर्गका पक्षमा कलम चलाउने बताए। खोमाको अध्यक्षता र अनिलको सञ्चालनमा सम्पन्न भएको थियो।

# आन्दोलनका लागि तयार हुन मोर्चाको आह्वान

मोहन वैद्य 'किरण' निकट देशभक्त जनगणतान्त्रिक मोर्चा नेपालले देश विकराल अवस्थामा पुगेको भन्दै जनतालाई अर्को सशक्त आन्दोलनका लागि तयार रहन आह्वान गरेको छ।

मोर्चाका अध्यक्ष सीपी गजुरेलले आइतबार विज्ञप्ति जारी गर्दै केपी वली सरकारले जनघात, राष्ट्रघात, महँगी, भ्रष्टाचार, कमिसनबाट देश टाट पल्टाउन लागेकाले निर्णायक सङ्घर्षमा उत्रिन जनतालाई आह्वान गरेका हुन्। स्मरणीय छ, नेकपाका महासचिव विप्लवले आइतबार बिहान विज्ञप्ति जारी गर्दै दलाल संसदीय सत्ताको विकल्पको तयारीका लागि सङ्घर्षमा जुट्न आह्वान गरेका थिए।

विदेशी शक्ति केन्द्रहरू, दलाल पुँजीपति र बिचौलियाको निर्देशनमा सञ्चालित यो सरकार संसद्मा पारित हुनबाट जोगिएको एमसीसी सम्झौतामा अमेरिकी सरकार थोरै पछि हटेको देखाएर संसद्को आगामी अधिवेशनबाट पारित गराउने खतरा देखिएको गजुरेलको विज्ञप्तिमा उल्लेख छ।

यसैबीच नेकपा (क्रान्तिकारी माओवादी) निकट जनगणतान्त्रिक जिल्ला सम्पर्क समन्वय समितिको आयोजनामा आइतबार माइतीघर मण्डलामा विरोध प्रदर्शन गरिएको छ। अमेरिकी साम्राज्यवाद, भारतीय साम्राज्यवाद र दलाल केपी वली नेतृत्वको सरकारका विरुद्ध चर्को नाराबाजीसहित गरिएको विरोध प्रदर्शनसँगै विरोधसभासमेत आयोजना गरिएको हो।

विरोधसभालाई क्रान्तिकारी माओवादीका स्थायी समिति सदस्य तथा देशभक्त जनगणतान्त्रिक मोर्चा नेपालका महासचिव परि थापा, पार्टी केन्द्रीय सदस्य तथा अनेमसङ्घ (क्रान्तिकारी) की महासचिव शारदा महत, पार्टी केन्द्रीय सदस्य तथा अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासङ्घका महासचिव वसन्त बोगटी र जनगणतान्त्रिक जिल्ला सम्पर्क समन्वय समितिका संयोजक विष्णु खड्काले सम्बोधन गरेका थिए।

कार्यक्रममा नेताहरूले एमसीसी पारित भए नेपालको राष्ट्रिय स्वाधीनता गुम्ने भन्दै कुनै पनि हालतमा यो सम्झौता खारेज गरिनुपर्नेमा जोड दिएको समाचारमा जनाइएको छ।

# नेकपा पाल्पाद्वारा १६ जनवर्गीय समिति गठन र १७ जनभेला सम्पन्न



जनसङ्गठन निर्माण, जनभेला, प्रशिक्षण, जागरण अभियान अघि बढाइरहेको नेकपा पाल्पाले भदौ २६ देखि असोज ६ गतेसम्म जिल्लाका विभिन्न स्थानमा युवा सङ्गठनका ६, विद्यार्थी सङ्गठनका ३, महिला सङ्गठनका ३, मगर मोर्चाको १ र किसान सङ्गठनका ३ वटा समितिहरू निर्माण गरेको जानकारी प्राप्त भएको छ।

यसबीचमा नेकपा पाल्पाले विभिन्न स्थानमा विभिन्न राजनीतिक पार्टी र तत्वहरूसँग समसामयिक राजनीतिक विषयमा भेटघाट, अन्तरक्रिया, छलफल र बहस गर्नुका साथै १७ वटा जनभेला सम्पन्न गरेको पाल्पाबाट प्राप्त समाचारमा जनाइएको छ।

अभियानका क्रममा पार्टी सेलहरूको बैठक, प्रशिक्षण र सदस्यता नवीकरणसमेत गरिएको जानकारी नेकपा पाल्पाका इन्चार्ज प्रवीणले दिएका छन्। त्यसैगरी अभियानका क्रममा जवस र मोर्चाको सदस्यता वितरण गर्नुका साथै दलहरूसँग जिल्ला र स्थानीय स्तरमा अन्तरक्रिया, छलफल र बहस निरन्तर जारी रहेको नेकपा पाल्पाले जनाएको छ।

अभियानका क्रममा गाउँघरसम्म पुगेर सर्वसाधारणलाई कोरोना महामारीविरुद्ध जनचेतना जगाइएको, दलाल पुँजीवादी सत्ताको भ्रष्टाचार, कालोबजारी, महँगी, चर्को कर असुलीलगायत जनविरोधी कार्यको भण्डाफोर गरिएको र अभियानमा सयौँ जनताका बीचमा पार्टीको नीति, योजना र कार्यक्रम सम्प्रेषण गरिएको प्राप्त समाचारमा जनाइएको छ।

गत भदौ १५ देखि सुरु भएको नेपाल कम्युनिस्ट पार्टी पाल्पाको अभियान जिल्लाभरि तीव्र रूपमा चलिरहेको पनि समाचारमा जनाइएको छ।

# नेकपाका नेता वीरजङ्गको स्वास्थ्य अवस्थालाई लिएर परिवार चिन्तित

**काठमाडौँ** : नेपाल कम्युनिस्ट पार्टीका केन्द्रीय सदस्य तथा तत्कालीन पश्चिम केन्द्रीय कमाण्ड इन्चार्ज चन्द्रबहादुर चन्द 'वीरजङ्ग' को स्वास्थ्य अवस्थालाई लिएर परिवारले चिन्ता व्यक्त गरेको छ।

इलाका प्रहरी कार्यालय सुनसरीको धरानमा राखिएका नेता वीरजङ्गलाई अत्यधिक ज्वरो आएपछि स्वास्थ्य परीक्षण गर्दा असोज २ गते शुक्रबार कोरोना भाइरसको सङ्क्रमण पुष्टि भएर अस्पताल भर्ना गरे पनि ५ गते नै पुनः हिरासत फर्काएको परिवारले जनाएको छ। उनीहरूले ज्वरो नियन्त्रणमा नआउँदै प्रहरीले अस्पतालबाट ३ दिनमै हिरासत पुऱ्याएको भन्दै उच्च ज्वरो आउने र टाउको दुख्ने गरेकै समयमा प्रहरीले अस्पतालबाट हिरासतमा फिर्ता लगेको बताएका छन्। यसरी लक्षणसहितको कोरोना सङ्क्रमण पुष्टि हुँदा र उच्च ज्वरो आउँदा पनि अस्पतालमा उपचार गर्न नदिएको भन्दै परिवारले जीवनरक्षाको माग गरेका हुन्। उनलाई कोरोना भाइरस पुष्टि भएपछि धरानकै कोभिड हस्पिटलमा भर्ना गरिएको थियो।

यसअघि सङ्खुवासभामा राखिएका नेता वीरजङ्गलाई अदालतले रिहाको आदेश गरेलगत्तै पुनः गिरफ्तार गरी सरकारले सुनसरी लगेको थियो। गत असोज ३० गते दाङबाट गिरफ्तार गरिएका नेता वीरजङ्गलाई जिल्ला अदालत दाङ देउखुरीले रिहा गरेलगत्तै पुनः गिरफ्तार गरी काभ्रे पुर्याएको थियो। त्यस्तै काभ्रेबाट रिहा हुनेबित्तिकै उनलाई पुनः तेस्रोपटक गिरफ्तार गरी भोजपुर लगिएको थियो।

नेता वीजङ्गलाई त्यसपछि भोजपुरबाट रिहा हुनेबित्तिकै चौथोपटक गिरफ्तार गरी सङ्खुवासभा लगिएको थियो। सङ्खुवासभाबाट पनि पाँचौँपटक गिरफ्तार गरेर उनलाई सुनसरी लगिएको छ। सुनसरीमा प्रहरी हिरासतमा रहेकै बेला नेता वीरजङ्गलाई कोरोना सङ्क्रमण भएको भन्दै उनको परिवारले जीवनरक्षाको माग गरेको छ। यता सर्वोच्च अदालतले सुनसरी प्रहरीका नाममा कारण देखाऊ आदेश जारी गरेको छ।

यस्तै प्रहरी नियन्त्रणमै रहेका नेकपाका अर्का नेता चितवन जिल्ला इन्चार्ज लालबहादुर बीसीलाई पनि कोरोना सङ्क्रमण भएको छ। उनलाई धनुषा प्रहरी हिरासतमा रहेको बेला कोरोना सङ्क्रमण भएको भन्दै परिवारजनले जीवनरक्षाको माग गरेका छन्।

# ‘आत्मसमर्पणको कुरा नगर, एक ढिक्का एकताको कुरा गर’


नारायण नेपाल

के यो सरकारको चरित्र जनपक्षीय छ ? के यो सरकार कम्युनिस्टकै हो ? के यो सरकारसँग राष्ट्रिय विवेक ज्युँदो छ ? के यी सत्ताधारीहरू देश र जनताप्रति जबाफदेही छन् ? कम्युनिस्ट पार्टीको विचार, राजनीति, सिद्धान्तको कसीमा घोषणापत्र केलाएर यी प्रश्नहरूको उत्तर खोज्ने र नेपाली कम्युनिस्ट ट्रेडमार्कको व्यापार गर्ने दलालहरूको चरित्रको लेखाजोखा गर्ने हो भने आकाश-पातालको फरक भेटिन्छ । यतिबेला यहाँ यो व्यवस्था ठीक छैन भन्ने जनमत दबाइएको छ । समाजको भ्रष्ट चरित्रले जनपक्षीय राजनीतिको आधारलाई भत्काउँदै लगेको छ । सामाजिक अगुवा मानिने बौद्धिकहरूको पाखण्डी र भ्रष्ट चरित्रको जगजगी छ । श्रमिकजनको पसिना र गरिब जनताको रगतको आहालमा जन्मिएको नेपाली राजनीतिक व्यवस्थाको पछिल्लो चित्रणले हजारौं प्रश्नहरू उब्जाएको छ । आज देश प्रतिगमनको ओरालो यात्रामा गएको छ । राष्ट्रघात, जनघात र भ्रष्टाचारको आहालमा देश डुबेको छ । योबेला नेपालको शासकीय चरित्रलाई नियाल्ने हो भने आजको गणतन्त्रमाथि हजारौं प्रश्न उब्जिएका छन् । त्यस्तै भावको यो कवितांश :

जङ्गबहादुरको जङ्ग
महेन्द्रको पञ्चायत
बीपीको समाजवाद
मदनको जनवाद
पुष्पकमलको प्रचण्डपथ
आजको गणतन्त्र
तपाईँलाई कस्तो लाग्छ कमरेड ? (कविता : कस्तो लाग्छ कमरेडबाट)

यो बेला मलिन स्वरले कसैले प्रश्न उठाउने साहस देखायो भने केही प्रश्नहरू नेपाली समाजमा जन्मिरहेका छन् । के सरकारमा बस्नेहरू कम्युनिस्ट हुन् त ? के यो देशमा सच्चा कम्युनिस्टहरूले देश र जनताका लागि केही सोचेका छैनन् होला त ? के यो देशमा मान्छेले मान्छे भएर बाँच्न पाउने अवस्था छ त ? यो उदास मौसमको कम्युनिस्ट राजनीति र फासिवादी चरित्रको सामाजिक घटनाक्रमका परिदृश्यहरूले पट्ट्यारलाग्दो दैनिकी बनाएको छ भने नेपाली समाजको दर्दनाक चित्रण गरेको छ ।

यो देशको राजनीतिक रङ्गमञ्चमा भ्रष्टाचार, निराशा र कुण्ठाको हुन्डरी मात्रै मौलाएको छैन, जनपक्षीय आशाका मुनाहरू पनि पलाएका छन् । आजको नेपाली कम्युनिस्ट राजनीतिको गर्भमा के खिचडी पाक्दै होला ? हामीले केही अनुमान लगाउन सक्ने आधारहरूको बाछिटा सामाजिक सञ्जालमा देखापरेको छ । तिनै बाछिटाहरूलाई नियालेर केही लेखाजोखा भने पक्कै गर्न सकिन्छ । माओवादी आन्दोलनका एक नेता तथा यतिबेला जसपाका नेता डा. बाबुराम भट्टराईका विश्वास पात्र मानिएका गङ्गानारायण श्रेष्ठले भदौ ३० गते सामाजिक सञ्जालमा टिप्पणी गर्दै लेखेका थिए, ‘आदरणीय नेताहरू ! स्वार्थ त्याग । अहम् छाड । त्याग, बलिदान सम्झ । मुद्दाहरू दह्रो गरी समाऊ । आत्मसमीक्षा गर । एकपटक फेरि बृहत् ध्रुवीकरणका लागि इमानदार प्रयत्न गर । समयको गतिलाई पत्र ।’

श्रेष्ठको धारणाजस्तै केही घोषणापत्र र केही प्रस्तावहरू नेकपा (बोल्सेभिक) को ०७७ भदौमा बसेको बैठकले क्रान्तिकारी जनपक्षीय कम्युनिस्टहरूको बृहत् एकताका लागि क. विप्लव नेतृत्वको नेकपा, क. किरण नेतृत्वको नेकपा (क्रान्तिकारी माओवादी), क. ऋषि, क. लोकनारायण नेतृत्वको नेकपा, क. किराँती नेतृत्वको नेकपा (माओवादी केन्द्र), वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टी, क. सीपी मैनाली नेतृत्वको नेकपा (माले), क. रोहित नेतृत्वको नेमकिपा, सरकारमा रहेको नेकपा (नेकपा) भित्रका क्रान्तिकारीहरू, नेकपा (मसाल) भित्रका क्रान्तिकारीहरू र स्वतन्त्र रहेका वामपन्थीहरूलाई पठाएको थियो । त्यो सामाजिक सञ्जालमा भेट्न सकिन्छ । त्यसको प्रस्ताव नं. १ को बुँदालाई लिऊँ । त्यहाँ लेखिएको छ, ‘नेपाली क्रान्ति अधुरो रहन गएको छ । नेपाली बहुसङ्ख्यक जनताले सङ्घर्ष गरेर ल्याएको गणतन्त्र मुठीभर दलाल पुँजीपति वर्ग, नोकरशाही पुँजीपति वर्ग, सामन्ती अवशेष वर्ग र साम्राज्यवादी पुँजीवादी वर्गले हत्याएर कब्जामा लिएको छ र सत्तारूढ भएको छ । बहुसङ्ख्यक जनताको श्रम, पसिना र देशको सम्पत्तिमाथि उनीहरूले लुट मच्चाइरहेका छन् । बहुसङ्ख्यक जनतामाथि शोषण, उत्पीडन उनीहरूले सुरु गरेका छन् । सत्तारूढ डबल नेकपा (नेकपा) को मूल नेतृत्व तथा बहुसङ्ख्यक नेताहरूको वर्ग परिवर्तन भएर दलाल तथा नोकरशाही पुँजीपति वर्गमा रूपान्तरण भएको छ । अहिलेको जनविरोधी प्रतिक्रियावादी राष्ट्रघाती मेन्सेभिक सरकार तथा वर्तमान सत्ता व्यवस्थाका विरुद्ध सङ्घर्ष गरी बहुसङ्ख्यक जनताको ‘वैज्ञानिक समाजवाद उन्मुख नयाँ जनपक्षीय गणतन्त्र’ स्थापना गर्नु कम्युनिस्ट पार्टीको तात्कालिक कार्यभार हो । वैज्ञानिक समाजवाद र साम्यवाद त्यसपछिको लक्ष्य हो ।’ नेकपा बोल्सेभिकको यो घोषणाजस्तै केही वामपन्थीहरूले सामाजिक सञ्जालमा ‘मार्क्सवादी एकता अभियान’ नामको एक नयाँ संस्था चलाएका छन् । २९ भदौमा भएको यो घोषणामा उनीहरूले अधुरो रहेको जनगणतान्त्रिक क्रान्ति पूरा गर्दै संविधानको भावनाबमोजिम समाजवादी क्रान्तितर्फ अघि बढ्न सशक्त र संयुक्त जनआन्दोलन आवश्यक देखिएको बताएका छन् ।

वामपन्थी बुद्धिजीवीहरूको यो गन्थनमन्थनजस्तै उही लयमा सामाजिक सञ्जालसमेत सरकारको भ्रष्टाचार तथा राष्ट्रघाती चरित्रका विरुद्ध उर्लिरहेको अनुभूति गर्न सकिन्छ । जन्मँदै रोगी नेपालको संविधान २०७२ ले देशलाई अराजकता र प्रतिगमनको भुमरीतिर क्रमशः धकेलिरहेको देखिन्छ । रोजगारी गुमाएर खुलामञ्चमा एक टपरी भात थाप्ने गरिबहरूका सामु टुँडिखेलमा हेलिकोप्टरबाट फूल बर्साएर मनाइएको संविधान दिवस आफैँमा औचित्यहीन नाटक हो । गरिबको पेटमा लात मार्ने सरकार सडकको किनारामा रङरोगन गर्दै फूल रोपेर समृद्धिको ‘गुड डे’ हाँक्छ र समाजवादको पाठ पढाउँछ । यस्तै संविधानको पाँचौं वर्षगाँठ मनाउँदाको यो परिदृश्यसँगै प्रतिबन्धित नेपाल कम्युनिस्ट पार्टीका हजारौं कार्यकर्ता जेलनेलको सिकार भएका छन् । राजनीतिक प्रतिबन्ध लागेको नेकपाको पछिल्लो धारणा असोज ४ गते महासचिव कमरेड विप्लवले विज्ञप्तिमार्फत जारी गरेका छन् । त्यसमा भनिएको छ, ‘आज देशको कुशासन, भ्रष्टाचार, राष्ट्रघातलगायत सङ्कटले दलाल पुँजीवादी राज्यसत्ताको असफलता पुष्टि गरेको छ । यो असफलता र सङ्कटको निकास संविधान संशोधन वा परिमार्जन नभएर राज्यव्यवस्थाको परिवर्तन हो । तसर्थ सबै अग्रगामी, प्रगतिशील, जनवादी, देशभक्त, लोकतान्त्रिक शक्तिहरू राज्यसत्ताको पूर्ण परिवर्तनका लागि नयाँ आधारमा नयाँ पहल अत्यन्त जरुरी हुन गएको छ । हाम्रो पार्टी सबैलाई यस दिशामा अग्रसर हुन विशेष आग्रह गर्दछ ।’

पछिल्लो साता नेपाली राजनीतिमा देखिएका घटनाक्रमको केही सङ्केतका रूपमा यी तथ्यहरूलाई लिन सकिन्छ । माथिका नमुना बाछिटाहरूको थोपा-थोपा केलाएर शल्यक्रिया गर्ने हो भने केही बहस अवश्य उठान भएको छ । ‘कुरो खस्रो मीठो हुन्छ’ भन्ने उखानजस्तै यो अभियानमा केही खस्रा प्रश्नहरू हामीसामु देखापरेका छन् । के हामी घोषणा गर्न सक्छौं त इतिहासको कठघरामा उभिएर अहम्को बिस्कुन सुकाउन बन्द गरौं, विचारको भकारीमा एकीकृत हुन इमानदार पहलकदमी लिऔं । आजको वामपन्थी आन्दोलनमा इमानको खडेरी लागेको बेला मोह, लालसा र अहङ्कारले क्रान्तिको खेत बाँझै राख्ने परम्पराबाट कम्तीमा पुनः एक हात त परै बसौं । यो एक हात पर बस्नुको अर्थ नयाँ बहसमा एक हात अघि सरेर सहभागी हुनु पनि हो भन्ने यथार्थलाई हृदयङ्गम गर्ने साहस हामीले बटुलेका छौं ? आज नेपाली क्रान्तिकारी धारलाई पुनः नयाँ शिराबाट उठाउनुपर्ने आवश्यकता छ र जोडदार प्रयास गरे असफल पनि हुनेछैन । एकै स्वरमा सबैले भनौं : कसले भन्छ क्रान्ति यहाँ सफल हुँदैन भनेर ?

किलोमा बाँधिएको गोरुले खेत जोत्दैन । यो सबैले जानेकै कुरा हो । आखिर खेत जोत्न गोरु हलोमै नारिनुपर्छ । हाम्रो नवीन जनक्रान्तिको कमान्डरप्रति हामी सबै विश्वस्त छौं र कोही छैन भने हुनुपर्छ । ऐक्यबद्धता, ध्रुवीकरण, सहभागिता र नेतृत्व यी चार पक्ष नयाँ परिवेश र सन्दर्भका लागि ज्यादै महत्वपूर्ण आयाम हुन् । सैद्धान्तिक, वैचारिक रूपमा समानताको मियो समालेपछि नीति, कार्यक्रम, सङ्गठन र संरचना प्रधान नभएर गौण हुन्छन् । त्यो मालेमावादी मान्यता नै हो ।

जति डोरी बाटे पनि गाँठो उही भनेजस्तै निष्कर्ष सधैं छोटो नै हुन्छ । त्यो एक वाक्यमा निर्माण हुन पनि सक्छ । हामी क्रान्तिमा जोडिने वा सदाबहार अलग हुने ? हामी औंला र औंला मात्र भएर क्रान्तिको पुकार/याचना मात्र गर्ने वा मुठी र मुड्को भएर जनक्रान्तिमा लामबद्ध हुने ? इतिहासको कठघरामा समयले हामीलाई उभ्याएको छ- के हामी यी प्रश्नहरूको जबाफ दिन तयार छौं ?

तत्कालीन नेकपा माओवादीको चर्चित चुनबाङ बैठकमा प्रस्तुत गीतको सान्दर्भिकता अझै नसकिएको आभास हुन्छ । हेरौं । केही हरफ :

टुटफुट खण्डित कुरा नगर
आत्मसमर्पणको कुरा नगर
एक ढिक्का एकताको कुरा गर
वीरताको कुरा गर

कार्ल मार्क्सले अन्तर्राष्ट्रिय मजदुर सङ्घको महापरिषद्को पहिलो आह्वानपत्रमा उल्लेख गर्दै लेख्नुभएको थियो, ‘हामी सम्पूर्ण हृदयले तपाईंहरूको यस प्रतिरोधको समर्थन गर्दछौं । न विगुलको आवाजको, न तोपको पड्काइले, न विजयले, न त पराजयले नै हामीलाई देशका सबै मजदुरलाई ऐक्यबद्ध तुल्याउने हाम्रो सामूहिक उद्देश्यबाट विमुख तुल्याउन सक्नेछ ।’ मार्क्सको शब्द सापटीमा अन्तर्राष्ट्रिय मजदुर सङ्घको बर्लिन शाखाले पेरिस घोषणापत्रप्रति जनाएको प्रतिक्रियाजस्तै हामी पनि भन्न सक्छौं- तपाईंहरूका यी प्रतिक्रियाहरू तन, मन, वचन र कर्मले श्रमिक जनताको मुक्ति र देश परिवर्तनका सपनालाई साकार पार्ने शक्तिशाली कम्युनिस्ट आन्दोलन निर्माणको युगान्तकारी अभियानबाट कसैले पनि विमुख बनाउन सक्नेछैन ।

## केरा र लौरी ...

प्रण गरे पनि उनी त्यहाँसम्म पुग्न सकेका छैनन् र सामान्यतया सम्भव पनि छैन । तर उनको अवाञ्छित राजनीतिक चाहना नेपाली राजनीतिमा कैयौंपटक हास्यास्पद बन्यो जसले उनको राजनीतिक मृत्यु भइसक्यो । सामाजिक प्राणी मानिसका सन्दर्भमा धेरैपटक ‘जन्म र मृत्यु’ हुने स्थान भनेको उसको नैतिकता र आचरण नै हो, भौतिक रूपले मृत्युवरण गरिसकेपछि अन्य सामाजिक जन्म र मृत्युको सम्भावनाको पनि पटाक्षेप हुन पुग्छ । राजनीतिक व्यवस्थामा जनताबाट अनिर्वाचित हुनु निश्चित रूपमा उनको दोष थिएन तर अर्को चुनावसम्म पर्खन नसक्नु र प्रधानमन्त्रीको दाबी गर्नु उनको ‘नैतिक मृत्युवरण’ गर्नु हो । उनले प्रधानमन्त्री हुनका लागि पहिलोपटक एक सभासद्लाई राजीनामा गर्न आग्रह गरे । ती सभासद्ले त्यो प्रस्ताव नै अस्वीकार गरे । दोस्रोपटक, कुनै खाली निर्वाचन क्षेत्रमा उम्मेदवारी दिन कोसिस गरे, त्यसमा कार्यकर्ताले नै अस्वीकार गरेपछि उनी पछारिए । तेस्रोपटक उनका लागि एकजना निर्वाचित सभासद्लाई राजीनामा गर्न लगाइयो । चौथोपटक संविधान संशोधन गरी आफूलाई प्रधानमन्त्री बनाउन सकिने प्रावधान संविधानमा राख्न लगाए । पाँचौंपटक गैरपार्टी विज्ञहरूका लागि छुट्ट्याइएको स्थानमा पार्टीको नेता आफैँलाई सिफारिस गर्न दबाब दिए र हरेक मागको केन्द्रमा प्रधानमन्त्रीको कुर्सी राखियो । यो निर्वाचनपछिको अढाइ वर्षको समयमा एउटै व्यक्तिको पाँचपटकसम्मको ‘नैतिक मृत्यु’ थियो । दलाल पुँजीवादी उत्पादन सम्बन्ध रहेका देशहरूमा अभ्यास गरिएका संसदीय व्यवस्थामा कुर्सीका निम्ति सबै नैतिकता बेच्नु एउटा क्रोनिक रोग हो । उदाहरणका लागि वामदेव एउटा निकृष्ट पात्र भए पनि सबै संसद्वादी नेताहरूलाई यो रोगले ग्रसित बनाएको हुन्छ ।

पटक-पटक राजनीतिक मृत्युवरण गरेर विक्षिप्त बनेका वामदेवको भौतिक प्राण बचाउन केपी वलीले ‘केरा र लौरी’ को जादु प्रयोग गर्दै आएका छन् । जबजब वामदेव केपीका विरुद्ध प्रचण्ड र माधवका साथ लाग्छन्, त्यतिबेला बाँदरलाई ‘केरा देखाएर आकर्षित गरे’ जस्तै ‘प्रधानमन्त्री पदको केरा’ देखाइदिन्छन् । उनी त्यो गुट छाड्छन् र फरक्कै फर्किन्छन्, फुरुक्क पर्छन् र केपीको पाइजामामै लुट्पुटिन पुग्छन् । जतिबेला वामदेव केपीसँग लुट्पुटिँदै प्रधानमन्त्रीको माग गर्छन् र संविधानमै संशोधन गर्न आग्रह गर्न थाल्छन् त्यतिबेला ‘लौरीको प्रयोग’ गर्छन् र पर धपाइदिन्छन् । जब लौरीले धपाउँदा वामदेव परै पुग्छन् फेरि प्रचण्ड र माधवको गुटमा हुलिन पुग्छन्, फेरि तुम्बाबाट केरा निकालेर देखाइदिन्छन् र वामदेव केराको लोभमा केपीको गुटमा हुलिन पुग्छन् । संसद्वादीहरूको भौतिक जीवन रहुन्जेल चलिरहने यो शृङ्खलाको कहीँ अन्त्य हुँदैन । नेपाली राजनीतिमा देखिएको यो नौटङ्कीले संसदीय व्यवस्थाको जननी भनिएको बेलायत र संसद्वादको प्रयोग गर्ने विश्वका सबै पुँजीवादी साम्राज्यवादीहरू पनि लज्जित भएको हुनुपर्छ, संसदीय व्यवस्थाको बदनाम गरेकोमा ती देशका संसद्वादका सिद्धान्तकारहरू क्षुब्ध भएको हुनुपर्छ ।

‘केरा र लौरी’ को प्रयोग प्रचण्डका विरुद्ध सटिक रूपमा प्रयोग भएको छ । माथि नै भनिसकिएको छ- नेकपा संसद्वादीको पार्टीभित्रको किचलो प्रधानमन्त्रीको कुर्सीबाहेक केही पनि होइन । न त्यहाँ कुनै नीतिको विषय छ, न त सिद्धान्तको । कुनै नीति र सिद्धान्तको कुरा छ भने पनि कुर्सीको भागबन्डा र स्वार्थको रक्षाबाहेक केही छैन । ‘घिउ चोर र तलबार चोर’ हरूको व्यापारजस्तो केपी र प्रचण्डबीच भएको प्रधानमन्त्री हुने आधा-आधा समयको सहमति केपीले नक्कली साबित गरेपछि प्रचण्डको प्रधानमन्त्री हुने सपना हावामा बतासिने नै भए । सान्त्वनाका लागि एउटा केरा पैदा गरियो ‘मङ्सिरको सहमति’ जसमा भनियो- प्रचण्डले पार्टी चलाउने र केपीले सरकार चलाउने । आखिर संसद्वादी पार्टीभित्र प्रधानमन्त्रीबिनाको अध्यक्ष ‘प्रधानमन्त्रीको झोले’ बाहेक केही हुँदैन । त्यसअनुसार प्रचण्डले केपीको झोला बोकेर हिँड्नुपर्थ्यो, केपी वली र उनको सरकारको बखान र प्रचार-प्रसार गर्नुपर्थ्यो, प्रशंसा गर्नुपर्थ्यो तर प्रचण्डका लागि वास्तवमा यो रुचिको विषय थिएन जसको परिणाम फेरि किचलो पैदा हुन पुग्यो ।

नेपालीमा एउटा उखान छ- ‘मच्चियो मच्चियो, थच्चियो ।’ केपीको झोला बोक्न विवश भएका प्रचण्ड फेरि मच्चिनुपर्ने बाध्यता आयो र यो बाध्यता अन्तिम समयसम्म आई नै रहनेछ । केपीलाई प्रधानमन्त्री र पार्टी अध्यक्षबाट हटाउनेसम्मका भाषणहरू आए । केपीले पनि पार्टीभित्रका भारतीय एजेन्टहरूले ‘प्रधानमन्त्रीलाई हटाउन खोजेको’ भन्दै माधव र प्रचण्डको हुर्मत काढे । प्रचण्डमाथि बर्साइएको यो डन्डाको परिणाम उनीहरू यति टाढा पुगे कि पार्टी फुट्ने अवस्थामा पुग्यो । हुनत पार्टी फुट्नु दुवैका लागि फाइदाजनक थिएन । न प्रचण्डका लागि लाभदायक थियो न केपीका लागि तर पार्टी नै फुट्ने हो भने ‘न रहे बाँस न बजे बाँसुरी’ भनेझैँ ‘पार्टीकै कारण सरकार नरहने हो भने पार्टी नै नरहोस्’ भन्दै केपीले काङ्ग्रेससँग मिलेर सरकार बनाउने, नयाँ पार्टी बनाउने र प्रचण्ड गुटमाथि लौरी बर्साउने योजना बनाए । हिम्मत र हुतीले टाट पल्टिएको देखेपछि केपीले फेरि तम्बुबाट केरा निकालेर प्रचण्डलाई देखाइदिए । ‘लोभ र भोक’ को विवशताले सताइएको बाँदरसरह प्रचण्ड केपीको पाइजामामा लुट्पुटिन विवश हुन पुगे । अन्ततः प्रचण्ड केपीको ‘झोला बोक्न’ विवश भएका छन् ।

केपीले ‘केरा र लौरी’ को सिद्धान्त राजकाजको मामिलामा पनि प्रयोग गर्दै आएका छन् । ‘भ्रष्टाचार गर्दिनँ र गर्न पनि दि[illegible]’ भन्ने नारा जनतालाई ‘केरा देखाउने र भ्रष्टाचारका विरुद्ध उठ्ने नेपाली जनमतका विरुद्ध डन्डा चलाउने हतियार’ बनेको छ । जब मानिसहरू भ्रष्टाचारका विरुद्ध आवाज उठाउँछन् उनी आयोग बनाउने र अख्तियार लगाउने गर्छन् । जब अख्तियारले मानिस समात्छ तब प्रमुख भ्रष्टाचारीहरूलाई संरक्षण गरिन्छ । बालुवाटारको जमिन हत्याउने विष्णु पौडेल हुन् वा सेक्युरिटी प्रेसका लागि कमिसनमा मोलमोलाइ गर्ने गोकुल बास्कोटा, स्वास्थ्य सामग्री खरिद गर्दा भ्रष्टाचार गर्ने स्वास्थ्यमन्त्री होऊन् वा भित्र-भित्रै साँठगाँठ मिलाउने रक्षामन्त्री, सबैको क्षेत्रमा प्रधानमन्त्रीको हैसियतले केपी वली संरक्षण गर्छन् । यो सिद्धान्त सबै क्षेत्रमा चलिरहेको छ ।

नेपाली जनसमुदायले यो तथ्य राम्रोसँग बुझेको छ- सत्ता सञ्चालन गर्ने धूर्तहरूको ‘केरा र लौरी’ को सिद्धान्त पुँजीवादी पाखण्ड हो । जनताले यो तथ्य पनि राम्रोसँग बुझेका छन्- यो दलाल पुँजीवादी नीतिले देश र जनताको हित गर्न सक्दैन । नेपाली जनताले यो तथ्य गम्भीरताका साथ बुझेका छन्- अहिलेको संसदीय राजनीति रहुन्जेल जोसुकै संसद्वादी पार्टीले सरकार बनाए पनि सत्ताको चरित्रमा कुनै परिवर्तन हुन सक्दैन । तर केपी वलीको शासनबाट आजित भएका जनतालाई संसद्वादको चक्रभित्र घुमाउन केही मानिसहरूबाट अवश्य कोसिस भइरहेको छ किनभने उनीहरूले यो तथ्य राम्रोसँग बुझेका छन्- नेपाली काङ्ग्रेस वा राप्रपा वा अन्य कुनै पनि संसदीय पार्टीको नेतृत्वमा सरकार बने पनि दलाल पुँजीवादी उत्पादन सम्बन्धले पैदा गरेका नेपालका राजनीतिक, आर्थिक, सामाजिक समस्या समाधान हुन सक्दैनन् ।

यो तथ्यलाई बुझेका ती मानिसहरू यसप्रकारको कोसिसस्वरूप उनीहरूले भन्ने गरेका छन्, अब पुराना नेताहरूबाट होइन, नयाँ नेतृत्वले जिम्मेवारी समाल्नुपर्छ । पार्टी नेतृत्वदेखि सरकार बनाउने सवालसम्म बुढाहरूलाई युवाहरूले विस्थापित गर्नुपर्छ । युवाहरूको नेतृत्वमा देश अगाडि बढ्छ ।

यहाँ यो कुरा निश्चित रूपमा सही हुन आउँछ- देशको नेतृत्व युवाहरूले नै गर्नुपर्छ, बुढा भइसकेका नेताहरूले व्यवस्था, प्रणाली र संस्थाको नीतिगत रक्षा गर्ने रक्षकको भूमिका निर्बाह गर्नुपर्छ तर बुढाहरूलाई विस्थापित गरेको युवाले कुन प्रणालीमा सत्ता चलाउने हो ? बुढाहरूले कस्तो प्रकारको राजनीतिक व्यवस्थाको रक्षक बन्ने हो ? मानौं उनीहरूले कल्पना गरेजस्तो केपी, प्रचण्ड, माधव, शेरबहादुर, रामचन्द्र, महन्थ ठाकुर, राजेन्द्र महतोजस्ता बुढा नेताहरू सत्ताको संरक्षक रहने र युवाहरू पार्टीको बागडोर र सरकारको नेतृत्वमा जाने भयो, त्यसले के नेपालको वर्तमान राजनीतिक संरचना, यसको दलाल पुँजीवादी चरित्र, यसको पराधीनता, गरिबी, बेरोजगारी, देशको सामन्तवादी तथा दलाल पुँजीवादी उत्पादन सम्बन्धमा कुनै फरक पार्न सक्छ ? संसारका सबै सभ्य मानिसहरूलाई राम्रोगरी थाहा छ- राजनीतिक व्यवस्था पुरानै रहने र नेताहरू नयाँ हुने प्रक्रियाले मात्र समाजको आधारभूत परिवर्तन सम्भव हुँदैन ।

यसप्रकारको परिवर्तका लागि पहिलो सर्त हो- राजनीतिक व्यवस्थामा परिवर्तन । पुरानो संसदीय व्यवस्थाको अन्त्य र वैज्ञानिक समाजवादको स्थापना त्यसको मूल कडी हो । नेपाली जनताको हितमा काम गर्ने जननियन्त्रित जनवादी राजनीतिक व्यवस्थाले मात्र देशमा नेतृत्व बूढो होस् वा युवा, खास अन्तर पार्दैन । जब जनवादी व्यवस्था स्थापित हुन्छ, त्यतिबेला कुनै पनि नेताहरू नेपालका सामन्त र दलालहरूजस्तो कुर्सीमा टाँसिइरहन आवश्यक पर्दैन । जब राजनीतिक प्रणाली संस्थागत हुन्छ, त्यतिबेला नेताहरूको काम देशलाई निरन्तर प्रगतिको बाटोमा लैजाने क्षमताको विकास गर्ने हुन्छ र त्यसको प्रदर्शन निश्चित रूपमा निर्वाचनमा देखिन पुग्छ ।

‘होमो डेयस’ भन्ने पुस्तकमा प्रोफेसर हरारीले एक ठाउँमा भनेका छन्, ‘आर्थिक समृद्धिको नाराले जस्तोसुकै पाखण्डीको मन पगाल्न सक्छ ।’ उनले यो कुरा थप्न बिर्सिएका छन्, ‘यो नियम ती मानिसहरूमा लागू हुन सक्दैन, जो पुँजीपतिको दलालका रूपमा अस्मीकृत भइसकेका छन् ।’ जुन उदाहरण नेपाललगायत दलाल पुँजीवादी राज्यव्यवस्था भएका देशहरूमा पाउन सकिन्छ । नेपालको दलाल पुँजीवादी व्यवस्थाले हरेक व्यक्तिलाई जबर्जस्त रूपमा दलाल हुन विवश बनाएको छ । केपी वलीले नेपाली पत्रकारहरूसँग गुनासो गरेका छन्, ‘के नेपालमा नेपालको भलो चाहने कुनै पनि स्वाभिमानी सन्तान जन्मिएका छैनन् ?’ सामान्यतया यो भ[illegible] सकिन्छ- विश्वका सबै देशका नागरिकहरूजस्तै नेपालका कुनै पनि नागरिक आफ्नो देशको भलाइबाहेक अर्को सोच्न सक्दैनन् । विश्वका सबै देशहरूले जस्तै नेपालले पनि हरेक महिलाको कोखबाट स्वाभिमानी सन्ततिको जन्म दिने गरेका छन् तर विशेषतः नेपालजस्तो दलाल पुँजीवादी व्यवस्था भएको देशमा हरेक नागरिकको आर्थिक उत्पादन र त्यसले पैदा गरेको चेतना विवशतापूर्वक दलाल प्रकृतिको नै हुन्छ । सरकारी नियुक्तिहरूमा क्षमताभन्दा नातावाद किन हाबी हुन्छ ? हरेक महत्वपूर्ण ठाउँहरूमा सत्ताधारीहरू आफ्ना मानिसहरू राख्ने प्रयत्न किन गर्छन् ? देशको हरेक सार्वजनिक वित्तीय क्षेत्रमा कमिसनको स्थान सबैभन्दा पहिलो हुन पुग्छ, किन ? के यसमा दलाल चरित्रको सम्बन्ध छैन ?

यसको गुदी सबै सभ्य राजनीतिज्ञका लागि कुनै रहस्यको विषय छैन । हरेक मार्क्सवादी-लेनिनवादी-माओवादीहरू यो तथ्यलाई सहज रूपमा बुझ्दछन्- दलाल पुँजीवादी संसदीय व्यवस्थामा जतिसुकै पवित्र मनसायले सरकारमा पुगेको भए पनि शासक वर्ग पूर्ण रूपले दलाल हुन विवश हुनुपर्छ । यो तथ्य हामीले विगतदेखि अहिलेसम्मका राजनीतिक गतिविधिमा राम्रोसँग देख्न सक्छौं । के बाध्यता थियो अघिल्लो सातासम्म महाकाली सम्झौताको विरोध गर्ने केपी गृहमन्त्री भएपछि महाकाली भारतको हातमा दिन विवश हुनुपऱ्यो ? नेपाल आमाको काखमा स्वाभिमानी नागरिकका रूपमा जन्मिएको केपी वलीलाई दलाल प्रधानमन्त्रीका रूपमा नेपालको औद्योगिकीकरणका लागि आवश्यक पर्ने ‘अरुण ३’ परियोजना भारतीय प्रधानमन्त्रीलाई बोलाएर उद्घाटन गर्ने विवशता के कारणले पैदा भयो ? माथिल्लो कर्णाली परियोजना, पश्चिम सेती परियोजना नेपालको हितमा निर्माण गर्न के विवशताले रोक्यो र जनताको सशक्त प्रतिरोध हुँदाहुँदै पनि भारतलाई नै हात पार्न कोसिस हुँदैछ ? हरेक वर्ष लाखौं टन कृषि मल आवश्यक पर्ने देशमा पाँच वर्षको मल अनुदान उपयोग गरी मल कारखाना खोल्न कुन स्वाभिमानले रोक्यो ? के केपीले शासकहरूमा आउने परिस्थितिको दासतालाई उजागर गर्न सक्छन् ?

केपी वलीको ‘एक हातमा केरा र एक हातमा लौरी’ लिने संस्कृति, प्रचण्ड र वामदेवहरूको केरा र डन्डाको गतिमा फन्को मार्नुपर्ने विवशता र नेपाली जनताले यी नौटङ्कीका सामु दर्शक ब[illegible]पर्ने विवशता पनि मूलभूत रूपमा दलाल संस्कृतिको उपज हो । यो तथ्य अब नेपाली जनताका लागि कुनै रहस्यको विषय रहेन, बरु बाँकी रहेको काम भनेको यो दलाल संसदीय व्यवस्थालाई पूर्ण रूपले बढारेर फ्याँक्ने हो ।




## गिरफ्तार नेता–कार्यकर्ता ...

जमिनको विज्ञप्तिमा जनाइएअनुसार उनीहरूलाई असोज २ गते राती जिल्लाको मनहरी २ मा घरमा सुतिरहेको बेला प्रहरीले गिरफ्तार गरेको हो ।

## बैङ्क र वित्तीय ...

नामको वित्तीय संस्था (माइक्रो फाइनान्स) ले जिल्लाको कमलबजार न.पा. ७ सेरामा जनताबाट ब्याज र किस्ता उठाइरहेको उल्लेख गरेका छन् ।

विज्ञप्तिमा भनिएको छ, 'डिप्रोस भन्ने वित्तीय संस्था (माइक्रो फाइनान्स) ले जिल्लाको कमलबजार न.पा. ७ सेरामा जनताबाट ब्याज र किस्ता उठाइरहेको बेला पार्टीका कमरेड सोही स्थानमा गई उक्त काम रोकी सम्पूर्ण जनताको सहभागितामा चेतावनीसहित उठाइएको झन्डै २ लाख ५० हजार रकम जनतालाई फिर्ता गर्न लगाउनुका साथै त्यहाँबाट उक्त संस्थाको प्रतिनिधिलाई लखेटिएको छ ।'

यस्तै माइक्रो फाइनान्स र वित्तीय संस्थाहरूले नेपाल राष्ट्र बैङ्कको मौद्रिक नीतिविपरीत गई चर्को ब्याज असुल्ने र विभिन्न सेवा शुल्कका नाममा गाउँमा जनतालाई लुटिरहेको भन्दै नेकपाले यस्ता गतिविधि रोक्न अटेर गर्दै गए पार्टी जनकारबाही गर्न बाध्य हुने चेतावनी दिएको छ ।

श्रमिक जनतालाई शोषण गर्ने ढङ्गबाट अगाडि बढिरहेका यस्ता वित्तीय संस्थाहरूलाई खारेज गर्ने पार्टीको नीति रहेको नेकपा अछामको प्रेस विज्ञप्तिमा उल्लेख छ ।

## पुरानो संवधिान ...

संविधानसभाले निर्माण गरेको संसदीय संविधान घोषणा गरेको पाँच वर्ष पुग्दानपुग्दै यसका विरुद्ध विद्रोहका स्वरहरु देशव्यापी गुन्जिरहेका छन् ।

बनेकै दिनदेखि मस्यौदा जलाउन सुरु गरिएको संविधान निर्माण भएको ५ वर्ष पुग्दासम्म वर्तमान संविधान आमसर्वहारा, श्रमजीवी जनताका पक्षमा नभएर यसले दलाल पुँजीवाद, दलाल पुँजीपति वर्ग, भ्रष्टाचारी, अत्याचारी, बलात्कारी र तस्करहरूको सुरक्षा र संरक्षण गरिरहेको आवाज बलियो भएको छ । यो संविधानको सबैतिरबाट व्यापक विरोध भएको मात्र होइन, विरोधका क्रममा आह्वान गरिएका आन्दोलनमा भएको दमनमा कयौँ आन्दोलनकारीको हत्यासमेत भएको छ ।

नेपालमा गणतान्त्रिक सरकारले घोषणा गरेको विश्वकै समावेशी संविधान भएको नौटङ्की गरिए पनि वर्तमान संविधान अधिकांश जनताको हितविपरीत रहेको छ भने यसले नागरिकका अधिकार हरूको प्रत्याभूत गरेको छैन भन्ने आवाज उठिरहेको छ । निकै सुन्दर र कुटिल शब्दमा लेखिएको भए पनि व्यवहारमा यो संविधान समाजको आधारभूत वर्ग, श्रमजीवी सर्वहारा वर्गका विरुद्ध छ । राज्यसत्ताले पञ्चायती संविधानलाई समेत माथ गर्ने गरी नेपालमा राजनीतिक पार्टीमाथि प्रतिबन्ध लगाएको छ र गणतन्त्र र नयाँ संविधानका लागि लड्नेहरूले आज कथित कम्युनिस्ट गणतान्त्रिक सरकारको जेल र हिरासत भरिएको छ । वर्तमान संविधान जनपक्षीय भएन भनेर फरक राजनीतिक विचार र आस्था राखेकै कारण कोरोना महामारीको यो कठिन घडीमा पनि विद्रोही नेकपाका कैयौँ नेता-कार्यकर्ताहरू आज जेल र हिरासतमा जीवन-मरणको लडाइँ लडिरहेका छन् । यस्तो अवस्थामा यो संविधान मात्र होइन, समग्र राज्यसत्ता नै असफल भएर यसको विकल्पको खोजी भइरहेको हो ।

## तीन दिन भित्र ...

निम्नानुसारका विषय गम्भीरतापूर्वक भन्न चाहन्छौँ भन्दै तीनवटा विषय यसरी प्रस्तुत गरेको छ : १. कोरोना (कोभिड १९) को उपचार र व्यवस्थापनका नाममा झापाका स्थानीय तहहरूले करोडौँ खर्च गरेका छन् जसको कुनै हिसाबकिताब छैन र व्यवहारतः कोरोना व्यवस्थापनको विषय भ्रष्टाचार गर्ने माध्यम बन्न पुगेको छ । कोरोना उपचार तथा व्यवस्थापनमा भएको खर्चको हिसाबकिताब सबै स्थानीय तहमार्फत तीन दिनभित्रमा सार्वजानिक गरियोस् । २. झापाका विभिन्न स्थानीय तहका निजी तथा सामुदायिक शिक्षण संस्थाहरूले तत्काल शुल्क तिर्न भनेर अभिभावकहरूलाई ताकेता गरिरहेको जानकारी प्राप्त भएको छ । यो कदम तुरुन्त बन्द गरियोस् । साथै निजी शिक्षण संस्थाहरूलाई सरकारी लुटेरा जनप्रतिनिधिहरूले साथ दिएर जनताको ढाड सेक्ने काम गर्न खोजिरहेका छन् । यो तुरुन्त बन्द गरियोस् । ३. बैङ्क तथा लघुवित्तहरूले मध्यमवर्गीय गुजारामुखी व्यवसायीहरूलाई किस्ता र ब्याजको ताकेता गरेर चर्को समस्या पैदा गरेको हुनाले उक्त काम तुरुन्तै बन्द गरियोस् ।

विज्ञप्तिमा भनिएको छ, 'उल्लिखित विषयहरूमा झापाका सम्पूर्ण स्थानीय निकाय र सम्बन्धित निकायहरूलाई गम्भीर बन्न, हाम्रो पार्टीले निर्देश गरेबमोजिम तुरुन्त हिसाब सार्वजानिक गर्न र जनतालाई दुःख नदिन जानकारी गराउन चाहन्छौँ । अन्यथा हाम्रो पार्टीको नेतृत्वमा जनताले कडा कारबाही गर्ने बेहोरा यसै विज्ञप्तिमार्फत सरोकारवाला सबैमा जानकारी गराउँछौँ ।'

## यथास्थितिमा निर्वाचन ...

तहसम्म समायोजित भएको दुई वर्ष पुग्न लाग्दा हालसम्म पनि सङ्घीय निजामती सेवा ऐन, प्रदेश निजामती सेवा ऐन र स्थानीय सेवा ऐनसमेत जारी हुन नसकिरहेको अवस्थामा निजामती कर्मचारीहरूको आधिकारिक ट्रेड युनियनको निर्वाचन गर्दा प्रदेश र स्थानीय तहमा समायोजन भएका निजामती कर्मचारीहरूले मतदान गर्न पाउने तर प्रतिनिधित्वको सुनिश्चितता नहुने अवस्थामा निर्वाचनको सान्दर्भिकता नभएको राष्ट्रिय कर्मचारी महासङ्घ नेपालको विज्ञप्तिमा उल्लेख छ ।

राष्ट्रिय कर्मचारी महासङ्घ नेपालले विज्ञप्तिमा नयाँ ऐन आइनसकेको अवस्थामा यो चुनावले एउटै कार्यालयमा बसेर काम गर्ने कर्मचारीहरूका बीचमा विभेद हुने र मतदान गर्न पाउने व्यक्ति उम्मेदवारसमेत हुन पाउनुपर्ने उल्लेख छ ।

पूर्वतयारीबिना र कोभिड १९ को यो महामारीको समेत ख्याल नगरी घोषणा गरिएको निजामती क्षेत्रको आधिकारिक ट्रेड युनियनको निर्वाचन कुनै पनि दृष्टिकोणबाट यथास्थितिमा हुन नसक्ने भन्दै राष्ट्रिय कर्मचारी महासङ्घ नेपालले उक्त निर्वाचनप्रक्रिया स्थगित गर्नसमेत माग गरेको छ ।

## सतर्कता अपनाउँदै ...

त्यसबाट सरकारी विद्यालयका विद्यार्थी भर्नाबाट वञ्चित हुने देखिएकाले सरकारी विद्यालयका ८० प्रतिशत र निजी विद्यालयका २० प्रतिशत विद्यार्थी भर्ना लिने व्यवस्था गर्न माग गरिएको छ ।

यातायातका साधनमा दिइने विद्यार्थी सहुलियतलाई कडाइपूर्वक कार्यान्वन गर्न पनि विद्यार्थी सङ्गठनहरूले माग गरेका छन् । विद्यार्थी सङ्गठनहरूका तर्फबाट अनेरास्वुवियुका संयोजक ऐन महर, नेविसङ्घका अध्यक्ष राजीव ढुङ्गाना, अखिल (क्रान्तिकारी) का अध्यक्ष चिरञ्जीवी ढकाल, अखिल छैटौंका अध्यक्ष विमल पोखेल, अखिल (क्रान्तिकारी) का अध्यक्ष हरि कृष्ण गजुरेल, अखिल (क्रान्तिकारी) का अध्यक्ष आलोक रायमाझी, अखिल (पाँचौं) का अध्यक्ष घनश्याम मिश्र, राष्ट्रवादी विद्यार्थी सङ्घका उपाध्यक्ष हिमाल थापा, राष्ट्रिय विद्यार्थी सङ्घका महासविच रञ्जित निष्पक्ष, अनेवियुका सचिवालय सदस्य मनीष भट्टराई, राप्रविसङ्घ (संयुक्त) का अध्यक्ष धनसुर शाही, राप्रविसङ्घका अध्यक्ष महेशबहादुर सिंह र समाजवादी विद्यार्थी युनियनका अध्यक्ष रूपनारायण श्रेष्ठले विज्ञप्तिमा हस्ताक्षर गरेका छन् ।

## एमसीसी पारित ...

अधिवेशनबाट अनुमोदन गराउन गम्भीर षड्यन्त्र गरिरहेको किरणको विज्ञप्तिमा उल्लेख छ ।

केपी वली सरकारको षड्यन्त्रकारी रबैयाको घोर विरोध तथा तीव्र भर्त्सना गर्दै किरणले उक्त राष्ट्रघाती सम्झौतालाई संसद्बाट अनुमोदन होइन, खारेज गराउन जोडदार माग गर्दै देशको राष्ट्रिय स्वाधीनतामाथि गम्भीर आँच पुर्याउने र नेपाललाई शक्तिराष्ट्रहरूको युद्धभूमि बनाउने यस सम्झौताको खारेजीका लागि चारैतिरबाट फेरि पनि आवाज बुलन्द गर्न सम्पूर्ण देशभक्त नेपाली जनतालाई हार्दिक आह्वान गरेका छन् ।

## अखिल (क्रान्तिकारी) द्वारा पहिरोपीडितलाई राहत वितरण

**सल्यान** : अखिल (क्रान्तिकारी) सल्यानले छत्रेश्वरी गापा १ चामेका पहिरोपीडितहरूलाई राहत वितरण गरेको छ । क्रान्तिकारीले कार्यक्रम आयोजना गरी पहिरोपीडित १४ घरपरिवारलाई ३५ हजार रुपैयाँबराबरको खाद्य सामग्री चामल, दाल, तेल, नुन र बालबालिकालाई शैक्षिक सामग्री वितरण गरेको समाचारमा जनाइएको छ ।

कार्यक्रममा अखिल (क्रान्तिकारी) सल्यानका पूर्वअध्यक्ष टङ्कप्रकाश केसी, जिल्ला अध्यक्ष गणेश क्षेत्री 'प्रभाकर', कोषाध्यक्ष प्रभात क्षेत्री, नेपाल कम्युनिस्ट पार्टी सल्यानका जिल्ला सदस्य टोप, एरिया सदस्यहरू सुवास, निर्मल, रमेश, सुनिलगायतको उपस्थिति थियो ।

# सामाजिक अभियन्ता कार्कीद्वारा जाजरकोटमा खाद्यान्न वितरण

**काठमाडौँ** : नेपाल कम्युनिस्ट पार्टी निकट गणतान्त्रिक सम्पर्क मञ्चका सचिव तथा सामाजिक अभियन्ता नरबहादुर कार्कीले जाजरकोटमा ज्गलनभच)च्भकउयलकभ)ऋबकउबष्नल सञ्चालन गरेर खाद्यान्न वितरण गरेका छन् ।

कोरोना भाइरस महामारीले गर्दा समस्यामा परेका अति विपन्न जाजरकोटबासीका लागि कार्कीले अहिलेसम्म ३८० घरपरिवारलाई प्रतिपरिवार १ बोरा चामल र दाल वितरण गरेका हुन् ।

ज्गलनभच)च्भकउयलकभ)ऋबकउबष्नल अभियानअन्तर्गत अति विपन्न परिवारलाई लक्षित गरेर गरिएको खाद्यान्न वितरण कार्यक्रममा विभिन्न सामाजिक सङ्घसंस्थाले सहयोग गरेको जनाइएको छ ।

जाजरकोटकै बासिन्दा रहेका अभियन्ता कार्कीले ज्गलनभच)च्भकउयलकभ)ऋबकउबष्नल गरिब र विपन्नहरूकै अभियान भएको भन्दै यो अभियान अझै जारी रहने बताएका छन् । नाम कमाउन र चर्चामा आउनका लागि अभियान सञ्चालन गरिएको नभई अभाव, दुःख, कष्ट र खाद्य अभाव झेलिरहेकाहरूलाई सहयोग गर्ने आफ्नो अभियान रहेको भन्दै कार्कीले मानवताका निम्ति हातेमालो गर्ने सुन्दर हृदयहरूलाई धन्यवाद दिएका छन् ।

# जनगणतान्त्रिक सम्पर्क मञ्चको धादिङ–काठमाडौँ भेला सम्पन्न

नेपाल कम्युनिट पार्टी निकट जनगणतान्त्रिक सम्पर्क मञ्च केन्द्रीय समन्वय समितिअन्तर्गत धादिङ-काठमाडौँ जनगणतान्त्रिक सम्पर्क मञ्चको जिल्ला सम्मेलन सम्पन्न भएको छ ।

सम्मेलनले प्रतीकको अध्यक्षतामा १५ सदस्यीय पदाधिकारी चयन गरेको छ । मञ्चको उपाध्यक्षमा हरमेस गुरुङ, सचिव असीम गुरुङ, सहसचिव बादल गुरुङ, कोषाध्यक्ष क्षितिज गुरुङ, सदस्यहरूमा आकाश गुरुङ, रक्षा गुरुङ, दर्शन लोप्साङ, विनोद बानियाँ, सुनिता श्रेष्ठ, रोशन गुरुङ, सत्य गुरुङ, मिसन श्रेष्ठ, रचना थापा र अग्नि अधिकारी रहेका छन् ।

जनगणतान्त्रिक सम्पर्क मञ्च केन्द्रीय समन्वय समितिका केन्द्रीय अध्यक्ष कमानसिंहको प्रमुख आतिथ्यमा सम्पन्न भेलामा सम्पर्क मञ्चका केन्द्रीय सदस्य खेम प्रधान अतिथिका रुपा सहभागी थिए । प्रतीकको अध्यक्षतामा भएको कार्यक्रममा मञ्चका केन्द्रीय अध्यक्ष कमानसिंहले जिल्ला पदाधिकारीलाई सफल कार्यकालको शुभकामना दिएका थिए ।

यसअघि जनगणतान्त्रिक सम्पर्क मञ्च केन्द्रीय समन्वय समितिअन्तर्गत सिराहा-काठमाडौँ जिल्लाको भेला सम्पन्न भएको थियो । उक्त भेलाले अविरल थापाको संयोजकत्वमा ११ सदस्यीय समिति गठन गरेको थियो । सदस्यहरूमा मीना थापामगर, सन्तोष राई, भेषकुमार तामाङ र असिन शाह रहेका थिए ।

त्यस्तै मञ्चको दार्चुला-काठमाडौँको भेला पनि सम्पन्न भएको थियो । भेलाले प्रेम नेपालीको संयोजकत्वमा १५ सदस्यीय सम्पर्क समिति गठन गरेको छ । समितिका सदस्यहरू मीरा धामी, कुमार विक, विकास ठगुन्ना, विपीन नेपाली, रामकुमार धामी, सुदीप विक र हरि ठगुन्ना चयन भएका थिए ।

# दलित मोर्चाले केन्द्रीय सदस्य लकान्द्रीलाई कारबाही गर्‍यो

दलित मुक्ति मोर्चा नेपालले आफ्नो मोर्चाका केन्द्रीय सचिवालय सदस्य एवम् मेची क्षेत्रीय समिति संयोजक मोहन लकान्द्रीलाई मोर्चाको साधारण सदस्यसमेत नरहने गरी निष्कासन गरेको छ ।

मोर्चाका अध्यक्ष डम्बरबहादुर विश्वकर्माले शनिबार प्रेस विज्ञप्ति जारी गर्दै वैचारिक रूपमा विचलन भई पलायन भएका लकान्द्री विगत करिब एक वर्षदेखि पार्टीको छानबिनमा रहेको र उनमा थप वैचारिक विचलन पैदा भई पलायन भएकाले उनलाई मोर्चाको साधारण सदस्यसमेत नरहने गरी सम्पूर्ण जिम्मेवारीबाट हटाएर कारबाही गरी निष्कासन गरिएको जानकारी गराएका छन् ।

'मोर्चाले गरिरहेको शान्तिपूर्ण जनआन्दोलनमाथिको हस्तक्षेपलाई हामीले वैचारिक दृढता र क्रान्तिकारी साहसका साथ मुकाबिला गरिरहेको बेला मोर्चाका दर्जनौँ नेता तथा कार्यकर्ताहरू अहिले पनि राज्यको हिरासत र जेलमा आस्थाकै आधारमा बन्दी जीवन बिताइरहेका छन्', विकको विज्ञप्तिमा भनिएको छ । विज्ञप्तिमा आन्दोलनका क्रममा यसप्रकारका उतार-चढाव, विचलन र पलायन भइरहने हुनाले यस घटनालाई पनि त्यही रूपमा ग्रहण गर्न र आन्दोलनमा निरन्तर लागिरहन अध्यक्ष विकले मोर्चाका सम्पूर्ण नेता-कार्यकर्ताहरूलाई आग्रह गरेका छन् ।




नगरबासीमा अनुरोध

१) व्यक्तिगत घटना (जन्म, विवाह, बसाई-सराई, सम्बन्ध बिच्छेद, मृत्यु) को ३५ दिनभित्र सम्बन्धित वडा कार्यालयमा निःशुल्क दर्ता गराइ प्रमाणपत्र लिऔँ ।
२) नगरपालिका कार्यालयमा बुझाउनुपर्ने विभिन्न प्रकारका कर/सेवा शुल्क समयमै बुझाऔं ।
३) आफ्नो टोल, चोक, घर, आँगन, हामी आफैले सफा सुग्घर राखी स्वच्छ र हराभरा नगरपालिका निर्माणमा योगदान गरौँ । घर अगाडीको सडक तथा फुटपाथमा निर्माण समाग्री तथा अन्य कुनै पनि सामाग्री नराखौं ।
४) नगरपालिका क्षेत्रमा प्लटिङ्ग व्यवसाय गर्नेहरूले सम्बन्धित निकायसँग अनुमती लिएर मात्र प्लटिङ्ग गरौँ ।

तारकेश्वर नगरपालिकाको कार्यालय, काठमाडौं

**नेपाल आयल निगम लिमिटेडको खाना पकाउने ग्यास (एलपी ग्यास) प्रयोगकर्ताहरुलाई सुरक्षा सम्बन्धी अति आवश्यक जानकारी**

एल.पी. ग्यास अत्यन्तै प्रज्वलनशील पेट्रोलियम पदार्थ भएकोले यसको पर्याप्त सतर्कता र सावधानी अपनाउनु जरुरी हुन्छ । यसैले खाना पकाउने ग्यासको चुहावटले दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्ता वर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ ।

**दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरु**

१. सिलिण्डर ल्याउँदा लैजाँदा नगुडाऔं । भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं । सुताएर, घोप्ट्याएर प्रयोग नगरौं ।
२. रेगुलेटर, रबर पाइप, चुलोजस्ता उपकरणहरू गुणस्तर भएको मात्र प्रयोग गरौं । साथै हरेक दुई वर्षमा ग्यासको पाइप फेरौं । खाना पकाउँदा सँधै झ्यालढोका खुला राखौं र सुतीको कपडा लाएर मात्र खाना पकाउने गरौं ।
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं ।

**ग्यास चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरू**

१. खाना पकाउने स्थानमा एल.पी.ग्यासको तिखो गन्त्र आइरहेको छ भने ग्यास चुहिएको छ भन्ने बुझ्नुपर्दछ । ग्यास लिग भएमा पहिले रेगुलेटरको र पछि चुलोको नव बन्द गरौं ।
२. ग्यास हावाभन्दा गह्रौं हुने भएकोले तल भुईंमा बस्छ त्यस्तो अवस्थामा झ्यालढोका सबै खुला गरौं र आगोको झिल्का निस्कने वस्तुहरू जस्तै ग्यास चुलो, सलाई, लाइटर, धुप आदि नबालौं । साथै बिजुलीबत्तीलगायत कुनैपनि वस्तु नचलाऔं ।
३. ग्यास लिग भइरहेमा सिलिण्डरबाट रेगुलेटर छुटाई भल्वमा सेफ्टी क्याप लगाएर घरबाहिर खुला ठाउँमा राखौं । र छिटो भन्दा छिटो नजिकको ग्यास विक्रेता वा सम्बन्धित ग्यास उद्योगलाई खबर गरौं ।

**सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो ।**
**उपभोक्ताको हितमा**
**नेपाल आयल निगम लिमिटेड**

नेपाल आयल निगम लिमिटेड,
केन्द्रीय कार्यालय, बबरमहल
फोन : ४२६२९७०, ४२६३४८५

नेपाल सरकार

## सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

स्थानीय पूर्वाधार विभाग

## ग्रामीण सडक सञ्जाल सुधार आयोजना (RCIP)

**आयोजनाको नाम:** ग्रामीण सडक सञ्जाल सुधार आयोजना (Rural Connectivity Improvement Project (RCIP)

**आयोजनाको कुल लागत र स्रोत** :– १३ अर्ब ५७ करोड (नेपाल सरकार र एशियाली विकास वैंक)

**आयोजनाको उद्देश्य :**

१. सर्वयाम चल्ने गुणस्तरीय दिगो यातायात पहुँचमा वृद्धि गर्ने।

२. बजार तथा सामाजिक सेवाको अवसरमा दुई वा दुई भन्दा बढी ग्रामीण समुदायको पहुँच र सम्बन्ध स्थापित गर्ने।

३. ग्रामीण कृषि उपजलाई बजार केन्द्रसम्म पहुँच कायम गर्ने।

४. आर्थिक तथा रोजगारीको अवसर वृद्धि गर्ने आदि।

**आयोजनाको कार्यक्षेत्र** : आयोजनाले प्रदेश नं. १, ३, गण्डकी, ५ र कर्णाली गरी ५ प्रदेशका पाँचथर, ईलाम, झापा, मोरङ, सुनसरी, धनकुटा, सिन्धुली, दोलखा, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, भक्तपुर, काठमाडौं, चितवन, पर्वत, रुकुम पूर्व , रुकुम पश्चिम र रोल्पा लगायतका १७ जिल्लाका २७ वटा सडकको कुल ३८० कि.मि. ग्रामीण सडकको कालोपत्रेस्तरमा निर्माण तथा स्तरोन्नति गर्ने।

**आयोजनाको निर्माण अवधि** : आयोजनाको निर्माण अवधि (Construction Period) २ बर्ष, १ वर्षको Defects Liability Period (DLP) र २ वर्ष को Performance Based Maintenance (PBM) गरी जम्मा ५ वर्षको हुनेछ।

आयोजनाको मुख्य विशेषता :

१. यस आयोजना मार्फत ग्रामीण सडकमा प्रथम पटक Asphalt Concrete र Performance Based Maintenance System भित्र्याइएको छ।

२. आयोजना अन्तर्गतका उप-आयोजनाहरु राष्ट्रिय योजना आयोगको मिति २०७५।०३।०४ को निर्णयानुसार राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाहरु हुन्।

*Address : Shreemahal, Pulchowk, Lalitpur, Email : rcip@dolidar.gov.np*

भूकम्पलगायत बहुप्राकृतिक प्रकोपबाट हुनसक्ने जनधनको क्षतिको न्यूनिकरण गर्न दक्ष प्राविधिकको सहयोग लिई भवनको नक्शा/डिजाइन तयार गरौं। साथै भवन निर्माण गर्दा नेपाल राष्ट्रिय भवन संहिता २०६० को पालना गरी भूकम्प प्रतिरोधी भवन निर्माण गरौं। निर्माण कार्यमा दक्ष प्राविधिक, तालिका प्राप्त कालिगढ तथा गुणस्तरीय निर्माण सामाग्रीको प्रयोग गरौं। सुरक्षित रहने संस्कृतिको विकास गरौं।

नेपाल सरकार

सहरी विकास मन्त्रालय

## शहरी विकास तथा भवन निर्माण विभाग

बबरमहल, काठमाडौं

फोन नं. ०१-४२६२३६५, ०१-४२४२४६६, ०१-४२६२३५७, ०१-४२६२९४५, ०१-४२६२९८४

इमेल : dudbc@ntc.net.np, वेवसाइट : http\\www.dudbc.gov.np

CELEBRATING 18 Years of ACADEMIC EXCELLENCE
SAIPAL ACADEMY
Where Learning is for Life
"Education is not just a certificate but a deep inbuilt skill"
#skillmatters!
SAIPAL ANNOUNCES
ADMISSIONS OPEN
NEB +2 { Science, Management & Humanities
Cambridge Assessment International Education
Cambridge Associate School } A Levels
Why Saipal ?
- Amalgamation of World toppers | Nepal Toppers
- 100% Pass in Science
- 98.85% Pass in Management
- Kaleidoscope College of the Year for 4 times competing on: Football | Basketball | Fashion Show | Futsal Band | Solo Song | Painting & More
Dhumbarahi, Pipal Bot, Kathmandu, Nepal
+977 1 4009054 | 4009055
mail@saipal.edu.np
www.saipal.edu.np
Find us on:

## भन्सार विभागको अनुरोध

**चोरी पैठारी वा निकासी गरेको वा त्यस्ता मालवस्तुको ओसार पसार गरी राजश्व छली गरेको जानकारी सूचना वा उजुरी भएमा उक्त सूचना वा जानकारी तपसिलको ठेगानामा उपलब्ध गराई चोरी निकासी, पैठारी नियन्त्रणमा सहयोग पुर्‍याउनुहुन सम्बन्धित सबैमा अनुरोध छ। साथै यस्तो सूचना वा जानकारी दिने व्यक्तिको नाम र ठेगाना गोप्य रहनेछ र सूचना वा जानकारी दिने व्यक्तिलाई कानुन बमोजिम पुरस्कृति गरिने व्यहोरा समेत जानकारीको लागि अनुरोध छ।**

**नेपाल सरकार**

**अर्थ मन्त्रालय**

## भन्सार विभाग

**त्रिपुरेश्वर, काठमाडौं**

**टेलिफोन नं. ०१ ४११७७२१८, ४११७२२३, ४११७२२९**

**इमेल : prasasan.customs@gmail.com**

www.rbb.com.np
आफ्नो भनेको आफ्नै हुन्छ
RBB HOME LOAN
तपाईको आफ्नै घर अनि कर्जा
७.२५% ब्याजदर
एक वर्ष सम्म ब्याज अपरिवर्तनीय

तपाईलाई खुशी दिने आफ्नैले त हो नि !
» कर्जाको अधिकतम सीमा: बढि मा रू. १ करोड ५० लाख सम्म
◆ घर कर्जा SWAP गर्न / नयाँ घर निर्माण गर्न / नयाँ घर खरिद गर्नको लागि लिन सकिने ।
» न्यूनतम् प्रशोधन शुल्क ।
» ब्याज तथा किस्ता भुक्तानीमा लचकता ।
» भुक्तानी अवधि: अधिकतम २० वर्ष सम्म ।
» ७ कार्य दिनमा कर्जा प्रवाह* ।
*शर्तहरु लागु हुनेछन् ।
यस कर्जाको लागि आफूलाई पायक पर्ने राष्ट्रिय वाणिज्य बैंकको नजिकको शाखा कार्यालयमा सम्पर्क राख्नुहोला ।
तपाईको आफ्नै बैंक
राष्ट्रिय वाणिज्य बैंक लि.
RASTRIYA BANIJYA BANK LTD.
...तपाईको आफ्नै बैंक
ने.रा.बैंकबाट 'क' वर्गको इजाजतपत्रप्राप्त संस्था

## "अफ्रिकन स्वाइन फिभर" रोग बारे जानकारी

अफ्रिकन स्वाइन फिभर बंगुर, सुंगुर र बँदेलहरूमा भाइरसबाट लाग्ने महामारी रोग हो। यो रोग हालसम्म नेपालमा देखा परेको छैन। भारतको आसाम प्रदेश र चीनमा समेत यो रोग देखिइसकेको हुँदा नेपाल उच्च जोखिममा रहेको छ।

**मुख्य लक्षणहरू:**

- झोक्राउने र दानापानी खान छोड्ने
- एकै ठाउँमा थुप्रिएर बस्ने
- कानका टुप्पाहरूमा रगत जमेका धब्बाहरू देखिने
- शरीरमा नीलडामहरु देखिने
- नाकबाट फिंज निकाल्ने
- दिसामा रगत देखिने

त्यस्तै उच्च ज्वरो आउने (१०४ डिग्री फरेनहाइट भन्दा माथि), सास फेर्न गाह्रो हुने र एकैपटकमा धेरै संख्यामा (१०० प्रतिशतसम्म) बंगुर, सुंगुर र बँदेलहरू मर्न सक्छन्। तर माथिका जस्तै लक्षणहरू बङ्गुरको हैजा लगायतका अन्य रोगहरूमा पनि देखिने हुँदा प्रयोगशाला परीक्षण नगरी रोग यकिन गर्न सकिँदैन। त्यसकारण बंगुर, सुंगुर र बदेल मरेमा वा मरेको थाहा भएमा नजिकको पशु सेवा शाखा, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, पशु क्वारेन्टाईन चेक पोष्ट वा पशुपन्छी रोग अन्वेषण प्रयोगशालामा यथाशीघ्र खबर गर्नुहोस्।

**रोग सर्ने मुख्य तरिकाहरु**

- संक्रमित बंगुर, सुंगुर र बंदेल बीच प्रत्यक्ष सम्पर्कबाट
- रोगी पशुको र्‍याल, रगत, मलमुत्र, मासु वा यिनीहरुको लसपसमा आएका दानापानी लगायतका सामग्री मार्फत
- रोगी बंगुर, सुंगुर र बंदेलको ओसार पसार र किनबेच मार्फत
- संक्रमित खोरमा गएको मानिसहरुको कपडा, जुत्ता, चप्पल आदि मार्फत

**रोकथाम**

हालसम्म यो रोग विरुद्ध औषधि तथा खोप समेत बनेको छैन। त्यसकारण जैविक सुरक्षाका उपायहरू अपनाई रोकथाम गर्नु एक मात्र उत्तम विकल्प हो। यस रोगको रोकथामका लागि निम्न उपायहरु अपनाऔं।

- बंगुर, सुंगुर र बँदेलको खोरमा मानिसहरुको अनावश्यक आवत जावत नगरौं।
- होटल, रेष्टुरेन्टबाट फालिएका खानेकुरा बंगुर, सुंगुर र बँदेललाई राम्रोसँग पकाएर मात्र खुवाऔं।
- बंगुर, सुंगुर र बँदेल थुनेर मात्र पालौं।
- घरपालुवा बंगुर र सुंगुरलाई जंगली बदेलसँग सम्पर्क हुन नदिऔं।
- रोगी बंगुर, सुंगुर र बँदेलको मासु, सुकुटी तथा वातावरणमा भाइरस लामो समयसम्म बाँच्ने भएकोले मरेका बंगुर, सुंगुर र बँदेललाई गहिरो खाडल खनी गाडौं।
- अन्य बथानबाट ल्याइएका बंगुर, सुंगुर र बँदेललाई २१ दिन पछिमात्र आफ्नो बथानमा मिसाऔं।

***थप जानकारीको लागि पशु सेवा विभाग हरिहरभवनको सम्पर्क नम्बर महामारी रोग नियन्त्रण तथा व्यवस्थापन शाखाको सम्पर्क नम्बर टोल फ्रि नम्बरमा सम्पर्क गरौं।***

FAO FIAT PANIS | USAID FROM THE AMERICAN PEOPLE

## बन्दाबन्दीमा खानेपानी आपूर्ति संरचनाको निर्माणमा भएको प्रगति

| प्याकेज | विवरण |
|---|---|
| BDS-0 | ■ आरूबारी चोकमा च्याम्बर निर्माण, जगडोल, आरूबारी र महाँकालमा स्ल्याब राख्ने काम |
| BDS-01 | ■ बाँसबारीमा पाइपलाइनको लागि पाइलिङको कार्य तथा बक्स सपोर्टको निर्माण<br>■ नारायण गोपाल चोकमा चुहावट मर्मतका कार्य<br>■ न्युरो अस्पताल, बाँसबारीनिर थ्रस्ट ब्लक तथा पाइप इनकेसिङको कार्य<br>■ बल्खुदेखि सिता पेट्रोल पम्पसम्म ४५० मिटर पाइप बिछ्याइएको |
| BDS-02 | ■ खुमलटार पानीपाखरी वरिपरि पर्खाल निर्माण (इटा तथा प्लास्टर) तथा ड्रेनेज निर्माण<br>■ पानीपोखरी (पानीपोखरी) मा एप्रोन तथा गार्ड हाउसरपम्प हाउसमा रङ लगाउने कार्य<br>■ अनामनगरस्थित ट्यांकीमा च्याम्बर स्ल्याब निर्माण कार्य |
| BDS-03 | ■ बालाजु पानीपोखरीतर्फ जाने approach road मा कंक्रिट पेभमेन्ट बनाउने कार्य, बालाजु पानीपोखरीमा turfing को कार्य |
| BDS-04 | ■ सूर्यविनायक सडकमा ६०० मिलिमिटर व्यासका ३०० मिलिमिटर लम्बाइ भएका RCC ह्युम पाइप बिछ्याउने कार्य<br>■ घलाती सर्भिस लेन सडकमा sub-base सम्बन्धी कार्य (लम्बाइ करिब १५० मिलिमिटर)<br>■ कीर्तिपुर पानीपोखरीमा outlet र inlet भल्भ तथा fittings जडान गरिएको |
| DNI 1 | ■ टुकुचामा bridge crossing को कार्य, पुतलीसडकमा crossing को कार्य<br>■ पुतलीसडकमा बल्क मिटर च्याम्बर निर्माण सम्पन्न (१ वटा)<br>■ काठमाण्डौ प्लाजा, कृष्ण पाउरोटी सडक, घण्टाघरमा interconnection को कार्य<br>■ कमलपोखरी, महालक्ष्मीस्थान, सातदोबाटो, एन्फा (सातदोबाटो, भोटेबहाल, नागपोखरी (८०० मिटर) पाइपलाइन बिछ्याउने तथा चाप परीक्षण कार्य<br>■ चापागाउँ दोबाटोमा फुटपाथ पुनर्स्थापन (४०० मिटर) तथा विद्यमान २०० मिलिमिटर व्यासको DI पाइपसँग जोडने कार्य |
| DNI 2 | ■ धोबीखोला करिडोरमा DI pipe पुनः बिछ्याउने कार्य (४०० मिटर) तथा पुरानो<br>■ वानेश्वरमा chamber raising को कार्य (५ वटा)<br>■ DMA 5+B47.2 को लागि GI connection को कार्य, वानेश्वरमा वितरण संजाल सुधार ३ अन्तर्गत ३०० मिटर पाइप पुनः बिछ्याउने कार्य |
| DNI 3 | ■ डिएमए ८.१ मा ३०० मिलिमिटर व्यासको ४० मिटर लामो पाइप बिछ्याउने कार्य |
| DNI 7a | ■ बल्खु-कालीमाटी सडक, रविभवन, भद्रकाली-मैतीदेवी-थापाथली सडकमा २.५ कि.मि पाइप बिछ्याउने कार्य, District Metering Area ५.२ मा GI connection को कार्य |
| DNI 9a | ■ साप्रेढुङ्गा, चुनिखेल, सिमलटार, आकाशेधारामा DI र HDPE पाइप बिछ्याउने कार्य |
| Integration | ■ खुमलटार पानीपोखरीदेखि एकान्तकुना चोकसम्म बिछ्याइएको नयाँ पाइपसँग विद्यमान पाइपलाइन जोडने कार्य, टोखामा पाइप बिछ्याउने कार्य |
| | **खानेपानी आपूर्ति प्रणालीको संचालनक्षमताको परीक्षण** |
| | ■ अनामनगर पानीट्यांकीदेखि वितरण संजाल सुधार ४.१.२ सम्म पाइपलाइन disinfection को कार्य<br>■ वितरण संजाल सुधार १ को ७.२ कि.मि पाइपको अल्पकालीन परीक्षणको कार्य |

काठमाण्डौ पानी

## काठमाण्डौ उपत्यका खानेपानी लिमिटेड

आयोजना कार्यान्वयन निर्देशनालय, अनामनगर, काठमाडौं

www.kuklpid.org.np

निर्देशक : **अनिल शर्मा**, प्रबन्धनिर्देशक : **भीमप्रसाद चापागाई**, सम्पादक : **अशोकप्रसाद सुवेदी**, प्रकाशक : **रातोखबर प्रकाशन गृह प्रा.लि.**, कार्यालय : बागबजार, काठमाडौं, email: ratokhabar@gmail.com, website : www.eratokhabar.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं